पान नं.: ६०३८१६६५५

दर्ता नं. ९७६/०७२/७३

"सहकारीमार्फत् आत्मनिर्भरता"

आबद्धता :

# जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

# Jayalaxmi Saving & Credit Co-Operative Society Limited


प्रधान कार्यालय : पोखरा-११ रानीपौवा, फोन नं.: ०६१-५७५३८२, ५९०३८९

सेवाकेन्द्र : पोखरा-१९, लामाचौर फोन नं.: ०६१-४४५२६६, ५९०३८०

माछापुच्छ्रे-२, सार्दिखोला फोन नं.: ०६१-४२२०८०


## १०औं वार्षिक साधारण सभा

आ.व. २०८१/०८२

# वार्षिक प्रतिवेदन-२०८१/०८२

# Annual Report-2081/082

वार्षिक प्रतिवेदन २०८१/८२

Scan Me

२०८२ भाद्र २० र २१ गते

निर्णय प्रमाणिकरण सभा : २०८२ भाद्र ३० गते


website: jayalaxmicoop.com

E-mail: jayalaxmisahakari@gmail.com

info@jayalaxmicoop.com

# सञ्चालक समिति



शिवलाल उपाध्याय
अध्यक्ष



सुरेश के.सी.
उपाध्यक्ष



विष्णुप्रसाद पौडेल
सचिव



सुरेन्द्रबहादुर भण्डारी
कोषाध्यक्ष



बोधमाया बानियाँ (मञ्जु)
सञ्चालक सदस्य



उर्मिला बानियाँ
सञ्चालक सदस्य



धनबहादुर गुरुङ
सञ्चालक सदस्य/संयोजक
(सार्दिखोला कार्यालय)



माधव आचार्य
सञ्चालक सदस्य



शोभा बास्तोला
सञ्चालक सदस्य



गेहेन्द्रमान श्रेष्ठ (मोहन)
संयोजक
(लामाचौर एवम् रानीपौवा कार्यालय)

## लेखा सुपरिवेक्षण समिति



यादवप्रसाद अधिकारी
संयोजक



मिनाकुमारी चालिसे
सदस्य



हरिप्रसाद अधिकारी
सदस्य

## सल्लाहकार



मिलराज आलेमं
निवर्तमान अध्यक्ष



प्रा.डा. दिल बहादुर क्षेत्री
शैक्षिक बौद्धिक एवम्
सामाजिक व्यक्तित्व



केशी बहादुर बस्नेत
कृषि विभ-नेपाल सरकार
पूर्व सह-सचिव

## राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची–महाकाली ।

प्रकृतिका कोटी कोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय ! जय !! नेपाल ।

## सहकारीका सात सिद्धान्तहरू

| | |
|---|---|
| १. स्वेच्छिक तथा खुल्ला सदस्यता | (Voluntary & Open Membership) |
| २. सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण | (Democratic Member Control) |
| ३. सदस्यहरुद्वारा आर्थिक सहभागिता | (Members Economic Participation) |
| ४. स्वायत्तता र स्वतन्त्रता | (Autonomy & Independence) |
| ५. शिक्षा, तालिम र सूचना | (Education, Training & Information) |
| ६. सहकारीहरुबीच पारस्परिक सहयोग | (Co-Operation among Co-operatives) |
| ७. समुदायप्रति चासो | (Concern for Community) |

**आवद्धता :**

# विषय सूची


संस्थाको संक्षिप्त परिचय ........................................................ ५

संस्थाको प्रगति विवरण ........................................................ ६

सञ्चालक समितिको प्रतिवेदन ........................................................ ७

वार्षिक नीति तथा कार्यक्रम र बजेट ........................................................ २७

लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन........................................................ ४३

आ.व. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन ........................................................ ५७

पर्ल्स विश्लेषण........................................................ ७३

हार्दिक श्रद्धाञ्जली........................................................८०

नोट........................................................८२

सहभागिता फारम र सुझाव ........................................................८३


## सदस्यको काम कर्तव्य :

- जुन व्यवसाय वा परियोजनाको लागि ऋण लिएको हो, सोहि व्यवसायमा लगाउनु सदस्यको कर्तव्य हुने छ ।
- नियमित रुपमा संस्थामा आई सूचना लिनु सदस्यको कर्तव्य हुने छ ।
- समितिले मनोनयन गरेका सल्लाहकार, उपसमिति तथा विभिन्न कार्यदलमा रही कार्य गर्नु सदस्यको कर्तव्य हुने छ ।
- एक पालिका भित्रको एक विषयको एक मात्र सहकारीको सदस्य बन्ने सदस्यको कर्तव्य हुने छ ।
- सदस्य पहिचान फारम (KYM) तोकिएको समयमा अध्यावधिक गराउनु सदस्यको कर्तव्य हुने छ ।
- विशेष परिस्थिती बाहेक विना सुचना ३ वर्ष सम्म वार्षिक साधारण सभामा उपस्थित नहुँदा एवं ३ वर्षसम्म नियमित रुपमा मासिक बचत नगरेमा सदस्यबाट निस्कान हुने कुरा जानकारी लिनु सदस्यको कर्तव्य हुने छ ।
- सहकारी सिद्धान्त, मूल्यमान्यता, सहकारी ऐन नियमावली र संस्थाको विनियम, नीति तथा कार्यविधि पालना गर्नु सदस्यको कर्तव्य हुने छ ।
- वार्षिक साधारण सभामा सहकारी सम्बन्धी तालिम, अध्ययन अवलोकन भ्रमणको लागि नाम टिपाउनु सदस्यको दायित्व हुने छ ।
- समितिले दिएको जिम्मेवार तोकिएको समयमा पूरा गर्नु सदस्यको कर्तव्य हुने छ ।
- लामो समय संस्थाको कार्यक्षेत्र भन्दा अन्यत्रै जानुपरेको अवस्था र कुनै कारणले आफ्नो ठेगाना वा सम्पर्क नम्बर परिवर्तन भएको अवस्थामा संस्थामा सूचना गराउनु सदस्यको दायित्व हुने छ ।
- वार्षिक साधारण सभा एवं निमन्त्रणा गरिएको बैठकहरुमा उपस्थित हुन नसकेको अवस्थामा संस्थामा जानकारी गराउनु सदस्यको दायित्व एवं कर्तव्य हुने छ ।

## सदस्यको अधिकार :

- आफ्नो शेयर खाता, बचत खाता तथा ऋण खाताको हिसाब विवरण हेर्न पाउने सदस्यको अधिकार रहने छ ।
- संस्थाको वार्षिक साधारण सभा तथा विभिन्न बैठकहरुको सूचना तथा निर्णयहरु थाहा पाउनु सदस्यको अधिकार रहने छ ।
- संस्थाले निर्णय गरी सार्वजनिक गरेको बचत तथा ऋणको ब्याजदर तथा वार्षिक साधारण सभाले निर्णय गरेको लाभाशं र संरक्षित पूँजीफिर्ता कोष प्राप्त गर्नु सदस्यको अधिकार हुने छ ।
- एक व्यक्ति एक मतका आधारमा विभिन्न सभा तथा बैठकहरुमा मताधिकार गर्ने सदस्यको अधिकार हुने छ ।
- सञ्चालक समितिले सदस्यलाई कुनै कारणले निष्काशन वा कार्वाही गरेको अवस्थामा सो उपर आवश्यक छानविनको लागि निवेदन गर्न पाउनु सदस्य स्वयम्को अधिकार हुने छ ।

"सहकारीमार्फत् आत्मनिर्भरता"

# जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.

Jayalaxmi Saving & Credit Co-operative Society Ltd.

प्रधान कार्यालय : पोखरा-११, रानीपौवा, फोन: ०६१-५५५३८२, ५४०३८१

JLS/OFF/NOT-AGM-3-1-०८२/८३ मिति: २०८२/०४/२०

श्री ................................ ज्यू. सदस्य नं. : ............

## दशौं वार्षिक साधारण सभा बारेको सूचना-२०८२ भदौ २० र २१ गते

उपरोक्त सम्बन्धमा यस **जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड** पोखरा,कास्कीको सञ्चालक समितिको **१५६** औं बैठकको निर्णयानुसार संस्थाको **दशौं बार्षिक साधारण सभा** सहकारी ऐन नियमावली तथा नेपाल सरकार सहकारी विभागले जारी गरेको सहकारी निर्देशिका एवं मापदण्ड बमोजिम तपशिलमा उल्लेखित कार्यसूचि अनुसार छलफल र निर्णय गर्न बस्ने भएको हुँदा तपशिलको एकाई, मिति, समय र आफुलाई पायक पर्ने स्थानमा उपस्थित हुन सम्पूर्ण शेयर सदस्यहरुलाई विभिन्न माध्यमबाट सूचना सम्प्रेषण भईरहेको छ । कुनै कारणवश पत्र वा सूचना प्राप्त नभएमा यसै सूचनालाई आधार मानी साधारण सभामा उपस्थितीको लागि हार्दिक अनुरोध गरिन्छ ।

➢ **कार्यसूचि तथा छलफल हुने विषय तथा प्रस्तावहरु**

१. गत साधारण सभाको निर्णय पुस्तिका/माइन्युट अनुमोदन गर्ने ।
२. सञ्चालक समिति, लेखा समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
३. संस्थाको वार्षिक कार्यक्रम तथा आगामी कार्यक्रम तथा बजेट प्रस्तुत तथा पारित गर्ने ।
४. आ.व. ०८१/८२ को लेखापरिक्षण सहितको आर्थिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
५. शेयर लाभांश कोष र संरक्षित पूँजि फिर्ताकोष रकम वितरण गर्ने ।
६. आ.व.०८२/८३ को लागि लेखापरिक्षक नियुक्ती एवं पारिश्रमिक तोक्ने ।
७. बिनियम संशोधन/पुनर्लेखन तथा नीति कार्यविधि संशोधन/तयार गर्ने (सहकारी ऐन नियमावली अनुसार)
८. संस्था एकिकरण, सेवाकेन्द्र विस्तार/एकिकरण, कार्यक्षेत्र थप गर्ने ।
९. घर/जग्गा एवं स्थिर सम्पत्ति खरिद तथा बिक्री सम्बन्धमा ।
१०. सञ्चालक समितिका विभिन्न निर्णयहरु अनुमोदन सम्बन्धमा ।
११. एकाई प्रतिनिधि छनौट सम्बन्धमा ।
१२. साधारण सभाको निर्णय पुस्तिका/माइन्युट प्रमाणिकरण सम्बन्धमा ।
१३. विशेष प्रस्तावहरु सम्बन्धमा (सदस्यहरुबाट थप भएमा)

➢ **साधारण सभा सञ्चालन हुने तालिका :-**

| मिति | एकाई | समय | स्थान |
|---|---|---|---|
| २०८२/०५/२० | (क)प्रधान कार्यालय एवं सार्दिखोला सेवाकेन्द्र | ११:०० देखि ३:०० बजे सम्म | जित ईभेन्टस् एवं पार्टी प्यालेस प्रा.लि., पोखरा-१६, बाटुलेचौर |
| २०८२/०५/२१ | (ख)लामाचौर सेवाकेन्द्र | ११:०० देखि ३:०० बजे सम्म | जित ईभेन्टस् एवं पार्टी प्यालेस प्रा.लि., पोखरा-१६, बाटुलेचौर |

➢ **एकाई प्रतिनिधीहरुको निर्णय प्रमाणिकरण सभा**

| | | |
|---|---|---|
| २०८२/०५/३० | समय दिउँसो : २.०० बजे | लामाचौर कार्यालय, पोखरा-१९, लामाचौर |

➢ **साधारण सभा सम्बन्धि थप जानकारी**

- साधारणसभामा विशेष प्रस्ताव वा केही सुझाव भएमा मिति २०८२/०४/३० गते बेलुका ४:०० बजेसम्म कार्यालयमा आई लिखित सुझाव पेश गर्नुपर्नेछ । वार्षिक प्रतिवेदन सभाको १५ दिन अगावै संस्थाको वेवसाइटमा प्रकाशन गरि संस्थाको आधिकारिक सामाजिक संजाल मार्फत जानकारी गराइनेछ । सदस्यले www.jayalaxmicoop.com को रिपोर्ट Section मा गई Download गर्न सक्नुहुनेछ ।
- सम्पूर्ण सदस्यहरुले माथि उल्लेखित तालिका अनुसार सम्बन्धित एकाईमा उपस्थित भई उपस्थिती पुस्तिकामा उपस्थित जनाई संस्थाले प्रस्तुत गरेको वार्षिक प्रतिवेदनमा कुनै जिज्ञासा, सल्लाह सुझाव भएमा सोही सभामा पेश गर्नुपर्नेछ ।
- उल्लेखित एकाईबाट चयन भएका प्रतिनिधिहरुले एकाई प्रतिनिधिहरुको निर्णय प्रमाणित सभामा उपस्थित भै साधारण सभाको निर्णय पुस्तिका/माइन्युट प्रमाणित गर्नेछन् ।
- साधारण सभामा उपस्थित हुँदा संस्थाले प्रदान गरेको सदस्यता परिचय पत्र एवं आफ्नो सदस्यता नम्बर अनिवार्य पेश गर्नुपर्नेछ ।
- तालिम, भ्रमण वा अन्य कार्यक्रम/परियोजनाको लागि सदस्यले सदस्यता नम्बर सहित सभा अवधिमा नाम टिपाई दिनुहुन जानकारी गराइन्छ ।
- सदस्य पहिचान विवरण (**KYM**) अद्यावधिक गर्न बाँकी सदस्यहरुले सभा अगावै संस्थामा सम्पर्क गरि सो अद्यावधिक गर्नुहुन, मासिक बचत नगरेका सदस्यहरुले २०७६ पौषबाट मासिक नियमति बचत हुने गरि बचत गर्नुहुन, शेयर थप गर्न चाहने सदस्यले **"सदस्य शेयर बचत"** खातामा रकम जम्मा गर्न हुन साथै सदस्यगत दीगो सहकारी निमार्ण गर्न अन्य क्रमिक/नियमित बचत गर्न गराउनु हुन सबैमा अनुरोध गरिन्छ ।
- सभामा पुरा समय सकृय सहभागि रहनुहुने सदस्यलाई खाजा एवं यातायात खर्च प्रदान गरिनेछ ।
- थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ ।

विष्णुप्रसाद पौडेल
सचिव

## साधारण सभा तालिका

| एकाई | मिति, समय र स्थान | कार्यक्रम |
|---|---|---|
| क | २०८२ भाद्र २० गते शुक्रबार<br>विहान १०:०० बजेदेखि ३:०० बजेसम्म<br>जित ईभेन्टस् एवं पार्टी प्यालेस प्रा.लि., पोखरा-१६, बाटुलेचौर | सदस्यहरूको नाम दर्ता, प्रतिवेदन वितरण, उत्प्रेरणात्मक कार्यक्रम, प्रतिवेदन उपर छलफल, सुझाव संकलन तथा पारित, एकाई प्रतिनिधि चयन |
| ख | २०८२ भाद्र २१ गते, शनिबार<br>विहान १०:०० बजेदेखि ३:०० बजेसम्म<br>जित ईभेन्टस् एवं पार्टी प्यालेस प्रा.लि., पोखरा-१६, बाटुलेचौर | |

# एकाई प्रतिनिधिहरूको निर्णय प्रमाणीकरण सभा

**(दुवै एकाईबाट छनौट भएका प्रतिनिधि मात्र)**

२०८२ भाद्र ३० गते सोमबार

समय अपरान्ह : २:०० बजे

स्थान : लामाचौर कार्यालय

# संस्थाको संक्षिप्त परिचय

## १. संस्थाको नाम, ठेगाना

**जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पोखरा - ११, रानीपौवा**
**सम्पर्क फोन नं.** : **०६१ ५७५३८२, ५९०३८१**
Web Site : www.jayalaxmicoop.com
Email : info@jayalaxmicoop.com
: ranipauwa@jayalaxmicoop.com
: jayalaxmisahakari@gmail.com

## २. सेवाकेन्द्र

| क्र.स. | सेवाकेन्द्र | ठेगाना | सम्पर्क नं | **ईमेल** |
|---|---|---|---|---|
| १ | लामाचौर | पोखरा-लामाचौर-खत्रीडहर | ०६१-४४५२६६ | lamachaur@jayalaxmicoop.com |
| २ | सार्दीखोला | माछापुच्छ्रे-२, सार्दीखोला-कोलचोक | ०६१-४२२०८० | sardikhola@jayalaxmicoop.com |

**३. मुख्य कारोबार** बचत तथा ऋण **४. कार्यक्षेत्र** : कास्की जिल्ला (रुपा गाउँपालिका बाहेक)

**५. अन्य गतिविधि** रेमिट, बीमा, वित्तिय एवं सहकारी शिक्षा एवं सामाजिक सहकार्य

**६. जयलक्ष्मी कृषि सहकारी संस्था लिमिटेडको रूपमा स्थापना** मिति : २०७२ पौष ०९ गते

**७. जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको स्थापना** मिति : २०७७ भदौ २२ गते

**८. अष्टलक्ष्मी दिदीबहिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको स्थापना** मिति : २०७० जेठ २६ गते

**९. मुक्ति बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको स्थापना** मिति : २०७६ कात्तिक २७ गते

**१०. जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको रूपमा एकीकरण** मिति : २०७७ माघ ०२ गते

**११. संस्था दर्ता एवं आवद्ध**

**११.१ सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, कास्की**
दर्ता मिति : २०७२ पौष ०९ गते दर्ता नं. : ९७६/०७२/०७३

**११.२ पोखरा महानगरपालिका नगर कार्यापालिकाको कार्यालय, कास्की**
दर्ता मिति : २०७२ पौष ०९ गते दर्ता नं. : ९७६/०७२/०७३
(२०७७/०५/२२ को निर्णय अनुसार श्री जयलक्ष्मी कृषि सहकारी संस्था लिमिटेडबाट जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा उद्देश्य परिवर्तन भएको।)

**११.३ सहकारी रजिष्ट्रार कार्यालय, गण्डकी प्रदेश**
दर्ता मिति : २०७२ पौष ०९ गते दर्ता नं. : ९७६/०७२/०७३
**(२०७७/१०/०२ को निर्णय अनुसार श्री अष्टलक्ष्मी दिदीबहिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, मुक्ति बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड एवमं जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड एकीकरण भएको ।)**

**११.४ जिल्ला सहकारी संघ लिमिटेड, कास्की**
आवद्धता मिति : २०७३ भदौ २६ गते सदस्य नं.: २७३

**११.५ राष्ट्रिय सहकारी बैंक, काठमाडौं**
आवद्धता मिति : २०७६ असार १६ गते सदस्य नं.: ००८९५७

**११.६ आन्तरिक राजश्व कार्यालय, कास्की**
आवद्धता मिति : २०७७ पौष २९ गते पान नं. : ६०३८१६६५५

**११.७ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफस्कून), काठमाडौं**
आवद्धता मिति : २०७७ मङ्सिर १० सदस्य नं.: ४२०९

**११.८ कास्की बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड, कास्की**
आवद्धता मिति : २०७७ असोज ३० सदस्य नं.: २८०

# संस्थाको विगत ५ वर्षको वित्तीय सूचकाङ्कमा भएको प्रगति विवरण


















# जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पोखरा, कास्कीको

## १० औं बार्षिक साधारण सभामा

## सञ्चालक समितिको तर्फबाट अध्यक्ष शिवलाल उपाध्यायद्वारा प्रस्तुत प्रतिवेदन

## २०८२ भदौ २० र २१ गते

१० औं वार्षिक साधारण सभाका आदरणिय सभासद एवं संस्थाका सम्पूर्ण शेयर सदस्यज्युहरु,

सात तालको सुन्दर बगैंचा, सुन्दर माछापुच्छे, धौलागिरी र अन्नपुर्ण हिमालको काखमा अवस्थित सुन्दर नगरी हाम्रो पोखरा प्राकृतिक अनुपम सौन्दर्यको खानी शिक्षा स्वास्थ्य र अर्थतन्त्रको पर्यटनको हिसाबले आर्कषणको केन्द्र बनिरहेको छ । भाषा, संस्कृति, भेषभुषा एवं विभिन्न जातजातिको अनुपम समिश्रण सहितका समुदायमा रहेका आम पोखरेलीको लगानीमा आधारित रहेर "सहकारी मार्फत आत्मनिर्भरता" अभिवृद्धि गर्दै समुदाय अनि समुदायमा रहेका सदस्यको आर्थिक, नैतिक एवं सामाजिक उन्नयनमा कटिवद्ध पोखरेलीलाई बचत तथा ऋणको सुविधा प्रदान गर्दै समुदायमा सहकारिता अभिवृद्धि गर्न उद्धत सहकारी संस्थाको रुपमा परिचित सहकारी हो "जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पोखरा कास्की" ।

भर्खरै सम्पन्न नेपाली नारीहरुको महान चाड हरितालिका तिज सङ्घारमा आउँदै गरेको बडा दशैं २०८२, आसन्न तिहार (दिपावली), छठ लगायत विभिन्न धार्मिक रीतिरिवाज अनुसारका चाडपर्वहरुको पावन अवसरमा सम्पूर्ण शेयर सदस्यहरु सबैमा सुख, शान्ति एवं समृद्धिको मंगलमय शुभकामना सहित हाम्रो जयलक्ष्मी साकोसको १० औं साधारण सभाका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, आमन्त्रित अतिथिज्यूहरु, संस्थाको अविभावकीय भूमिकामा रहनुहुने गरीमामय सल्लाहकारज्यूहरु, संस्थाको आर्थिक, लेखा एव कानुनी पाटोमा साथ सहकार्य गर्नुहुने अर्थ एवं लेखाविज्ञ तथा कानुनी सल्लाहकारज्यूहरु, बर्तमान एवं पूर्व अध्यक्षज्यूहरु, सञ्चालकज्यूहरू एवं पूर्व सञ्चालक पदाधिकारीहरु, लेखा सुपरीवेक्षण समिति, विभिन्न उपसमितिका बर्तमान एवं पूर्वसंयोजक एवं सदस्यज्यूहरु, पत्रकार मित्रहरु एवं सम्पूर्ण शेयर सदस्यज्यूहरु, संस्था स्थापनाकालीन सदस्य साथीहरु तथा सदस्यका परिवारजनहरु एवं आमन्त्रित विभिन्न सहकारी, बैंक, संघसंस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, संस्थापक सचिवको रुपमा समितिको प्रशासनिक कार्यमा सकृय रहेर समितिको सदस्य सचिवको रुपमा २ दशकको सहकारी अनुभवका साथ सहकार्य गर्नुहुने प्रमुख कार्यकारी अधिकृतज्यू, सबै कार्यालयमा अहोरात्र खट्नुहुने कार्यालय प्रमुख लगायत सम्पूर्ण कर्मचारीवर्गहरुमा हार्दिक शुभकामना एवं सहकारी अविभादन व्यक्त गर्दछौं ।

व्यक्तिगत एवं खराब आचरण भएका केही सहकारीकर्मीको बदमासीको कारण बजारमा सहकारीको अत्यन्त नकारात्मक टिकाटिप्पणी आइरहेको हालको विषम अवस्थामा सहकारी सन्चालन त्यति सहज थिएन नै, सदस्य, सन्चालक एवं आम जनमानसमा सहकारीप्रतिको विश्वास कम हुँदै गइरहेको छ भने, अस्थिर सरकार र सहकारीप्रतिको अनुदार सरकारी नीति, कर प्रशासनको भार, ऋण तिर्नु नै पर्दैन भन्ने नचाहिंदो हल्लाका विच संस्था सु-सञ्चालन गर्नु अत्यन्त कठिन कार्य हो भने जसले संस्थाको आम्दानीमा प्रत्यक्ष असर पारेको छ भने केही ऋण असुलीमा कानुनी परामर्श सहित कडाइ गर्नुपर्ने बाध्यता आएको छ । यद्यपी

समिति, लेखा समिति एवं उपसमितिहरुको सुझबुझपूर्ण सकृयता नियमक निकाय, सहकारी अभियानको समयानुकुल निर्देश, सल्लाह सुझावलाई आत्मसाथ गर्दै करिब २ दशकको सहकारी/लेखा अनुभवी प्रमुख कार्यकारी अधिकृतको संयोजन एवं करिब १ दशक अनुभवी उच्च व्यवस्थापन टिम सहित संस्थामा सिमित कर्मचारीहरुको अहोरात्रको खटन मार्फत विभिन्न विभागहरु खडा गरी Individual व्यक्ति/पदाधिकारी केन्द्रीत नभई System केन्द्रीत सहकारी व्यवस्थापन गरी सहज एवं सर्वशुलभ सहकारीमैत्री सेवा प्रदान गर्दै सहकारी अभियानमा सबल सहकारीको रुपमा खडा भएर आफ्ना गतिविधि अगाडि बढाइरहेको छ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

हाम्रो जयलक्ष्मी राम्रो एवं नमूना जयलक्ष्मी बनाउने लक्ष्यका साथ संरक्षकत्व प्रदान गर्दै संस्थाका स्वर्गीय संरक्षक लायन गोबिन्दबहादुर क्षत्रीले स्वर्गलोकबाट हामीलाई साथ हौसला प्रदान गरीरहनुभएको छ भने पेशागत विज्ञता हाँसिल गरी राष्ट्रसेवाबाट विश्राम लिएर सामाजिक गतिविधिमा सकृय हाम्रा गरीमामय सल्लाहकारहरु आदरणीय शिक्षाविद प्रा.डा. दिलबहादुर क्षत्री, कृषि विज्ञ श्री बेनीबहादुर बस्नेतज्युले आफ्नो अनुभव, बौद्धिकता एवं सुझबुझपूर्ण साथ सहकार्य हौसला प्रदान गरीरहनु भएको छ भने पारवारिक एवं व्यवसायिक कामकाजले विदेशमा रहनु भएका निवर्तमान अध्यक्ष निलराज आत्रेयले स्थापनाकालीन एवं सबै शेयर सदस्यहरु, पूर्व सहकर्मीहरु तथा १० औं साधारण सभासम्म साथ सहकार्य गर्ने सबैमा साधुबाद एवं सभाको सभ्य र भव्य सफलताको शुभकामना व्यक्त गर्नु भएको व्यहोरा यसै प्रतिवेदन मार्फत सभामा अनुरोध गर्दछौं।

विभिन्न पेशा व्यवसायमा अब्बलता हाँसिल गरेका सुप्रतिष्ठित एवं अनुभवी सञ्चालक समिति, अनुभवी , लगनशिल एवं मेहनती कर्मचारीहरुको सकृयताबाट हाम्रो जयलक्ष्मी सहकारी विभिन्न विधी अपनाएर विगतका वर्षहरुमा अधिक नाफा दिएर सदस्यलाई दिग्भर्मित गरेका कतिपय सहकारी संस्थाहरु अस्तित्वमा नै नहुने गरी विलय भइरहेको हालको दिनमा सदस्य सेवा, ऐन नियम एवं व्यवस्थापनको हिसाबले हामी सबल एवं सक्षम बन्न एवं सदस्यको शेयर बचत एवं अन्य सहकारी सेवा प्रदानमा अब्बल बन्न कटिवद्ध छौं। जसको निरन्तरता अनुरुप हाम्रा प्रमुख कार्यकारी अधिकृत श्री सुशिल के.सी. कोअपरेटिभ म्यानेजर क्लब, कास्कीको कार्यसमिति सदस्यमा सर्वसम्मत चयन हुनुभई संस्थागत सुप्रचार सँगसँगै दक्ष एवं क्षमतावान कर्मचारी निमार्ण गर्न सकृय हुनुहुन्छ भने बजार हल्ला जस्तो नभई हाम्रो जयलक्ष्मी आम जनमानस एवं सदस्यमाझ सुपरिचित रहेको छ। यहाँहरु सम्पूर्ण सदस्यको सकृय कारोबार कर्मचारीहरुको ईमान्दारिता, लगन एवं मेहनत तथा पूर्व एवं बर्तमान सञ्चालक समितिको सुव्यवस्थापनको उपज स्वरुप आ.व. २०८१/०८२ मा **राष्ट्रिय सहकारी बैंक लि.बाट पोखरा शाखा अन्तर्गत हाम्रो जयलक्ष्मी "उत्कृष्ट सहकारी सम्मान** २०८१" सम्मानित हुन सफल भएका छौं भने हामीलाई विषयगत सहकारी संघ, जिल्ला एवं केन्द्रीय सहकारी संघहरुबाट विभिन्न तालिम एवं गोष्ठीहरुमा सहभागिता सँगसँगै सम्मान भइरहेको व्यहोरा अनुरोध छ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

सहकारी विभागले जारी गरेको साधारण सभा सञ्चालन कार्यव्यवस्था निर्देशिका बमोजिम विभिन्न स्थानमा एकाइगत रुपमा साधारण सभाहरु सम्पन्न गरी अन्तिममा एकाइ प्रतिनिधिहरुको निर्णय प्रमाणिकरण सभाबाट निर्णय प्रमाणिकरण गर्ने गरी विगत दुई वर्षदेखि हामीले वार्षिक साधारण सभा व्यवस्थापन गरिरहेका

छौं । कागजी रुपमा धेरै सदस्य संख्या देखाएर सानो एरियामा न्यून सहभागितामा साधारण सभा गर्ने धेरै छिमेकी सहकारी एवं सहकारी अभियानको लागि पोखरामा यो एउटा फरक, नौलो तथा चुनौतिपूर्ण अभ्यास हो । संस्थामा कायम २२४३ सदस्यलाई सूचना गरी १५ दिन अगाबै सूचना गरी अनलाइन एवं संस्थाको आधिकारिक वेवसाइट www.jayalaxmicoop.com मा प्रकाशन गरी सबै सदस्यको हातहातमा सभाको प्रतिवेदन पुऱ्याई सबै सदस्यको सकृय एवं समान सहभागिता रहने गरी हामीले व्यवस्थापन गरिरहेको साधारण सभाको सदस्य एवं सहकारी अभियानबाट सूप्रचार एवं वाहवाही पाइरेका छौं भने धेरै सहकारी हाम्रा हरेक गतिविधिहरुलाई पछ्याईरहेका छन् ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

समग्र सहकारीको नकारात्मक हल्लाका वीच आशातित लक्ष्य हाँसिल गराउँदै संस्थागत लक्ष्य प्राप्तिमा कटिवद्ध रहेका छौं । चालु आ.व.को नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतज्यूको प्रतिवेदन मार्फत जानकारी हुने छ भने आ.व. ०८१/०८२ मा संस्थाको कोषध्यक्षको प्रतिवेदन एवं लेखापरीक्षण प्रतिवेदन मार्फत संस्थागत वित्तिय विवरण एवं आर्थिक विस्तृत जानकारी प्राप्त गर्न सक्नुहुनेछ । आीर्थक कारोबार सँगसँगै संस्थागत रुपमा आ.व. ०८१/०८२ मा सम्पन्न गरिएका केही अनुकरणीय कार्यहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरी यहाँहरुलाई जानकारी गराउने अनुमति चाहन्छौं ।

**१. संस्थागत त्रिवर्षिय वित्तिय झलक :**

**संस्थाको गत ३ वर्षाको वित्तीय झलक एवं तुलनात्मक वृद्धि विवरण :**

| क्र.स. | विवरण | आ.व. ०७९/०८० को रकम रु. | आ.व. ०८०/०८१ को रकम रु. | वृद्धि प्रतिशत | आ.व. ०८१/०८२ को रकम रु. | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | शेयर पूँजि | ९७,१०८,६००.०० | ८८,५६७,१००.०० | (८.८०) | ६३,०२३,२००.०० | (२८.८४) |
| २ | बचत/निक्षेप | १६५,४७२,८२०.१८ | १७९,२८३,८९८.८८ | ८.३५ | २४१,८३७,००१.५८ | ३४.८९ |
| ३ | ऋण लगानी | ३१८,६४४,५५३.७६ | २७७,७३४,१४२.९० | (१२.८४) | २८९,२६५,७९४.२४ | ४.१५ |
| ४ | कुल जगेडा कोष | ६,९६६,७७९.५७ | ८,०५१,१३१.४८ | १५.५६ | ८,२१७,३४१.३६ | २.०६ |
| ५ | ऋण नोक्सानी व्यवस्था | ४,९५७,८३८.८७ | ४,९०५,९७२.७६ | (१.०५) | ५,००४,८९५.६८ | २.०२ |
| ६ | बाह्य ऋण | ९४,८०४,२८२.२७ | ५४,७५६,४४४.६७ | (४२.२४) | ३४,२२६,३६९.८९ | (३७.४९) |
| ७ | सन्चालन मुनाफा | ७,४४५,३६६.६८ | १०६,००४.८१ | (९८.५८) | ३१४,२०२.९० | १९६.४० |
| ८ | कुल सम्पत्ती (वासलात) | ३७८,४५७,९६१.८० | ३३८,५८७,०३१.५३ | (१०.५४) | ३५५,१६७,२२३.८९ | ४.९० |

१. गत साधारण सभाको निर्णय बमोजिम हामीले यस वर्ष सदस्यहरुको शेयर पूँजीलाई क्रमश समायोजन गर्दै गएका छौं । न्युन सदस्य भएको सदस्यलाई प्रोत्साहन सँगसँगै सबै शेयर सदस्यहरुको समान ५० हजार शेयर कायम गर्ने गरी आवश्यक व्यवस्थापन गरिरहेका छौं ।

२. असहज परिस्थितिका वीच पनि संस्थागत वासलात ४.९० प्रतिशत, सदस्य बचत/निक्षेप ८.३५ एवं ऋण लगानी ४.१५ प्रतिशतले बढेको छ जसलाई समाजमा हाम्रो जयलक्ष्मी प्रति विश्वास बढ्दै गएको अनुभुत गरेका छौं । तरलता व्यवस्थापन सहित यहाँहरु सबैको सकृय साथ सहकार्यबाट

अब्बल सहकारीको रुपमा संस्थागत कारोबारलाई सुव्यवस्थापन गर्दै सानो एवं सुरक्षित ऋण लगानी सहित असुली व्यवस्थापन गर्दै बाह्य ऋण ३७।४९ प्रतिशत घटाउन सफल भएका छौं ।

३. यस आ.व. मा कुल सदस्य संख्याको आधारमा जम्मा ३९० जनाले अर्थात १७ प्रतिशतले संस्थाबाट ऋण उपभोग गरिरहेका छन् भने यस वर्ष ४.१५ प्रतिशतले ऋण लगानि बढेको छ। लगानि वृद्धि गर्दै सदस्यलाई आयमुलक परियोजना संचालन व्यवस्थापन गरि आत्मनिर्भर बनाउन सहज र सुलभ दरमा ऋण उपलब्ध गराउने प्रयास गरिरहेका छौं ।

४. पर्ल्स वित्तिय प्रतिवेदनको सार विश्लेषण गर्दा संस्थाले ऋण सुरक्षणका लागि सबै व्यवस्था गरेका छौं । कुल सम्पत्तिमा बचत निक्षेपको अनुपात ६८.०९ प्रतिशत रहेको छ र खुद ऋणको अनुपात ८१।४४ प्रतिशत रहेका छ भने संस्थागत शुद्ध संस्थागत पूँजीको अनुपात २.३१ प्रतिशत रहको छ। केही सूचकाङ्क अनुसार मिलाउनुपर्ने भए बमोजिम संस्थाले आवश्यक व्यवस्थापन गरिरहेको छ।

५. संस्थागत दिगोपनको लागि संस्थाको ९ औं साधारण सभाको निर्णय बमोजिम आ.व. २०८०/०८१ को मुनाफालाई जगेडा कोषमा रकमान्तर गरीयो । साथै यस आ.व.को कारोबारबाट आएको मुनाफालाई जगेडाकोषमा सार्ने अख्तियारीको लागि प्रस्ताव पेश गर्दछौं ।

## २. संस्थागत सदस्यता विस्तार विवरण :

आ.व ०८१/०८२ को शुरुमा २,११४ सदस्य रहेकोमा बर्ष अन्त्य सम्म १,२७१ महिला सदस्य एवं ९७० पुरुष सदस्य गरी २,२४१ सदस्य रहेका छन् जसमा वर्ष भरिमा १८० जना सदस्य थप भएकोमा ५३ जना सदस्यले संस्था छोडेका थिए। सहकारीको पहिलो सिद्धान्त स्वेच्छिक तथा खुल्ला सदस्यतालाई हामीले अक्षरस पालन गरेका छौं भने छिमेकी सहकारीहरुमा पनि सकारात्मक सन्देश प्रवाह गरिरहेका छौं। गत वर्षको लक्ष्य अनुरुप अगाडि बढीरहेको हाम्रो जयलक्ष्मीमा हाल श्रावण मसान्तसम्म कुल सदस्य २,२४३ रहेकोमा महिला सदस्य १,२७१ जना एवं पुरुष सदस्य ९७२ जना रहेका छन्। संस्थामा हाल कायम उपरोक्त सदस्यमध्ये १८ देखि २५ वर्ष उमेर समूहको सहभागिता ५.६१ प्रतिशत, २६ देखि ४० वर्ष उमेर समूहको सहभागिता ३९।५६, ४१ देखि ६४ वर्ष उमेर समूहको सहभागिता ४९.११ प्रतिशत एवं ६५ वर्ष उमेरभन्दा माथिको उमेर समूहको सहभागिता ५.७२ प्रतिशत रहेका छन् ।

चालु आ.व. ०८२/०८३ को श्रावणसम्म संस्थाको ३ वटा कार्यालय अन्तर्गत सदस्यहरुको सहभागिता देहाय बमोजिम रहेको छ।

| कार्यालय | पुरुष | महिला | संस्थागत | जम्मा | बाल बचतकर्ता |
|---|---|---|---|---|---|
| लामाचौर | ५७१ | ७०६ | ० | १२७७ | ३९ |
| रानिपौवा | २७४ | ४४१ | ० | ७१५ | ५३ |
| सार्दीखोला | १२७ | १२४ | ० | २५१ | १८ |

चालु आ.व.०८२/०८३ को अन्त्य सम्ममा सदस्य संख्या ३,००० भन्दा बढी पुऱ्याउने लक्ष्यमा यहाँरुको अवश्य नै सकृय साथ रहने अपेक्षा गरेका छौ ।

३. **संस्थागत लेखा व्यवस्थापन एवं आर्थिक पारदर्शीता :**

१. विश्वसनीय Cloudbase Online Infinity Software मार्फत संस्थागत आर्थिक हरहिसाबको पारदर्शी लेखा व्यवस्थापन गर्दै आएका छौं भने सदस्यको सहजताको लागि Mobile Banking सुविधा मार्फत घरबाटै अनलाइन मार्फत आ-आफ्नो कारोबारको जानकारी लिने व्यवस्था गरिएको छ।

२. सहज सदस्य सेवाको लागि रानिपौवा, लामाचौर एवं सार्दीखोला गरी ३ वटा कार्यालयबाट सिमित कर्मचारीहरु मार्फत सेवा प्रदान गरिरहेका छौं भने सार्दीखोला सेवाकेन्द्रमा संयोजक मार्फत कर्मचारीको बिदा सहित अन्य प्रशासनिक कामकाज अनुगमन व्यवस्थापन गरिरहेका छौं।

३. सदस्य सेवा विभाग, टेलर तथा ऋण विभागको व्यवस्थापन गरी कर्मचारीहरुलाई कार्यविभाजन गरी आवश्यकता अनुसार विभागीय हेरफेर गर्दै हरेक कामको दैनिक प्रतिवेदन तयार गर्दै चेकजाँच/रुजु गरी प्रमाणित गर्दै मासिक रुपमा व्यवस्थापन मार्फत समितिमा पेश गरी अनुमोदन गर्ने गरेका छौं।

४. संस्थागत सुशासन आर्थिक एवं पारदर्शितालाई मध्यनजर गर्दै संस्थाको लेखा सुपरिवेक्षण समिति मार्फत सुक्ष्म आन्तरिक लेखापरीक्षण गरी सुझाव लिने र प्राप्त सुझाव अनुसार दैनिक कार्यसम्पादन गर्ने गरिएको छ भने संस्थागत चुस्त दुरुस्त एवम् ऐन कानुन अनुसार आर्थिक पारदर्शिता व्यवस्थापनको लागि चालु आ.व. देखि व्यवसायिक एवं अनुभवी चार्टड एकाउन्टेन्ट/लेखापरिक्षक मार्फत त्रैमासिक आन्तरिक लेखापरीक्षण गराई सोही अनुसार दैनिक कार्यसम्पादन व्यवस्थापन तयारी गरेका छौं।

५. गत ९ औं साधारणसभाबाट सूचिकृत चार्टड एकाउन्टेन्ट सि. एम एण्ड एसोसियट्स्, एफ.सि.ए.मनोज क्षेत्री (C.M & Associates Chartered Accountants, F.C.A Manoj Chhetri) मार्फत यस आ.व. ०८१/०८२ को बाह्य लेखापरीक्षण गरी यहाँहरु समक्ष कोषाध्यक्ष मार्फत छलफल एवं अनुमोदनका लागि पेश गरिएको व्यहोरा सगर्व जानकारी गराउँदछौं ।

४. **संस्थागत सांगठनिक व्यवस्थापन एवं परिचालन :**

१. गत ९ औं साधारण सभा एवं चौथो अधिवेशनबाट गठित सन्चालक समिति मार्फत सम्पादन व्यवस्थापन गरिएका सम्पूर्ण संस्थागत कार्यहरुलाई यसै सभामार्फत अनुमोदनका लागि अनुरोध छ।

२. संस्था सञ्चालन व्यवस्थापन एवं दैनिक सहज सदस्य सेवामा सकृय रहने कर्मचारीहरुले मासिक बैठक बसेर समिक्षा गर्दै दिने सल्लाह सुझाव सँगसँगै सदस्य एवं विभिन्न उपसमितिबाट समयानुकुल प्राप्त सल्लाह, सुझावको समिक्षा गर्दै मासिक रुपमा समितिको नियमित बैठक बसेर संस्थागत कारोबार समिक्षा एवं छलफल सहित वार्षिक बजेटको परिधिभित्र रहेर आगामी कार्ययोजना तय गर्दै आएका छौ।

३. अनौपचारिक रुपमा मासिक एवं औपचारिक रुपमा चौमासिक बैठक बसेर लेखा सुपरीवेक्षण समितिबाट संस्थागत गतिविधी अनुगमन मुल्याङ्कन सहित प्राप्त सुझावलाई आत्मसाथ गर्दै सदस्य सेवा प्रदान गरिरहेका छौं।

४. सदस्यको ऋण माग/असुली व्यवस्थापन लाई मध्यनजर गर्दै हरेक दोश्रो र चौथो बुधबार (आवश्यकता

अनुसार थपघट गरी) ऋण उपसमितिको बैठक बस्ने एवं आवश्यकता अनुसार अन्य उपसमितिको बैठक बसेर आर्थिक पारदर्शीता सहित संस्थागत सुसञ्चालन व्यवस्थापन गर्ने आ.व. ०८१/०८२ मा तपशिल बमोजिम बैठक बसेर हामीले संस्थागत सदस्य सेवा कार्यसम्पादन गरेका थियौं । चालु आ.व. ०८२/०८३ मा समिति, उपसमितिहरु सकृय रहेर थप विस्तारित एवं परिस्कृत सदस्य सेवा सहित संस्थागत लक्ष्य हासिल गर्न गराउन प्रयासरत रहने छौं ।

**तपशिल** :-

| | | |
|---|---|---|
| १. | बार्षिक साधारण सभा एवं अधिवेशन | : १ पटक |
| २. | सञ्चालक समितिको बैठक | : १४ पटक |
| ३. | लेखा सुपरिवेक्षण समितिको बैठक | : ४ पटक |
| ४. | ऋण लगानी असुली उपसमितिको बैठक | : ११ पटक |
| ५. | शिक्षा तालिम तथा सूचना उपसमिति | : ४ पटक |
| ६. | महिला सशक्तिकरण तथा नेतृत्व विकास उपसमिति | : १ पटक |
| ७. | समिति, उपसमिति, सल्लाहकार पूर्ण बैठक | : २ पटक |
| ८. | कर्मचारी बैठक (संयुक्त) | : ८ पटक |
| ९. | प्रधान कार्यालय सन्चालन उपसमिति | : २ पटक |
| १०. | लामाचौर सेवाकेन्द्र उपसमिति | : २ पटक |
| ११. | सार्दीखोला सेवाकेन्द्र उपसमिति | : १ पटक |
| १२. | सहकारी शिक्षा | : २ पटक |

## ५. संस्थागत मानव संसाधन व्यवस्थापन :

१. विगत वर्ष झै पारदर्शि तवरबाट दक्ष एवं योग्य कर्मचारी व्यवस्थापनको लागि संस्थाको स्विकृत मानव संसाधन व्यवस्थापन नीति लागू गरी सोही नीतिको परिधिभित्र रहेर पदपूर्ति समिति मार्फत राष्ट्रिय पत्रपत्रिका एवं संस्थाको आधिकारीक सामाजिक संजाल मार्फत सूचना गरी कर्मचारी आह्वान गरी लिखित/अन्तर्वार्ता मार्फत नियुक्ती गर्दै विभागीय जिम्मेवारी विभाजन गर्ने गरिएको छ।

२. विगत वर्ष झैं आवश्यक पदक्रम अनुसारको कर्मचारी व्यवस्थापन गर्दा सम्भव भएसम्म सदस्य वा सदस्यको परिवारबाट कर्मचारी व्यवस्थापन गर्ने एवं सञ्चालक समिति तथा लेखा समितिको नातागोता भित्रको कर्मचारी नियुक्त नगर्ने नीति अपनाएका छौं ।

३. सहज, शुलभ सदस्य सेवा, चुस्त दुरुस्त एवं संस्थागत कारोबार पारदर्शी आर्थिक रुपमा व्यवस्थापन गर्न हाल तपशिल बमोमिज १२ जना कर्मचारी एवं जि सिक्स सेक्येरिटी सर्भिस प्रा. लि. मार्फत २ जना सुरक्षा कर्मचारी गरी १४ जना कर्मचारी मार्फत दैनिक सेवा व्यवस्थापन गरिएको छ।

तपसिल :-

| पदक्रम | रानीपौवा कार्यालय | लामाचौर सेवाकेन्द्र | सार्दीखोला सेवाकेन्द्र | जम्मा कर्मचारी |
|---|---|---|---|---|
| प्रमुख कार्यकारी अधिकृत | १ जना | | | १ जना |
| अधिकृत | १ जना | २ जना | | ३ जना |
| बरिष्ठ सहायक | १ जना | २ जना | | ३ जना |
| कार्यालय सहायक | | १ जना | | १ जना |
| कनिष्ठ सहायक | १ जना | १ जना | | २ जना |
| कनिष्ठ सहायक (बजार) | | | १ जना | १ जना |
| बजार सहायक | | १ जना | | १ जना |
| सुरक्षा कर्मचारी | १ जना | १ जना | | २ जना |
| जम्मा | ४ जना | ९ जना | १ जना | १४ जना |

## ६. आ.व. २०८१/०८२ अन्तसम्म कार्यालयहरुको व्यवस्थापकिय अवस्था :

१. शेयर सदस्य, शुभेच्छुकको सल्लाह सुझाव, सञ्चालक समिति, लेखा समिति, विभिन्न उपसमिति पदाधिकारीहरु, प्रमुख कार्यकारी अधिकृत एवं कार्यालय प्रमुखले नियमित समन्वय सहकार्य गरी सदस्यको माग एवं सहज सदस्य सेवा प्रदान गर्न छुट्टाछुट्टै उपसमितिहरुको व्यवस्थापन गरी अधिकार प्रत्यायोजन गर्दै तपशिलका ३ वटा कार्यालय मार्फत जनशक्ति, कार्यबोझ र वासलात मिलाई सहज सदस्य सेवा एवं चुस्त दुरुस्त व्यवस्थापन गरिरहेका छौं। नियमक निकायको अनुमति लिएर सदस्यको चाप एवं कारोबार सकृयता हेतु संस्थाको प्रधान कार्यालय रानिपौवाबाट लामाचौर पोखरामा सार्ने एवं थप सेवा विस्तारको लागि सदस्यको माग आवश्यकता अनुसार सेवाकेन्द्र थप गर्नेछौं।

| क्र.स. | कार्यालय | सेवारत कर्मचारी संख्या | जम्मा सदस्य | कुल वासलात |
|---|---|---|---|---|
| १ | प्रधान कार्यालय, रानिपौवा | ५ जना | ७१८ | ७,८१,४४,१५७.०१ |
| २ | लामाचौर सेवाकेन्द्र | ७ जना | १,२७५ | २५,७७,६१,१२५.७५ |
| ३ | सार्दीखोला सेवाकेन्द्र | १ जना | २४८ | १,९२,६१,९४१.१३ |
| जम्मा | | १३ जना | २,२४१ | ३५,५१,६७,२२३.८९ |

२. संस्थामा सेवारत १४ जना कर्मचारीहरु मध्ये प्रमुख कार्यकारी अधिकृत १ जना सहित उच्च व्यवस्थापनमा ३ जना, प्रतक्ष्य सदस्य सेवामा ८ जना, बजारमा १ जना, सुरक्षामा २ जना कर्मचारी रहेका छन् । सेवारत कमचारीहरु मध्ये ५ वर्षभन्दा बढि सेवा गरेका ६ जना स्थायी कर्मचारीहरु रहेका भने अन्य ६ जना कर्मचारी परिक्षणकालमा सेवारत रहेका छन् जस मध्ये रानिपौवा कार्यालयमा १ जना, सार्दीखोलामा १ जना एवं लामाचौरमा ४ जना रहेका छन्।

३. दैनिक कामकाजमा सहजता एवं रिपोर्टिङ्गको लागि तपशिलको उच्च व्यवस्थापन टिमले अनलाइन ग्रुपहरु बनाएर सल्लाह सुझाव संकलन गर्दै आवश्यक निर्देश प्रदान गरेको छ भने विगतमा झै चालु. आ.व ०८२/८३ मा हरेक कार्यालयगत मासिक कर्मचारी बैठक बस्ने एवं त्रैमासिक रुपमा संयुक्त सबै

कार्यालयको कर्मचारी बैठक बसी छलफल गर्दै संस्थागत छलफल समीक्षा, कार्यसम्पादन गर्ने गराउने एवं समितिले सल्लाह सुझाव संकलन गरी नीति तथा योजना तय गर्ने तयारी गरेका छौं ।

**उच्च व्यवस्थापन टिम :**

- प्रमुख कार्यकारी अधिकृत : सुशिल के.सी.
- लामाचौर कार्यालय प्रमुख/सूचना अधिकारी : शर्मिला काफ्ले
- रानीपौवा कार्यालय प्रमुख : कमला रानाभाट

४. सेवारत कर्मचारीहरुलाई कार्यसम्पादन सहजताको लागि हरेक कार्यालयमा सुव्यवस्थित विभागीय जिम्मेवारी बाँडफाँड सहित आवश्यक उपकरणहरु व्यवस्थापन गरेका छौं भने दक्षता अभिवृद्धिको लागि आवश्यकता अनुसार विभिन्न तालिमहरुमा सकृय सहभागि गराउदै आएका छौं ।

५. संस्थाको बिनियम बमोजिम संस्थाका प्रमुख कार्यकारी अधिकृतले सदस्य सचिवको रुपमा सञ्चालक समितिलाई सहकार्य गर्दै आउनु भएको छ भने संस्थागत कारोबार गतिविधि जानकारी लिई नीति निमार्ण तथा योजना तर्जुमामा सहजताको लागि सञ्चालक समिति, विभिन्न उपसमितिका बैठकहरुमा आवश्यकता अनुसार उच्च व्यवस्थापन टिमलाई सहभागि गराउने गरेका छौं ।

६. सदस्य सेवाको लागि हरेक कार्यालयमा निशुल्क छुट्टै ईन्टरनेट सेवा प्रदान गरिरहेका छौं भने दैनिक सदस्य सेवा, संस्थागत अनुगमन तथा सुरक्षणको लागि हरेक कार्यालयमा सि सि क्यामेरा जडान गरी उच्च व्यवस्थापन टिम एवं सन्चालक समिति पदाधिकारी मार्फत मोनिटरिङ्ग गर्ने गरेका छौं ।

७. **योजना तथा नीतिगत कार्य व्यवस्था :**

१. बिगतमा झैं बजारमा देखिए जसरी सदस्यलाई सदस्य एवं बचतकर्ता वा कारोबारी दुईथरी सदस्यको रुपमा व्यवस्थापन नगरी सदस्यको स्वेच्छा अनुसार शेयर खरिद गरी समान कारोबार गर्ने व्यवस्था गरे अनुसार संस्थामा शेयर राखेर कारोबार गर्न ईच्छुक समुदायको भिड बढी नै रहेको छ ।

२. सदस्य मासिक बचतलाई संस्थाले प्राथमिकतामा राखेका छौं भने संस्थामा आवद्ध रहेका ६०-७० प्रतिशत भन्दा बढी सदस्यले नियमित बचत गरीरहनु भएकोले हालसम्म कुल बचतको ३३ प्रतिशत भन्दा बढी सदस्य मासिक बचत रहेको छ भने चालु आ.व.समाप्तीसम्म शत प्रतिशत सदस्यले बचत गर्ने गरी हामीले कार्य व्यवस्थापन गर्ने गराउने छौं ।

३. एकपटक शेयर राखेर वर्षभरि निस्कृय रहेर केवल लाभको आशा मात्रै गर्ने परिपाटी निरुत्साहन गर्दै संस्थाको नाम/प्रकृति अनुसार सदस्यले शुरुमा शेयर खरिद गरी नियमित बचत गर्दै सहुलियत दरमा ऋण उपभोग गर्ने र सोबाट आर्जित लाभ सदस्यलाई वितरण गर्ने गरी सबै सदस्यलाई प्रोत्साहन गरीनेछ ।

४. गत वर्षदेखि नै सदस्य एवं संस्थागत दिगोपनाको लागि सुनौलो भविष्य बचत एवं अन्य ऋमिक बचतलाई प्रोत्साहन गरिरहेका छौं भने १,००० जना भन्दा बढी सदस्य सुनौलो भविष्य बचतमा आवद्ध भए पश्चात विभिन्न प्रकृतिको सदस्य सुरक्षा कार्यक्रम लागू गरी सदस्यलाई अधिक लाभ दिन हामी तत्तपर रहेकाले अधिकभन्दा अधिक सदस्यले यो कार्यक्रममा सहभागि भइ यथासक्य छिटो लाभ

लिनुहुन अनुरोध गर्दछौं ।

५. सदस्यको बचत नै संस्थाको मेरुदण्ड भएको र संस्थाले सदस्यलाई बचत गर्न अभिप्रेरित गर्न विगत वर्षमा झैं दैनिक कम्तिमा रु १०० वर्षभरी वा एकमुष्ठ गरी जन्मदिनको ३ महिना अगावै रु २५,०००।- बचत गर्ने हरेक बाल बचतकर्ता एवं ज्येष्ठ नागरीक सदस्यको जन्मदिनको अवसरमा केक काटेर जन्मदिन मनाउने व्यवस्था गरेका छौ ।

६. संस्थागत बचत अभिवृद्धिका लागि विभिन्न क्रमिक बचत, बाल बचत, नारी बचत, ज्येष्ठ नागरीक बचत एवं आवधिक बचतहरु सञ्चालन गरी बजार माग एवं संस्थागत अवस्था हेरी अधिकतम व्याज प्रदान सँगसँगै विभिन्न माध्यमबाट बचत गर्न प्रोत्साहन गर्ने नीति लिएका छौं ।

७. सहकारी ऐन नियमको परिपालना गर्दै संस्थाको स्वीकृत बिनियम एवं गत साधारण सभाबाट पारित नीति कार्यविधिहरु क्रमशः लागू गर्दै आएका छौं भने अन्य आवश्यकता अनुसार थप नीति कार्यविधिहरु तयार गरी अनुमोदन तथा लागू गर्न साधारण सभामा पेश गर्दै अध्ययन गर्न चाहने सदस्यले संस्थाको हेरक कार्यालयमा नै बसेर अध्ययन गर्ने गरी लाइब्रेरी एवं अध्ययन कक्षको व्यवस्था मिलाएका छौं ।

८. संस्थाको आर्थिक प्रशासन नीतिको परिधिभित्र रहेर संस्थागत सुशासन एवं आर्थिक पारदर्शिता सहित संस्थाका सचिव श्री विष्णुप्रसाद पौडेलको संयोजकत्वमा कोषाध्यक्ष श्री सुरेन्द्रबहादुर भण्डारी तथा लामाचौर सेवाकेन्द्र संयोजक श्री गेहेन्द्रमान श्रेष्ठ सदस्य रहेको सार्वजनिक खरिद तथा डेकोरेशन उपसमिति मार्फत संस्थागत आवश्यकता अनुसार कार्यालय डेकोरेशन, विभिन्न सम्पत्ति खरिद तथा पारदर्शी खर्च व्यवस्थापन गरिएको छ ।

९. आर्थिक अनियमितता हुन नदिन संस्थाका हरेक आम्दानी तथा खर्चहरुलाई नियमानुसार चेकजाँच एवं स्विकृति लिएर डाटा प्रविष्ट गर्न एवं आवश्यकता अनुसारका नियमक निकायमा नियमित रिपोटिङ्ग गरिरहेका छौं ।

१०. सदस्य सेवा विस्तारको लागि थोक ऋण प्रदायक राष्ट्रिय सहकारी बैंक एवं साना किसान विकास लघुवित्त वित्तिय संस्था (तत्कालिन RMDC लघुवित्त संस्था) काठमाडौंबाट विना धितो लिइएको ऋण क्रमश घटाउदै लगेका छौं । ऋण लिएर सदस्य सेवा प्रदान गर्न भन्दा सदस्यको बचत परिचालन गरी आयमुलक परियोजना सञ्चालन व्यवस्थापन गरी सदस्यको आय बढाउदै बाह्य ऋण नलिने गरी कार्य व्यवस्थापन गरिरहेका भए पनि तरलता व्यवस्थापन एवं सामूहिक लगानीको लागि थप पूर्जी आवश्यकतालाई मध्यनजर गर्दै थोक ऋण प्रदायक संस्थासँग ऋण लिएर सदस्य सेवा विस्तार गर्ने प्रस्ताव पेश गर्दछौं ।

८. **बचत परिचालन** :

१. समग्र देशको आर्थिक उतार चढाव, बजार, बैंक तथा वित्तिय संस्थामा आधारित रहेर सदस्यको बचत तथा ऋण परिचालन गर्दै आएका छौं । संस्थाको बचत ब्याजदर यही २०८२ श्रावण १६ गतेबाट लागू हुने गरी तपशिल बमोजिम रहेका छन् ।

| क्र. स. | बचत/निक्षेप | ब्याजदर | | | | |
|---|---|---|---|---|---|---|
| | | मासिक | त्रैमासिक | अर्धवार्षिक | वार्षिक | एकमुष्ठ |
| **क** | **सदस्य नियममित बचत** | | | | | |
| १ | सदस्य मासिक बचत | — | ५ देखि ७% | सदस्य सकृयताको लागि नियमित गर्नुपर्ने | | |
| २ | सदस्य शेयर बचत | — | १०% | मासिक नियमित बचत गर्दै जाने संस्थागत आवश्यकता अनुसार शेयर थप गने | | |
| **ख** | **ऐच्छिक बचत** | | | | | |
| १ | साधारण बचत | — | ३.५०% देखि ५.५०% | — | — | |
| २ | ज्येष्ठ नागरीक बचत | — | ५.२५% | ९% ७५ वर्ष नाघेकोमा | | |
| ३ | नारी बचत | — | ४.००%देखि ६.००% | — | — | |
| ४ | विशेष बचत | — | ५ देखि ७% | — | | |
| ५ | कर्मचारी बचत | — | ४.००% | — | — | |
| ६ | १ बर्षे बाल बचत | — | ५.५०% | — | — | |
| ७ | २ बर्षे बाल बचत | — | ६.००% | — | — | |
| ८ | ३ बर्षे बाल बचत | — | ६.५०% | — | — | |
| ९ | ५ बर्षे बाल बचत | — | ७.५०% | — | — | |
| १० | ५ बर्ष भन्दा माथिको बाल बचत | — | ९% | नियमित बचत गर्दै जाने र बचतकर्ता (१६ वर्ष पुगेर) संस्थामा नागरीकता पेश गरेपछि मात्र बचत फिर्ता लिन मिल्ने. | | |
| ११ | ३ महिने क्रमिक बचत | — | ४.५०% | | | |
| १२ | ६ महिने क्रमिक बचत | — | ५.००% | | | |
| १३ | १ बर्षे क्रमिक बचत | — | ५.५०% | न्युनतम रू ५० देखि रू ५,०००.-दैनिक बचत गरी ३६५ दिन पुरा गरेको बचतमा एकमुष्ठ व्याज प्रदान गरीने . सम्झौता गरको समयसम्म रकम निकाल्न नमिल्ने. | | |
| १४ | २ बर्षे क्रमिक बचत | — | ५.५० देखि ६.२५% | | | |
| १५ | ३ बर्षे क्रमिक बचत | — | ६ देखि ७% | | | |
| १६ | ५ बर्षे क्रमिक बचत | — | ६.५० देखि ८% | | | |
| १७ | ५ बर्षभन्दा बढीको क्रमिक बचत | — | ७.०० देखि ९% | | | |
| १८ | सुनौलो भविष्य | २ देखि १० गुनासम्म | | दैनिक रू१००-६००सम्म नियमित ५ वर्षसम्म जम्मा गर्ने सम्झौता गरेको अविधपेछि २-१० गुणा सम्म फिर्ता पाइने . १००० जना सदस्य सहभागि भएपश्चात बीमा सुविधा लिन सकिने . | | |
| १९ | आवधिक बचत | ६%—८% (शर्तहरू लागू हुनेछन्) | | | | |

३. २०७६ पौषदेखि नियमित शुरु भएको बचत हाल (०८२ भदौसम्म) ७० औं महिनामा नियमित चलिरहेको जानकारी सहित हालसम्म पुरा बचत नियमित बचत मा ७%, एकमुष्ठ ३ वर्षको बचतमा ६% एकमुष्ठ २ वर्षसमको बचत ५% ब्याज प्रदान गरीने छ।

४. सदस्यलाई संस्थामा बचत गर्न प्रोत्साहनको लागि साधारण बचतमा तपशिल बमोजिम व्याज दर कायम गरिएको छ।

| बचत रकम रु | | व्याजदर प्रतिशत |
|---|---|---|
| १. | रु ५० लाख सम्म | ३.५ |
| २. | रु ५० लाख देखि १.५० करोडसम्म | ४.५ |
| ३. | रु १.५० करोडदेखि २ करोडसम्म | ५ |
| ४. | रु २ करोड माथि | ५.५ |

५. सदस्यको परिवार वा महिला सदस्यलाई बचत गर्न प्रोत्साहनको लागि बचतमा तपशिल बमोजिम व्याजदर कायम गरिएको छ ।

| बचत रकम रु | | व्याजदर प्रतिशत |
|---|---|---|
| १. | रु २५ लाख सम्म | ४ |
| २. | रु २५ लाख देखि ५० लाखसम्म | ४.५ |
| ३. | ५० लाखदेखि १ करोडसम्म | ५ |
| ४. | रु १ करोडदेखि माथि | ५.५ |

६. ७५ वर्ष नाघेका सदस्य वा सदस्यको परिवारको ज्येष्ठ नागरिक बचतमा ९ प्रतिशत व्याज प्रदान गरी ज्येष्ठ नागरिक सम्मान गर्ने नीति लिइएको छ ।

७. आवधिक बचत रकमको व्याजदर वित्तिय बजार अवस्था, सदस्यको माग एवं संस्थागत आवश्यकता, रकम एवं समयावधिको आधारमा फरक फरक कायम गर्ने नीति लिइएको छ ।

## ९. ऋण लगानी तथा असुली व्यवस्थापन :

१. सरकारले लागू गरेको सन्दर्भ व्याजदरको सीमाभित्र रहेर नै हामीले लिने र दिने व्याजदर वीचको औसत ४.४४ प्रतिशत राखेर कर्जा सापटीमा औसतमा १२.२६ प्रतिशत तथा निक्षेप दायित्वमा ७.९२ प्रतिशतमा सेवा प्रदान गरिरहेका छौ । "**सहकारी मार्फत आत्मनिर्भरता**" भन्ने हाम्रो मूल नारा एवं सहकारी ऐन नियम बमोजिम सदस्यलाई बचतमा अधिक व्याज तथा ऋणमा न्यून व्याज सुविधा दिने नीति अनरुप आगामी दिनमा सबै सदस्यलाई उत्पादनमुलक तथा आयमुलक उद्योग, व्यवसाय गरी प्रोत्साहन गर्ने तथा सोको विउपूँजीको रुपमा संस्थाले एक अङ्कको व्याजदरमा ऋण सुविधा उपलब्ध गराउने लक्ष्यका साथ अगाडि बढेको भए पनि राष्ट्रिय तरलता अभावको हालको अवस्थामा बैंक वित्तिय संस्थाले बचत तथा ऋणको व्याजदर परिमार्जन गरे अनुरुप हामीले लक्ष्य अनुरुप सेवा प्रदान गर्न सकेनौं ।

संस्थाको ऋण लगानी सम्बन्धी विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

**कर्जा/ऋण शिर्षक**

| | | | |
|---|---|---|---|
| सदस्य सरल कर्जा | व्यापार/व्यवसाय कर्जा | व्यक्तिगत कर्जा | सौर्य ऊर्जा कर्जा |
| जयलक्ष्मी विशेष कर्जा | शैक्षिक कर्जा | आकस्मिक कर्जा | आवास कर्जा |
| कृषि कर्जा | हायरपर्चेज कर्जा | स्मार्ट कर्जा | आवधिक बचत धितो कर्जा |

व्याजदर : ८% - १४%

२. कृषि परियोजना सञ्चालन गरिरहेको दर्तावाला कृषि फर्म भएको सदस्यलाई रु ७(सात)लाख सम्मको कृषि ऋण सुविधामा व्याजदरमा ४(चार)% सम्म छुट प्रदान गरीनेछ भने ०.२५%-१% सम्म ऋण व्यवस्थापन शुल्क लाग्नेछ।

३. बचत सुरक्षणमा ९०% सम्म ऋण किस्ताबन्दी ऋणमा व्याजदर ८-१०%, व्यवस्थापन शुल्क ०.२५%।

४. बचत सुरक्षणमा ९०% सम्म ऋण (व्याजमात्रै तिर्ने)व्याजदर १०-१२%, व्यवस्थापन शुल्क १% सम्म।

५. सदस्यले मासिक बचत एवं ऋणको व्याज एवं किस्ता अनिवार्य रुपमा मासिक भुक्तानी गर्नुपर्नेछ।

६. मासिक किस्ता नतिर्ने सदस्यबाट संस्थाले ऋणमा अधिकतम व्याज (हाल १४%) असुल उपर गर्नेछ।

७. गत वर्ष झैं सदस्यलाई ऋण प्रदान गर्दा ५ लाख सम्मको ऋण लगानीमा ऋण आवेदन शुल्क रु. ५००।- लिने गरेका छौं भने ऋणी सदस्यले साधारण बचत खातामा न्यूनतम बचत रु २,०००।- राख्नुपर्ने छ। साथै ५ लाख माथिको ऋण लगानी मा ऋण आवेदन शुल्क रु.१,०००।- तथा न्यूनतम बचत रु. ५,०००।- राख्नुपर्ने व्यवस्था गरेका छौं।

८. विना धितो ऋण सकेसम्म न्युनिकरण गरीनेछ भने ऋण लिने सदस्यले संस्थामा लिने ऋण रकमको न्यूनतम ५% सम्म शेयर खरिद गरेको हुनुपर्ने छ।

९. बिना धितो ऋण लगानीलाई निरुत्साहित गरीने छ भने लगानी गर्नै परेमा ऋणी एवं धन जमानतकर्ताको शेयर बचत जमानतको आधारमा मात्रै लगानी गरीने छ।

१०. संस्थाको मेरुदण्डको रुपमा रहने मासिक बचत एवं सदस्य सुरक्षाको लागि लागू गरेको सुनौलो भविष्य बचत अनिवार्य बचत गर्न एवं अन्य क्रमिक बचत गर्न सदस्य प्रोत्साहित हुनुपर्नेछ।

११. सदस्यको अत्यावश्यकता अनुसार आकस्मिक ऋण बढीमा २ महिनासम्म, व्याज मात्रै भुक्तानी गर्ने ऋण बढीमा ३ वर्षसम्म एवं (सदस्यको माग अत्यावश्यकता विश्लेषण गरी) सबै ऋण किस्ताबन्दी भुक्तानी गर्ने गरी सेवा प्रदान गरिरहेका छौं भने व्यवस्थापन शुल्क पनि १% सम्म लिने गरेका छौं।

१२. कृषि परियोजना दर्ता गरी व्यवस्थित सञ्चालन गरेका न्यून आय भएका सदस्यको आर्थिक उन्नयनका लागि ५ लाख सम्मको सानो कृषि ऋण सुविधामा व्याजदर १० प्रतिशत मात्रै कायम गरिएको छ भने व्यवस्थापन शुल्क पनि ०.२५% कायम गरिएको भए पनि हालसम्म कुनै पनि सदस्यले उक्त सुविधा लिनुभएको छैन भने १ करोडभन्दा माथि वा प्राथमिक पूँजिकोषको १५% प्रतिशतभन्दा बढी रकम एकै सदस्यलाई लगानी गरिएको छैन।

१३. बिना धितो ऋण लगानीलाई निरुत्साहित गर्दै संस्थाबाट प्रवाह हुने ऋणलाई आवश्यक विश्लेषण अनुसन्धान गरी पर्याप्त धितोको व्यवस्थापन गरी ऋण लगानी गर्ने व्यस्था गरिरहेका छौ भने धितो मुल्याङ्कनको लागि तपशिलको धितो मुल्याङ्कनकर्ता मार्फत सदस्यको धितो मुल्याङ्कन गरी सुरक्षण लिने गरेका छौं।

| कन्सल्टेन्सीको नाम | ठेगना | पान नं | दर्ता |
|---|---|---|---|
| ए टु जेड इन्जिनियरीङ कन्सल्टेन्सी | पोखरा १९, लामाचौर | ६०७४४६००१ | १३४७१/०७४/०७५ |
| अडेप्ट एण्ड रेन्फोर्स्ड टेक्नोलोजी एज ईन्जिनियरिङ्ग कम्पनी प्रा.लि. | पोखरा १६, लामाचौर | ३०५५९०१५४ | १०६३०५/०६९/०७० |
| इमोर्टल इन्जिनियरीङ कन्सल्टेन्सी | पोखरा १९,लामाचौर | ६०७४४६१६ | १३४७२/०७४/०७५ |

| | | | |
|---|---|---|---|
| सगरमाथा इन्जिनियरीङ कन्सल्टेन्सी | पोखरा तालचोक | ३०२६४४७११ | ५५३०/०६३/०६४ |
| अर्वान इन्फाइस्टकचर डेवलपमेन्ट कन्सल्टेन्सी | पोखरा ५, प्रस्याँङ | ११९१९४९९९ | ५६६४/०६४/०६५ |
| मनसा इन्जिनियरीङ कन्सल्टेन्सी | पोखरा ९, कास्की | ११३१८२१३० | १७४२४/०७७/०७८ |
| सोलुसन इन्जिनियरीङ कन्सल्टेन्सी | पोखरा १९, बगैंचा | ६०२३६७६४२ | १००३६/०७१/०७२ |

१५. सदस्यलाई ऋणको भार कम गराउन एवं संस्थागत तरलता व्यवस्थापन गर्न हरेक ऋणलाई अनिवार्य किस्ताबन्दी भुक्तानी गर्नुपर्ने व्यवस्थाको लागि पहल गरिरहेका छौं ।

१६. नेपाल सरकार सहकारी विभागको सन्दर्भ व्याजदरको परिधीभित्र रहेर सदस्यले लिएको ऋणको साँवा/किस्ता रकम भुक्तानी सम्बन्धमा हरेक त्रैमासिक रुपमा ऋण असुली विश्लेषण गरी व्याजदर परिमार्जन/समायोजन गर्ने व्यवस्था मिलाइएको छ ।

१७. नियमित मासिक/त्रैमासिक साँवा/किस्ता नतिर्ने ऋणी सदस्यलाई त्रैमासिक कारोबार विश्लेषण गरी संस्थाको ऋणको अधिकतम प्रतिशत व्याज असुली सँगसँगै संस्थागत अन्य लाभकारी सेवाहरु कटौती व्यस्थापन गर्दै तथा नियमित कारोबार गर्न प्रोत्साहन गर्ने कार्यारम्भ गरिएकोले सबै ऋणी सदस्यले संस्थामा सम्पर्क गरी ऋण कारोबार नियमित गरी लाभ लिनु हुन यसै साधारण सभा मार्फत जानकारी सहित अनुरोध गरीन्छ ।

१८. गत वर्ष जसरी नै संस्थामा आवधिक बचत गर्ने सदस्यलाई माग गर्ने वित्तिकै आवधिक बचत रसिद धितो राखी बचत रकमको ९० प्रतिशत सम्मको रकम बचतको ब्याजदर भन्दा २ प्रतिशत व्याज थप गरी आवधिक बचत धितो ऋण प्रदान गर्ने नीति लिइएको छ ।

१९. सवारी साधनमा ऋण लगानी नगर्ने र गर्नै पर्ने भएमा आवश्यक सुरक्षण व्यवस्थापन गरी ईन्जिनियरिङ्ग मुल्याङ्कनकर्ता मार्फत मुल्याङ्कन गरी ऋण लगानी गर्ने व्यवस्था गरिएको छ ।

२०. ऋणको भाखा नघाउने ऋणी सदस्यलाई कानुनी उपचार मार्फत ऋण असुली गर्ने व्यवस्था गर्दै कानुनी सहायकताको लागि व्यवसायिक कानुनी परामर्शदातासँग सल्लाह सुझाव लिने गरिएको छ ।

२१. लगानी भएका सबै ऋणहरुको नियमित रुपमा ऋण सदुपयोगिता जाँच गर्न, ऋणको भाखा नाघ्न नदिन एवं ताकेता गर्न ऋण असुली विभागको व्यवस्था गरी सकृय बनाउने गरिएको छ । आवश्यकता अनुसार ऋण समिति, धितो मुल्याङ्कन तथा ऋण अनुगमन समिति एवं अन्य उपसमिति तथा सञ्चालक समिति सकृय रहेको छ ।

## १०. प्रविधिमैत्री सेवामा जयलक्ष्मीको निरन्तरता :

१. खर्च मितव्ययीता एवं संस्थागत सेवालाई सहज, परिस्कृत, डिजिटलमैत्री, Paperless एवं प्रविधीमैत्री बनाउन Document Management System (DMS) मार्फत सबै सदस्यको कागजात व्यवस्थापन गर्न प्रयासरत छौं ।

२. विगत वर्षहरुदेखि नै हाम्रो जयलक्ष्मीले प्रविधिमैत्री रुपमा आफ्ना गतिविधि अगाडि बढाउदैं ATM Banking, SMS Banking, Mobile Banking, QR Code सेवालाई थप परिस्कृत एवं परिमार्जित रुपमा सेवा प्रदान गरिरहेकोमा श्रावण मसान्तसम्म ५२५ जनाले SMS Banking, Mobile Banking सेवा लिनु भएको छ ।

३. सदस्यले संस्थागत प्रविधिमैत्री सेवाको पूर्ण रुपमा लाभ लिन नसकेको अनुभूत गरी संस्थामा बजार प्रवर्द्धन विभागको व्यवस्थापन सहित कर्मचारी व्यवस्थापन गरी संस्थाको सबै सेवा सुविधा सबै सदस्यको पहुँचमा पुऱ्यादै सबै सेवाहरु उपभोग गरी लाभ लिने व्यवस्था मिलाउन प्रयासरत छौं ।

४. संस्थाको वेवसाइट मार्फत हरेक सदस्यलाई सुसुचित गरिरहेका छौं भने संस्थाको फेसबुक, पेज एवं सदस्यसँग जयलक्ष्मी भन्ने च्याट ग्रुप तयार गरी सबै सदस्यलाई जोडेर समयमै सूचना एवं जानकारी प्रदान गर्ने एवं आवश्यक सूचना संकलन गर्ने तयारी गरेका छौ । संस्थाको फेसबुक, पेजमा हालसम्म अधिकांश सदस्य जोडिनु भएको छ भने उक्त च्याटमा ६१३ भन्दा बढी सदस्य जोडिनु भएको छ, यथासक्य छिटो सबै सदस्य जोडिएर साथ सहकार्य गर्न अनुरोध छ ।

## ११. व्यवसायिक एवं स्वास्थ्य सेवा सुरक्षा सहकार्य :

१. सदस्यलाई रेमिट सेवा प्रदान गर्न विभिन्न विश्वसनिय रेमिट कम्पनीसँग सहकार्य गर्दै Western Union, IME, Himal, CityExpress, Moneygram, GME, Sulav, JME, Boom Remit, United Remit, Siddartha Remit, Prithvi, Hulas, Century, Samsara, Reliable, Ipay, Panos Remit लगायत धेरै रेमिट सेवा उपलब्ध गराइ रहेका छौं । सदस्यको माग आवश्यकता अनुसार सेवा विस्तार गर्ने छौं ।

२. संस्थाले बचत तथा ऋण सुविधा सँगसँगै वित्तिय साक्षरता एवं सहकारी ज्ञान प्रदान गरिरहेको छ भने सदस्यको स्वास्थ्य सुरक्षालाई मध्यनजर गरी तपशिलका संस्थासँग सहकार्य विभिन्न छुट सहित सदस्य सेवा विस्तार गरेको छ। सो बाहेक सदस्यको माग आवश्यकता अनुसार अन्य संघसंस्थाहरुसँग सहकार्य समन्वय गरी सेवा विस्तार गर्न सदा तत्पर रहनेछ।

| क्र.स. | संस्था | ठेगाना | छुट सुविधा प्रतिशतमा |
|---|---|---|---|
| १ | मनिपाल हस्पिटल | फुलबारी, पोखरा | १० देखि २५ (दर्ता शुल्क फ्रि) |
| २ | जि.एम.सी | नयाँ बजार, पोखरा | १० देखि २० प्रतिशत सम्म |
| ३ | यू.आर.एल प्रा.लि. | न्यूरोड, पोखरा | ३० प्रतिशत सम्म |
| ४ | लाईफ केयर डाईग्नोष्टिक | न्यूरोड, पोखरा | २० देखी ५० प्रतिशत सम्म |
| ५ | चरक मेमोरियल | नागढुँगा, पोखरा | ५ देखी १० प्रतिशत सम्म |
| ६ | पद्मा नर्सिङ्ग होम प्रा.ली. | नदिपुर, पोखरा | ५ देखी २० प्रतिशत सम्म |

## १२. अन्तर सहकारी सम्बन्ध विस्तार :

१. नियमक निकाय, राष्ट्रिय सहकारी बैंक, विषयगत सहकारी संघ, छिमेकी सहकारी संघसंस्थाहरुको निम्ता एवं अनुरोध बमोजिम यथाशक्य सहभागी भएका छौं भने संस्थाका सदस्यहरुको आर्थिक उन्नयन सँगसँगै नैतिक सामाजिक उन्नयनमा साथ सहकार्य गर्दै आएका छौं ।

२. सहकारी विभाग एवं नियमक निकायले विभिन्न समयमा जारी गर्ने निर्देशन तथा मार्ग निर्देशनहरुलाई अक्षरस पालन गर्दै तुरुन्तै लागू गर्ने गरेका छौं । माग गरेका प्रतिवेदनहरु समयमै बुझाएका छौं ।

३. संस्थाका सञ्चालक पदाधिकारीहरु, प्रमुख कार्यकारी अधिकत एवं कार्यालय प्रमुखहरुले संस्थागत प्रतिनिधित्व गर्दै सहकारी अभियान एवं बैंकका विभिन्न गतिविधिमा सकृय सहकार्य गर्दै आउनुभएको छ।

४. संस्थाका अनुभवी प्रमुख कार्यकारी अधिकृत एवं TOT प्रशिक्षक सुशिल के.सी.ले संस्थागत सहकार्य गर्दै विभिन्न सहकारी संस्थाहरुमा वित्तिय साक्षरता एवं सहकारी तालिम प्रदान गर्दै आउनुभएको छ।

५. व्यवस्थापकहरुको क्षमता, सहकारी संस्थाहरुमा एकरुपता भन्ने नाराका साथ स्थापित कास्की जिल्लामा रहेका सहकारीका व्यवस्थापहकरुको साझा संस्था CMC Kaski मा संस्थाका प्रमुख कार्यकारी अधिकृत एवं दुबै कार्यालय प्रमुखहरुले सदस्यता लिएर आयोजना हुने तालिम तथा हरेक गतिविधिमा सकृय रहेका साथै CMC Kaski को कार्य समितिको सदस्य पदमा निर्विरोध निर्वाचित हुनुभएका संस्थाका प्रमुख कार्यकारी अधिकृत मार्फत संस्थागत सहकार्य एवं सुप्रचार हुने कुरामा हामी विस्वस्त छौं।

६. विगत वर्षमा जसरी नै समुदायप्रति चासो राख्दै संस्थाको बार्षिकोत्सवको सुअवसरमा लायन्स क्लब अफ पोखरा जयलक्ष्मी एवम् लायन्स क्लब अफ पोखरा मेट्रो सिटीसँग सहकार्य गर्दै रक्तदान कार्यक्रम आयोजना गरिएको तथा यसलाई आगामी बर्षहरुमा पनि निरन्तरता दिने तथा बार्षिकोत्सवको अवसरमा गरीने विभिन्न सामाजिक सहकार्य/सहयोग कार्यक्रम यस वर्ष पनि गरिएको र आगामी बर्षहरुमा पनि आवश्यकता अनुसार निरन्तरता गरिने छ।

७. सहकारी ऐन बमोजिम सदस्य, जिल्ला संघ, केन्द्रीय संघसँग बचत ऋण कारोबार सँगसँगै विभिन्न सदस्य हितकारी परियोजना सञ्चालन व्यवस्थापनको लागि विभिन्न उपसमिति मार्फत अध्ययन, अनुसन्धान गरिरहेका छौं।

## १३. तालिम, भ्रमण, गोष्ठी, अन्तरक्रिया :

१. सदस्य सेवा विस्तारको लागि संस्थागत सहकार्य गर्दै थोक ऋण प्रदान गर्ने साना किसान लघुवित्त वित्तिय संस्था लि.सँगको सहकार्यमा मिति २०८२ बैशाख १३ गते एवं मिति २०८२ बैशाख २५ गते गरी २ दिन संस्थाले लामाचौर एवं रानीपौवा कार्यक्षेत्र वरपरका सदस्यहरुलाई वित्तिय साक्षरता सहितको सहकारी शिक्षा एवं उत्प्रेरणात्मक तालिम संस्थाका अध्यक्ष एवं प्रमुख कार्यकारी अधिकृत मार्फत सहजिकरण भएको थियो।

२. हरेक कार्यालयसँग सम्बन्धित सदस्यहरुलाई विभिन्न कार्यक्रम आयोजना गरी औपचारिक एवं अनौपचारिक तवरमा वित्तिय साक्षरता एवं सहकारी शिक्षा प्रदान गरिरहेका छौं तथापि हालको माहोलले सदस्यको सकृयता कम भए पनि सकृयता बढाउन प्रयासरत छौं यस आ.व.मा सम्भव भएसम्म मासिक रुपमा नै सदस्यको घरदैलोमा नै पुगेर संस्थागत एवं सहकारी तथा वित्तिय शिक्षा प्रदान गर्ने तयारी गरेका छौं।

३. मासिक, त्रैमासिक रुपमा उच्च व्यवस्थापन एवं समिति पदाधिकारीहरु मार्फत सेवारत कर्मचारी एवं सदस्यहरुलाई नियमित उत्प्रेरणा प्रदान गरिरहेका छौं भने कर्मचारीको माग आवश्यकता अनुसार

विभिन्न तालिममा सकृय सहभागी गराइरहेका छौं ।

४. राष्ट्रिय, अन्तर्राष्ट्रिय सभा सम्मेलन, अन्तरक्रिया, गोष्ठी, तथा तालिम तथा विभिन्न सहकारीका साधारण सभा, संस्थागत निमन्त्रणा आएका कार्यक्रममा संस्थाका अध्यक्ष, सञ्चालक, पदाधिकारी, प्रमुख कार्यकारी अधिकृत, सबै कार्यालय प्रमुख एवं कर्मचारीहरु मार्फत सकृय सहभागिता जनाउँदै आइरहेको छ ।

५. संस्थाका सञ्चालक, पदाधिकारी, कर्मचारी, शेयर सदस्यलाई कार्य क्षमता अभिवृद्धिको लागि समय मिलाई विभिन्न राष्ट्रिय, अन्तरराष्ट्रिय सम्मेलन, तालिम, अन्तरक्रिया तथा गोष्ठीमा सहभागी गराइएको छ ।

६. सदस्य अनि परिवारसँग संस्थागत निकटताको वार्षिकोत्सवको अवसरमा पारिवारिक रमाइलो बनभोज, तिज कार्यक्रम, भ्रमण, भेटघाट सँगसँगै सदस्यको खुसी, विपत्ती अनि शोकमा संस्थागत सकृय सहभागितालाई निरन्तरता एवं सकयृता बढाइरहेका छौं ।

७. यस वर्ष विभिन्न तालिम तथा गोष्ठीमा संस्थागत सहभागिताको विवरण देहाय बमोजिम छ ।

| क्र.स. | तालिम, गोष्ठी, भ्रमण, अभिमुखिकरण एवं अन्य सहभागिता विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | मिती | कार्यक्रमको नाम स्थान | सहभागिको नामथर | पदक्रम | समयावधी | आयोजक संस्था |
| १ | २०८१/०८/०६ | सहकारी र कर कानुन विषयक अन्तर्क्रिया कार्यक्रम | सुशिल के.सी. | प्रमुख कार्यकारी अधिकृत | १ दिन | CMC Kaski |
| २ | २०८१/०८/०६ | सहकारी र कर कानुन विषयक अन्तर्क्रिया कार्यक्रम | शर्मिला काफ्ले | कार्यालय प्रमुख | १ दिन | CMC Kaski |
| ३ | २०८१/०८/१२ | अध्यक्ष र व्यवस्थापकहरुको क्षमता विकास तालिम | सुशिल के.सी. | प्रमुख कार्यकारी अधिकृत | २ दिन | राष्टिय सहकारी बैंक |
| ४ | २०८१/०८/१२ | अध्यक्ष र व्यवस्थापकहरुको क्षमता विकास तालिम | विष्णुप्रसाद पौडेल | सचिव | १ दिन | राष्टिय सहकारी बैंक |
| ५ | २०८१/०९/१० | धितो मूल्याङ्कन तालिम | रमेशराज गौतम | कार्यालय सहायक | २ दिन | CMC Kaski |
| ६ | २०८१/०९/१२ | सहकारी ऐन नियमन र कानुन सम्बन्धि समसामयिक विषयमा अन्तर्क्रिया तथा समन्वय गोष्ठी | सुशिल के.सी. | प्रमुख कार्यकारी अधिकृत | २ दिन | राष्टिय सहकारी बैंक |
| ७ | २०८१/१०/८ | जोखिममा आधारित आन्तरिक लेखा परिक्षण तालिम | यादव प्रसाद अधिकारी | लेखा समिति संयोजक | १ दिन | नेफ्स्कुन |
| ८ | २०८१/१०/८ | जोखिममा आधारित आन्तरिक लेखा परिक्षण तालिम | शर्मिला काफ्ले | कार्यालय प्रमुख | १ दिन | नेफ्स्कुन |
| ९ | २०८१/१०/१३ | कोपोमिस | अनुजा सुवेदी | कार्यालय सहायक | १ दिन | CMC Kaski & Coop registar |
| १० | २०८१/१०/१३ | बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाका लागि जारी गरिएको निर्देशन तथा मापदण्ड विषयक अन्तर्क्रिया कार्यक्रम | सुशिल के.सी. | प्रमुख कार्यकारी अधिकृत | २ दिन | राष्टिय सहकारी बैंक |
| ११ | २०८२/०१/०९ | Fit & Proper in co-operatives | सुशिल के.सी. | प्रमुख कार्यकारी अधिकृत | २ दिन | CMC Kaski |
| १२ | २०८२/०१/०९ | Fit & Proper in co-operatives | कमला रानाभाट | कार्यालय प्रमुख | २ दिन | CMC Kaski |
| १३ | २०८२/०२/२८ | अधावधिक कानुनी प्रणाली र जोखिम व्यवस्थापन तालिम | सुशिल के.सी. | प्रमुख कार्यकारी अधिकृत | २ दिन | CMC Kaski & NCBL |
| १४ | २०८२/०२/२८ | अधावधिक कानुनी प्रणाली र जोखिम व्यवस्थापन तालिम | कमला रानाभाट | कार्यालय प्रमुख | २ दिन | CMC Kaski & NCBL |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | २०८२/०३/२२ | वार्षिकोत्सव समारोह | सुशिल के.सी. | प्रमुख कार्यकारी अधिकृत | २ दिन | साना किसान विकास लघुवित्त वित्तिय संस्था |
| १६ | २०८२/०५/०२ | कार्यसमिति पदाधिकारी अन्तर्क्रिया कार्यक्रम | सुशिल के.सी. | प्रमुख कार्यकारी अधिकृत | २ दिन | CMC Kaski & CMC Kavre |

## १४. सम्मान तथा पुरस्कार :

आ.व.०८०/०८१ मा नियमित एवं उत्कृष्ट कारोबार गर्ने सदस्य, ज्येष्ठ नागरीक, उत्कृष्ट उपसमिति सदस्यलाई ९ औं साधारण सभामा देहाय बमोजिम सम्मानित तथा पुरस्कृत गरिएको छ।

**ज्येष्ठ नागरिक सम्मान : नगद रु.३,००० सहित संस्थागत कदरपत्र एवं दोसल्ला**

१ श्री धन बहादुर मगर, एकाई क- २०८१ कार्तिक २२ गते
२ श्री चन्द्रकान्त पोखेल, एकाई क- २०८१ कार्तिक २२ गते
३ श्री श्रीमती विष्णुमाया, एकाई क-२०८१ कार्तिक २२ गते
४ श्री मैता कुमारी गुरुङ्ग, एकाई ख- २०८१ कार्तिक २४ गते
५ श्री छलि राना मगर, एकाई ख- २०८१ कार्तिक २४ गते
६ श्री पना बहादुर गुरुङ्ग, एकाई ख- २०८१ कार्तिक २४ गते

**उत्कृष्ट बचतकर्ता सदस्य सम्मान : संस्थागत कदरपत्र एवं दोसल्ला**

१ श्री नारायण बस्नेत, एकाई क- २०८१ कार्तिक २२ गते
२ श्री प्रेम बहादुर गुरुङ्ग, एकाई ख- २०८१ कार्तिक २४ गते

**असल कारोबारी सदस्य सम्मान : नगद रु.३,००० सहित संस्थागत कदरपत्र एवं दोसल्ला**

१ मिना कुमारी थापा, एकाइ क- २०८१ कार्तिक २२ गते
२ विकास देवकोटा, एकाई ख- २०८१ कार्तिक २४ गते

## १५. सामाजिक उत्तरदायित्व बहन एवं सहकार्य :

सामूदायिक हितकार्यमा सहकार्य सहजताको लागि प्रमुख कार्यकारी अधिकृतको नीति कार्ययोजनामा रहेको जयलक्ष्मी फाउन्डेसन निमार्ण गरी सो मार्फत संस्थागत सूप्रचार हुने सदस्य एवं समूदाय हितकारी कामकाजमा सकृय रहने तयारी गरेका छौं भने आ.व.०८१/०८२ देखी हालसम्म संस्थागत सामाजिक उत्तरदयित्व बहन गर्दै तपशिल बमोजिम सहकार्य गरिएको छ।

| क्र.स. | सहकार्य गरिएको संघसंस्था | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | बहडरबोट आमा समुह, पोखरा-१६ | ५००० | तिज महोत्सव |
| २ | हिमालयन क्लव, बाटुलेचौर पोखरा-१६ | २,००० | रक्तदान |
| ३ | नव आदर्श सामुदायीक विकास, लामाचौर, पोखरा | १०,०१० | तिज महोत्सव सन्चालन अक्षयकोष |
| ४ | शिवालय महादेव मन्दिर समिति महायज्ञ | ५,५५५ | धार्मिक सहयोग |
| ५ | सार्दिखोला पोखरा सम्पर्क समिति, माछापुच्छे २ सार्दिखोला | २,५०० | तिज कार्यक्रम सहयोग |

| | | | |
|---|---|---|---|
| ६ | सार्दिखोला पोखरा सम्पर्क समिति, माछापुच्छे २ सार्दिखोला | २,००० | क्यालेण्डर प्रकाशन |
| ७ | प्रतिबिम्ब वाङ्मय , पोखरा | २,५०० | |

आदरणीय शेयर सदस्यज्यूहरु,

संस्थाले अघि सारेका देहायका भावि प्रस्ताव एवं कार्यक्रमहरु छलफल गरी पारित गर्ने बुँदागत रुपमा प्रस्तुत गर्दछु ।

**संस्थाका आगामी प्रस्ताव एवं कार्यक्रमहरु :**

१. साधारण सभाको बैधता एवं गणपुरक संख्या सम्बन्धमा ।

२. नवौं साधारण सभाको निर्णय पुस्तिका/माईन्युट तथा कार्यक्रम अनुमोदन सम्बन्धमा ।

३. संस्थाका सञ्चालक समिति (अध्यक्ष, सचिव एवं विभिन्न उपसमिति) को प्रतिवेदन, बार्षिक कार्यक्रम माथि छलफल गरि पारित गर्ने सम्बन्धमा ।

४. कोषाध्यक्षको आर्थिक प्रतिवेदन, बजेट एवं अनुमानित आयव्यय माथि छलफल गरि पारित गर्ने सम्बन्धमा ।

५. आ.व.०८१/०८२ को लेखापरिक्षण प्रतिवेदन माथि छलफल गरि पारित गर्ने सम्बन्धमा ।

६. शेयर लाभांश एवं संरक्षित पूँजिकोष फिर्ता रकम एवं अन्य कोष खर्च सम्बन्धमा ।

७. आ.व.०८२/०८३ को लेखापरिक्षणको लागि पारिश्रमिक सहित लेखापरीक्षक नियुक्ति गर्ने सम्बन्धमा ।

८. वित्तिय बजारको माग आवश्यकता अनुसार बचत तथा ऋणको शुल्क, व्याजदर अनुमोदन, निर्धारण तथा परिमार्जन गर्ने सम्बन्धमा ।

९. मासिक बचत एवं नियमित/क्रमिक बचत सन्चालन व्यवस्थापन सम्बन्धमा ।

१०. विनियम, नीति, कार्यविधि एवं निर्देशिका संशोधन/पुनर्लेखन सम्बन्धमा (सहकारी ऐन नियमावली अनुसार) ।

११. सहकारी संस्था एकिकरण/मर्ज सम्बन्धमा ।

१२. संस्थाको कार्यक्षेत्र विस्तार गर्ने सम्बन्धमा ।

१३. सदस्य सेवाको लागि सेवाकेन्द्र थप एवं एकिरण सम्बन्धमा ।

१४. सन्चालक समिति एवं लेखा समिति पुनर्गठन सम्बन्धमा (सभाको आवश्यकता अनुसार) ।

१५. रेमिट्यान्स/विप्रेषण कारोबार सञ्चालन सम्बन्धमा ।

१६. आन्तरिक लेखापरिक्षक नियुक्ती सम्बन्धमा ।

१७. संस्थाको बार्षिकोत्सव मनाउने सम्बन्धमा ।

१८. समुदायमा संस्थागत सुप्रचार सहित सामाजिक सहकार्य सम्बन्धमा ।

१९. एकिकरण अगावै साविक अष्टलक्ष्मी सहकारीको चितवनमा रहेको जग्गा व्यवस्थापन सम्बन्धमा ।

२०. ऋण लगानि, धितो मुल्याङ्कन सम्बन्धमा ।

२१. सहकारीको स्वेच्छिक तथा खुल्ला सदस्यताको सिद्धान्त अनुरुप संस्थामा शेयर खरिद गरि सदस्यता

लिने र छोड्ने प्रक्रिया विगत वर्षहरु जसरी नै नियमित राख्ने सम्बन्धमा ।

२२. दैनिक कामकाजमा सकृय रहेर संस्थागत व्यवस्थापनमा सहकार्य गर्ने सन्चालक, संयोजक, सदस्यलाई थप प्रोत्साहन भत्ता/पारिश्रमिक व्यवस्था गर्ने सम्बन्धमा ।

२३. सहकारी ज्ञान हासिलको लागि शिक्षा उपसमिति मार्फत सञ्चालक समिति, लेखा समिति, अन्य उपसमिति एवं कर्मचारीहरुलाई राष्ट्रिय, अन्तराष्ट्रिय तालिम, अन्तरक्रिया, गोष्ठी एवं अध्ययन अवलोकन भ्रमणको व्यवस्था गर्ने सम्बन्धमा।

२४. कर्मचारी थपघट, तलवभत्ता एवं सेवा सुविधा अनुमोदन, निर्धारण, परिमार्जन गर्ने सम्बन्धमा ।

२५. संस्थाले सञ्चालन व्यवस्थापन गरिरहेका बचत तथा ऋणका कार्यक्रम निरन्तरता एवं थपघट सम्बन्धमा ।

२६. सहकारी संस्था वा सहकारी संघहरुसँग समन्वय एवं सहकार्य गरि संस्थागत जग्गाको संरक्षण व्यवस्थापन सहित सहकारी ऐन नियमको परिधिभित्र रहेर १ सहकारी १ कृषि उत्पादनको अवधारण कार्यान्वयन हुने गरी बचत ऋण कारोबारको अलावा सदस्य हितकारी आयमुलक उत्पादनमुलक परियोजना सञ्चालन व्यवस्थापन एवं सहकार्य गर्ने सम्बन्धमा ।

२७. विभिन्न बीमा कम्पनीसँग संस्थागत सहकार्य गरि सदस्य सुरक्षा कार्यक्रम अन्तर्गत कर्जा, बचत एवं सदस्य तथा कर्मचारीको कार्य प्रोत्साहन एवं सुरक्षाको लागि जीवन बीमा गर्ने सम्बन्धमा ।

२८. संस्थागत आवश्यकता अनुसार जग्गा, भवन, सवारि साधन, फर्निचर, कार्यालय सजावट एवं विद्युतिय उपकरण एवं अन्य परियोजनागत संरचना निर्माण, खरिद/बिक्री तथा थप/विस्तार गर्ने सम्बन्धमा ।

२९. विभिन्न सरकारी तथा गैह्रसरकारी अनुदान लिन एवं थप पूँजी आवश्यक भएमा विभिन्न बैंक वित्तिय संस्थाहरुबाट कर्जा सुविधा लिने सम्बन्धमा ।

३०. ऋण नविकरण एवं व्याज मिनाह (छुट) सम्बन्धमा ।

३१. एकाई प्रतिनीधि चयन सम्बन्धमा (सभा समापनको लागि हरेक एकाईबाट सञ्चालक समितिको २ गुना भन्दा बढी र ३ गुना नबढ्ने गरी)

३२. विशेष प्रस्तावहरु (सदस्यबाट थप भएमा)।

१६. **श्रद्धाञ्जली अर्पण** :

सहकारी अभियानको दौरान विभिन्न समयमा संस्थासँग साथ सहकार्य गरी व्यक्तिगत आर्थिक, नैतिक सामाजिक उन्नति प्रगति सँगसँगै संस्थागत उन्नयनमा कटिवद्ध संस्थाका केही शेयर सदस्य एवं सदस्यका परिवारजनलाई हामीले विभिन्न कारणले यस वर्ष गुमाउन परेकोमा संस्था एवं म व्यक्तिगत रुपमा अत्यन्त मर्माहत भएको छु । शोकाकुल सबै परिवारजनमा यसै साधारण सभा मार्फत धैर्य धारण गर्दै सुखद जीवनयापन गर्ने शक्ति मिलोस भने सम्पूर्ण दिवंगत आत्माको चिरशान्ती एवं बैकुण्ठबासको कामना सहित हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछौं । सदस्यको हरेक सुखदुःखमा जयलक्ष्मी सँगसँगै रहने गरी व्यवस्थापन गरिरहेको भए पनि कहींकतै छुट्न गएको भए क्षमाप्रार्थी सहित हरेक सदस्यको सुख

दुःखको बारेमा समयमा नै संस्थाभमा सूचना एवं जानकारी गराइदिनुहुन सविनय अनुरोध छ।

१७. **संक्षेपमा :**

विश्वव्यापी नकारात्मक आर्थिक मन्दी एवं सहकारीको नकारात्मक सन्देश प्रवाह भइरहेको हालको विषम अवस्थामा पनि यहाँहरु सम्पूण शेयर सदस्यको माया हौसला एवं विश्वासबाट नियमित कारोबार गर्दै सहज सदस्य सेवा प्रदान गरी १० औं साधारणभा सम्पन्न गर्न सफल भएका छौं। नाम अनुरुपको बचत तथा ऋण कारोबारको अलावा विभिन्न सदस्य हितकारी परियोजना सन्चालन व्यवस्थापनमा लगानी गर्न अवस्था सहज नभए पनि विगतमा भैं आगामी दिनमा सकृय साथ सहकार्यको लागि यहाँहरु सम्पूर्ण सदस्यहरुलाई हार्दिक अपिल गर्दछौं। तत्कालको मुनाफाभन्दा सदस्यको आर्थिक नैतिक सामाजिक उन्नयन गरी दिगो सहकारी निर्माणमा हामी कटिवद्ध थियौं, छौं र रहने छौं।

गत ९ औं साधारण सभा एवं चौथो अधिवेशनबाट प्राप्त जिम्मेवारी अनुरुप हालको विषम अवस्थामा सहकारी अभियानमा अब्बल सहकारीको निमार्ण गर्न सहकार्य गर्नुहुने सम्पूर्ण सदस्यहरु, अहोरात्र खट्ने कर्मचारीहरु, समयानुकुल साथ सल्लाह सहकार्य गर्नुहुने सल्लाहकारज्युहरु, विभिन्न उपसमितिका सहकर्मी साथीहरु, नियमक निकाय, सहकारी अभियन्ताहरु, लेखापरिक्षक, प्रतिवेदन तयारी एवं सभा व्यवस्थापनमा साथ सहकार्य गर्ने सबै महानुभावहरु एवं समग्र सहकारी अभियान तथा हाम्रो जयलक्ष्मीको सूप्रचार गर्ने शुभेच्छुकहरु, सन्चारकर्मीहरुप्रति सन्चालक समितिको तर्फबाट हार्दिक धन्यबाद व्यक्त गर्दछौ ं।

आशा छ समितिले अगाडि सारेका प्रश्तावहरुमा घनिभूत छलफल गरी पारित गर्न हामी सबैको सकृय साथ सहकार्य रहनेछ। यहाँको साथ सहकार्य हाम्रो व्यवस्थापनमा हाम्रो जयलक्ष्मी सहकारीको सेवा अझ पारदर्शी, परिस्कृत एवं व्यवस्थित बनाउदै स्वर्गिय संरक्षकज्यूको परिकल्पना बमोजिम एउटा सबल, सक्षम अनि उत्कृष्ट सहकारी निर्माण गर्नेछौं। नकारात्मक हल्लाको पछि नलाग्न एवं समयानुकुल सल्लाह सुझाव सहित आफु, आफ्ना परिवार तथा नजिकका छिमेकीलाई जयलक्ष्मीमा नियमित कारोबार गर्न, भविष्यमा आवश्यक सहकार्य एवं सहयोगको लागि सदा तत्पर रहनुहुन एवं तत्कालको मुनाफामुखी सहकारी नभई दिगो एवं नमूना सहकारी निर्माणमा सकृय साथ सहकार्यको अपेक्षा सहित प्रतिवेदन पारित गरीदिनुहुनको लागि सबैमा अनुरोध सहित सहयोग र सहकार्य गर्ने सबैमा पुनः हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछौं।

लक्ष्मी माताले हामी सबैको कल्याण गरुन् ।।।

धन्यवाद, जयलक्ष्मी, जय सहकारी ।।।

शिवलाल उपाध्याय

अध्यक्ष

# जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पोखरा, कास्कीको
## १० औं वार्षिक साधारणसभामा
## प्रमुख कार्यकारी अधिकृत सुशिल के.सी. द्वारा प्रस्तुत
# वार्षिक नीति तथा कार्यक्रम र बजेट
**२०८२ भदौ २० र २१ गते**

हाम्रो जयलक्ष्मी साकोस एवं १० औं साधारण सभाका आदरणिय अध्यक्षज्यू, प्रमुख अतिथिज्यु, विशेष अतिथिज्युहरु, बर्तमान एवं पुर्व सन्चालक समितिका पदाधिकारीज्यूहरु, सन्चालकज्युहरु, गरिमामय सल्लाहकारज्युहरु, लेखा व्यवस्थापन, आर्थिक एवं कानुनी विषयमा सहजिकरण गरिदिनुहुने विषयविज्ञ सल्लाहकारज्युहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्युहरु, विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्युहरु, यस १० औं साधारण सभामा उपस्थित शेयर सदस्य एवं प्रतिनिधिज्यूहरु, सबै कार्यालय प्रमुख एवं सहकर्मी कर्मचारी साथीहरु, अन्य शुभेच्छुक, पत्रकार मित्रहरु, विभिन्न सहकारी एवं संघसंस्थाका आमन्त्रित अतिथिज्युहरु लगायत जयलक्ष्मी सहकारीको १० औं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत अभिवादन गर्दै आर्थिक वर्ष ०८२/०८३ को लागि प्रस्तावित नीति तथा कार्यक्रम र अनुमानित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- **पृष्ठभूमि** :

व्यक्तिगत एवं खराब आचरण भएका केही सहकारीकर्मीको बदमास एवं गलत व्यवस्थापनको कारण सृजित समग्र सहकारीको नकारात्मक बजार हल्लाले गर्दा सदस्य, सन्चालक एवं आम जनमानसमा सहकारीप्रतिको विश्वास कम हुँदै गइरहेको हालको विषम अवस्था सँगसँगै संस्थापक सदस्य एवं कारोबारी सदस्यको रुपमा २ थरी सदस्यको रुपमा विभेदकारी व्यवस्थापन गर्ने आम सहकारी संस्थाहरुका विच आजभन्दा १ दशक अगाडि समुदाय र समुदायमा रहेका सदस्यहरु केन्द्रीत आर्थिक कारोबार गर्दै छरिएर रहेको पूँजिलाई एकिकृत गरेर बिउपूँजिको रुपमा सदस्य हरुलाई नै लगानी गरी सदस्यको आर्थिक, नैतिक एवं सामाजिक उन्यन गर्दै "**सहकारी मार्फत आत्मनिर्भरता**" अभिवृद्धि गरि समुन्नत समाज निर्माण गर्न एवं संस्थाका संरक्षक स्वर्गिय लायन गोबिन्दबहादुर क्षेत्रीले देखेको सपना अनुरुप "**हाम्रो जयलक्ष्मी राम्रो जयलक्ष्मी, नमूना जयलक्ष्मी**" बनाउन हामी हरदम प्रयासरत छौं ।

नेपाल सरकारको कडा सहकारी नीति, हालको बजार अवस्थाको कारण दीगो कर्मचारी व्यवस्थापन गर्न कठिनाई भएको भए पनि लामो अनुभव भएका लगनशिन एवं मेहनति सिमित कर्मचारी टिम मार्फत चुस्त दुरुस्त एवं पारदर्शि व्यवस्थापन तथा संस्थागत सुशासन सहित संस्थाको सुप्रचार गर्दै आम समुदाय एवं सदस्यहरुमाझ सकृय सदस्य सेवा प्रदान गरिरहेका छौं । सहकारी भनेको समुदाय र समुदायमा रहेका सदस्यहरुको भरोसा र विश्वासमा नियमित चलिरहने एउटा मौलिक, आर्थिक संगठन हो भन्नेमा हामी पूर्ण

सचेत रहेका छौं भने सहकारीको नकारात्मक सन्देश प्रवाह सँगसँगै नियमित कारोबार गर्न गराउन नसकेर अधिकांश सहकारीहरु करिब करिब बन्द जस्तो भइरहेका सहकारीहरुका विचमा हामीले नियमित सदस्य सेवा प्रदान गर्न हामी सदा तत्पर थियौं, छौं र रहने छौं । यद्यपी केही ऋणी सदस्यहरुले हामीलाई ऋण असुलीमा दुःख दिएको, पटकपटक ऋणी परिवार एवं जमानत कर्तालाई ताकेता गर्दा ऋण असुली हुन नसकेकोले ३ पुस्ते सार्वजनिक सूचना गरी कानुनी उपचार माफर्त ऋण असुली गर्ने तयारी गरेका छौं । सहकारीको विश्वव्यापी मूल्य मान्यता, सिद्धान्त, नेपाल सरकारको सहकारी ऐन, नियमावली, भर्खरै आएको सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, नेपाल राष्ट्र बैंकको निर्देशन एवं संस्थाको विनियम, नीति कार्यविधिलाई आत्मसाथ गर्दै विगतको सफलता, अनुभव एवं सदस्य शुभेच्छुकहरुबाट प्राप्त सुझावहरुलाई शिरोपर गर्दै हामीले यस वर्षको वार्षिक नीति तथा कार्यक्रम तय गरेका छौं ।

- **२०८१/०८२ लाई फर्केर हेर्दा :**

आ.व. २०८१/०८२ लाई फर्केर हेर्दा राष्ट्रिय अर्थतन्त्र नकारात्मक रुपमा चलिरह्यो, विभिन्न पेशा व्यवसाय गिर्दो अवस्थामा छन् । सहकारीको नकारात्मक हल्लाका विच समग्र सहकारी अभियानको विश्वसनियता गुमेको छ भने सहकारी सन्चालन व्यवस्थापन निकै चुनौतिपूर्ण, समस्या केन्द्रित र उथलपुथल अवस्थामा गुज्रेको वर्षको रुपमा गत आ.व. ०८१/०८२ लाई लिन सक्छौं । सहकारी ऐन नियमको परिपालना नगर्ने, सहकारी मूल्य मान्यता र सिद्धान्त विपरित एवं व्यक्तिगत लोभलालचमा वित्तिय अनुशासन बिगारेर समुदाय एवं सदस्य केन्द्रित नभई परिवार र व्यक्तिगत केन्द्रित केही सहकारी सन्चालकको गलत प्रवृत्तिले गर्दा बजारमा आम जनमानसले सहकारी प्रति नकारात्मकता एवं अविश्वासको भाव व्यक्त गरिरहेका छन् भने कोरोना महामारीको दिर्घकालिन असर सँगसँगै विभिन्न देशमा देखिएको आर्थिक मन्दी, देशमा व्याप्त राजनैतिक अस्थिरता, केही समूहले बैंक वित्तिय संस्था एवं सहकारीहरुको ऋण तिर्नुपर्दैन भन्ने नकारात्मक हल्लाहरु, छिटोछिटो परिवर्तन भइरहने सरकार एवं सरकारी नीतिको कारण खस्किएको व्यापार व्यवसाय अझै लयमा फर्किन सकेको छैन् भने व्यापार व्यवसाय सन्चालन गरिरहेका व्यापारीहरु व्यवसायबाट विस्तारै पलायन भइरहेका छन् जसको कारण लगानी गर्ने अवस्था सृजना नभएका कारण बैक वित्तिय संस्थाहरुमा तरलता अधिक भईरहेको छ ।

प्राविधिक रुपमा पूर्ण सक्षम नभए पनि विभिन्न पेशा व्यवसायमा अब्बल, सुपरिचित सन्चालकहरु, अनुभवी एवं इमान्दार कर्मचारीहरुको सकृयताले समुदायसँग नजिक रहेर हामीले सदस्यमैत्री सेवा प्रदान गरेको कारण तथा विगतमा ठुलो ऋण एवं ठुलो बचत कारोबार नगरेको कारण हालसम्म हामी कुनै पनि दुर्घटनामा परेका छैनौं, नियमित रुपमा सदस्यलाई बचत फिर्ता गरिरहेका छौं भने ऋण लगानी कारोबार गरिरहेका छौं । खराब ऋणको संख्या न्युनिकरण गर्दै सकेसम्म नगदमा नै ऋण असुली गर्ने तयारी गरेका छौं भने सहकारी ऐन बमोजिम समिति पदाधिकारी एवं कर्मचारी व्यवस्थापन टिमले ऋण उपभोग गरेका छैनौ भने न्युन रुपमा उपभोग गरेको ऋण कारोबार नियमित छ, सदस्य एवं संस्थागत कारोबार अभिवृद्धि गर्न एकतावद्ध रुपमा समिति कर्मचारी सकृय छौं, जसलाई हामीले संस्थागत साखको रुपमा समुदायमा सुशासनयुक्त सहकारीको रुपमा संस्थागत सुप्रचार गर्दै सहकारी गतिविधि अगाडि बढाउन सफल भएका छौं । सदस्य एवं समुदायसँग नजिक रहेर समाजमा सहकारीको सकारात्मक सन्देश फैलाउन सदा प्रयासरत रहेकाले आ.व. ०८१/०८२

लाई चुनौति सँगसँगै विषम परिस्थितिमा अडिग एवं खारिएर दीगो सहकारी निमार्ण गर्ने वर्षको रुपमा लिएका छौं।

सम्पूर्ण सदस्यको सकृय कारोबार, सहकर्मी साथीहरुको ईमान्दारिता, लगन एवं मेहनत, पूर्व एवं बर्तमान सञ्चालक समितिको सुझबुझपूर्ण व्यवस्थापन, विभिन्न सहकारी अभियन्ता, सल्लाहकार, शुभेच्छुकहरुको समयानुकुल सल्लाह सुझाब हौसला एवं लक्ष्मी माताको अनुकम्पा स्वरुप आ.व. २०८१/०८२ मा **राष्ट्रिय सहकारी बैंक लि.बाट पोखरा शाखा अन्तर्गत हाम्रो जयलक्ष्मी "उत्कृष्ट सहकारी सम्मान २०८१"** सम्मानित हुन सफल सगर्व जानकारी गराउँन पाउदा अत्यन्त हर्षित भएका छौं भने भने प्राप्त सम्मानको गरिमा कायम गर्दै आगामी दिनमा अन्य राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा हाम्रो जयलक्ष्मीलाई सम्मानित गराउन हामी तन मन सहित सकृय रहने छौं यहाँहरुबाट पनि विगतभन्दा बढि सकृयता सँगसँगै आलोचनात्मक सुझाबको अपेक्षा गर्दै संस्थागत वार्षिक नीति तथा कार्यक्रम र बजेट पेश गर्ने अनुमति चाहन्छौं।

- **नीति तथा कार्यक्रमको केन्द्रबिन्दु एवं प्राथमिकता :**

१. शिक्षा समितिको अगुवाइमा त्रिवर्षिय रणीतिक योजना तयार गरिएको छ भने सोही रणनीतिको आधारमा संस्थागत सदस्य कारोबार अभिवृद्धि गरिनेछ।

२. त्रिवर्षिय रणीतिक योजना अनुरुप संस्थागत कारोबार अभिवृद्ध गर्न त्रैमासिक रुपमा समिक्षा गर्दै आवश्यकता अनुसार परिमार्जन गरिनेछ।

३. संस्थाको बजेटको परिधिभित्र संस्थागत गतिविधि सन्चालन व्यवस्थापन गरिनेछ।

४. सदस्यता अभिवृद्धि सँगसँगै सदस्यता सन्तुष्टीमा ध्यान दिइनेछ।

५. सदस्यको भलाइको लागि मासिक, क्रमिक/नियमित एवं दीर्घकालिन बचतलाई प्रोत्साहन गरिनेछ।

६. संस्थामा बचत अभिवृद्धि सँगसँगै बचत सुरक्षा एवं वित्तिय स्वास्थ्यलाई ध्यान दिइनेछ।

७. संस्थागत कारोबार सँगसँगै आय बढाउन एवं मितव्ययी खर्चमा संस्था सुसन्चालन व्यवस्थापन गर्दै संस्थाको कोष वृद्धिमा ध्यान दिइनेछ।

८. ठुलो बचत तथा ठुलो ऋण लगानी भन्दा मझौला तथा साना बचत एवं ऋण कारोबारमा सदस्यलाई प्रोत्साहित गरिने छ।

९. नाफामुखी संस्था नभई सेवामुखी व्यवसाय विस्तारमा संस्थागत कारोबार केन्द्रित गरिने छ।

१०. नीति विधि र प्रविधियुक्त सहज सदस्य सेवा सँगसँगै डिजिटल मैत्री सेवा विस्तार गरिने छ।

११. सदस्यको माग आवश्यकता व्यवस्थापन गर्न आवश्यकता अनुसार संस्थागत एवं नीतिगत परिमार्जन एवं पुनसंरचना गरिने छ।

१२. बचत तथा ऋण कारोबार मात्रै नगरी दीर्घकालिन आयमुलक परियोजना सन्चालन व्यवस्थापन गर्न गराउन सदस्यलाई प्रोत्साहित गरिने छ।

१३. शेयर, बचत, ऋण, कोष तथा अन्य कारोबारलाई सन्तुलित रुपमा व्यवस्थापन गरिनेछ।

१४. गत वर्ष झैं वरपर छिमेकमा रहेका सहकारी संस्थाहरुसँग प्रतिस्पर्धिको रुपमा नभई आवश्यकता

अनुसार साथ सहकार्य गर्दै सहकारी अभियानलाई शुद्धिकरण गर्न पहल गरिनेछ।

१५. चुस्त दुरुस्त एवं पारदर्शी व्यवस्थापन सहितको सहज सदस्य सेवा प्रदान गर्दै सुशासनयुक्त नमुना सहकारीको रुपमा समुदाय एवं सदस्यको हितमा काम गर्दै अब्बल सहकारी सावित गरिनेछ।

१६. हाल ३ वटा कार्यालय मार्फत सेवा प्रदान गरिएकोमा सदस्यको माग आवश्यकता अनुसार नियमक निकायको अनुमति लिएर कार्यक्षेत्र विस्तार सँगसँगै सेवाकेन्द्र विस्तार गरिनेछ।

१७. सहकारी ज्ञान, सिप, दक्षता बढाउन नीतिगत एवं संस्थागत सुधारको लागि समिति उपसमितिका पदाधिकारीहरु एवं शेयर सदस्यहरुलाई समयानुकुल तालिम उपलब्ध गराउन पहल गरिनेछ।

१८. योग्य, दक्ष एवं सक्षम कर्मचारीहरु मार्फत सहज सदस्य सेवा प्रदान गर्न कर्मचारीहरुलाई पुनर्ताजगी सहितका विभिन्न तालिममा सहभागि गराईनेछ।

- **प्रस्तावित कार्यक्रम तथा योजना :**

१. **शेयर सदस्य तथा शेयर पूँजि व्यवस्थापन :**

- चालु आ.व.मा कम्तीमा १५ प्रतिशत शेयर सदस्य थप गरि ३,००० सदस्य पुऱ्याउन पहल गरिनेछ।
- न्युन शेयर भएका सदस्यलाई प्रोत्साहित गरि सबै सदस्यको समान ५० हजार शेयर कायम गर्न पहल गरिनेछ।
- सदस्यता अभिवृद्धि एवं शेयर पूँजि व्यवस्थापनको लागि समुदाय केन्द्रित सहकारी अभिमुखिकरण कार्यक्रम सन्चालन गरिनेछ भने आवश्यकता अनुसार सदस्य भेटघाटको लागि घरदैलो अभियान गरिनेछ।
- सहज सदस्य प्रवेशको लागि अनलाइनबाट सदस्य हुने व्यवस्था सँगसँगै संस्थामा युवा सदस्यको संख्या बढाउन आवश्यक पहल गरिनेछ।
- समुदायमा संस्थाको सुप्रचार गर्न मासिक/त्रैमासिक सदस्य भेटघाट कार्यक्रम सन्चालन व्यवस्थापन गरिनेछ।
- सदस्यहरु भईसकेको स्थान तथा समुदायका सदस्यको माग आवश्यकता बुझ्न एवं सल्लाह सुझाव संकलन गरि योजना सन्चालन गर्न विभिन्न विस्तारित मञ्चहरु आयोजना एवं व्यवस्थान गरिनेछ।
- उत्कृष्ट बचतकर्ता एवं असल कारोबारी सदस्यहरुसँग समयसमयमा छलफल, बहस, भेटघाट गरि संस्थागत एवं सदस्यको उन्नयनका लागि आवश्यक नीति परिमार्जन गरिने छ।
- सदस्यता अभिवृद्धिको लागि समिति, उपसमिति एवं कर्मचारीहरु सकृय रहने छौं भने हरेक सदस्यलाई १/१ जना सदस्य थप/सिफारिस गर्न प्रोत्साहित गर्नेछौं।
- लामो समयसम्म संस्थामा सम्पर्क विहिन रहेका एवं आफ्नो पेशा व्यवसायका लागि स्वदेशका विभिन्न स्थान तथा विदेशमा रहेका सदस्यहरुसँग नियमित सम्पर्क समन्वयका लागि संस्थाको आधिकारिक सामाजिक सञ्जालमा जोडेर सकृय बनाउन पहल गरिने छ।

२. **बचत निक्षेप संकलन एवं व्यवस्थापन :**

- संस्थागत कारोबार अनुसार हाल बचत निक्षेपको अनुपात नमिलेकोले सो व्यवस्थापन गर्न संस्थामा अधिक बचत संकलन गर्न गराउन सदस्यलाई प्रोत्साहित गर्नेछौं।
- सदस्यको दीर्घकालिन भलाइको लागि आवश्यक मासिक अनिवार्य बचतलाई प्रोत्साहित गरिनेछ।
- सदस्यको बचत गर्ने बानीको बिकास गर्न एवं विभिन्न पर्व तथा खास कामकाजमा पूँजि व्यवस्थापन सहजताको लागि विभिन्न पर्व बचत एवं क्रमिक बचतको लागि प्रोत्साहित गरिनेछ।
- बजारमा आवधिक बचतको व्याज न्युन भई सदस्यहरु रकम जम्मा गर्न विश्वसनिय संस्थाको खोजिमा रहेको हालको अवस्थामा समिति कर्मचारी मिलेर प्रति व्यक्ति कम्तीमा १०/१० लाख आवधिक बचत संकलन गर्न पहल गरिनेछ।
- सदस्यको दिगोपन एवं दिर्घकालिन सुरक्षा सँगसँगै ऋण लगानी सुरक्षणको लागि सबै सदस्यलाई संस्थाले सन्चालन गरेको सुनौलो भविष्य बचतमा सकृय सहभागिताको लागि पहल गरिनेछ।
- ज्येष्ठ सदस्य सम्मान गर्दै कम्तीमा १०० वटा ज्येष्ठ नागरिक बचत, महिला सदस्यलाई बचत गर्न प्रोत्साहन गर्दै कम्तीमा १००० वटा नारी बचत तथा बाल बचतकर्ता प्रोत्साहन गर्दै यस वर्ष सानै उमेरमा बचत गर्न सिकाउने बाल बचतलाई यो वर्ष ५०० भन्दा बढी संख्या पुऱ्याइनेछ।

३. **ऋण लगानी तथा असुली योजना :**

- कारोबार अनुसार सार्दीखोला सेवाकेन्द्रको ऋण कारोबार न्युन भएकोले सुरक्षित एवं सदस्यहरुलाई आयमुलक परियोजनामा लगानीको लागि पहल गरिनेछ।
- समग्र संस्थागत कारोबार अभिवृद्धि सँगसँगै आयमुलक एवं उत्पादनमुलक परियोजना सन्चालन व्यवस्थापन गर्दै यस वर्ष थप ५०० सदस्यलाई सुरक्षित ऋण लगानी व्यवस्थापन गरिने छ।
- बिना धितो ऋण न्युनीकरण गर्दै सुनौलो भविष्य बचत, क्रमिक नियमित बचत गर्न लगाई सोको अनुपातमा सामुहिक जमानत ऋण प्रदान गर्दै संस्थागत सुरक्षण एवं सदस्यलाई दिर्घकालिन राहत प्रदान गरिनेछ।
- ऋणको भाखा नाघ्न नदिई ५ प्रतिशतभन्दा कम गराईने छ भने साना तथा मझौला ऋण लगानीलाई प्राथमिकतामा राखेर आयमुलक क्षेत्रमा ऋण लगानी व्यवस्थापन गरिनेछ।
- धितो सुरक्षण एवं सदस्यको आम्दानी तथा अत्यावश्यकतालाई मध्यनजर गरि किस्ताबन्दी ऋण लगानी गरिनेछ भने सदस्यको अवस्था हेरी बढीमा ६ महिना ग्रेस पिरियडको सुविधा प्रदान गरिनेछ।
- यस वर्षबाट असल ऋणी सदस्यलाई तिरेको व्याजमा ३ प्रतिशतसम्म छुट दिने र भाखा नाघेका ऋणी सदस्यको भाखा नाघको रकमको ३ प्रतिशतसम्म हर्जाना लिने नीति अवलम्बन गरिनेछ भने समयभित्र ऋण चुक्ता भुक्तानी नगर्ने सदस्यलाई कानुनी दायरामा ल्याई ऋण असुली गर्न कडाइ गरिनेछ।
- विगतको ऋण असुली दुःखलाई अनुभुत गरि ऋण लगानी पूर्व अनिवार्य परामर्श, आम्दानीको पहिचान, धितो, सदस्यको आचारण, लगानीको क्षेत्र, वित्तिय साक्षरता एवं ऋणको सदुपयोगिता

जस्ता विषयहरुलाई विश्लेषण तथा छलफल गरेर मात्रै थप ऋण लगानी विस्तार गरिने छ।

४. **समुदाय केन्द्रित एवं सामुहिक जमानी ऋण योजना :**

- समुदाय केन्द्रित सहकारी संस्थाहरु मात्रै अब्बल एवं सक्षम रहने तर्फ पूर्ण सचेत रहँदै समुदायको हितमा आवश्यक बचत तथा ऋण लगानी कार्यक्रम व्यवस्थापन गरिनेछ।
- हालसम्मको अनुभवमा महिला केन्द्रित लगानी सुरक्षित रहेको साथै ऋणको पूर्ण सदुपयोग भएको देखिएकोले यस वर्षदेखि सामुहिक जमानिमा खुद्रा तथा साना व्यवसाय गर्न ईच्छुक महिलाहरुलाई सामुहिक जमानी ऋण प्रदान गरिने छ।
- सामुहिक तथा महिलाहरुको आर्थिक नैतिक सामाजिक उन्नयनका लागि थोक ऋण प्रदायक संघसंस्था तथा अन्य विषयगत संघसंस्थासँग समन्वय गरी कृषि, पशुपालन, तरकारी तथा अन्य व्यवसायिक ऋण एवं विभिन्न सिपमुलक तथा आयमुलक तालिम प्रदान गरिने छ।
- समय समयमा तालिम तथा ऋण सदुपयोगिताको जाँच गरिनेछ भने सो सँगसँगै आवश्यकता अनुसार विभिन्न गोष्ठी गरी अनुभव साटासाट गरिनेछ।

५. **डिजिटल प्रविधिमैत्री सेवा व्यवस्थापन :**

- सम्भव भएसम्म संस्थागत कारोबारलाई Cashless, Paperless, Chequeless बनाउन पहल गरिनेछ जसको लागि Document Management System (DMS) सेवा प्रयोगमा ल्याइसकिएको छ।
- संस्थाको SMSWebsite, Tiktok, Facebook, Viber, Messanger, Whatsapp, Sms मा सबै सदस्यलाई जोडेर यथासम्भव छिटो संस्थागत सूचना एवं जानकारी प्रदान गरिनेछ र सोको लागि छुट्टै विभागिय व्यवस्थापन गरिने छ।
- संस्थागत पारदर्शिता एवं सदस्यको सहजताको लागि सम्भव भएसम्म सबै सदस्यलाई यस वर्ष संस्थाको Mobile Banking, SMS Banking, तथा QR बैकिङ्गमा सहभागि गराइनेछ।
- सदस्यको हरहिसाब व्यवस्थापनको लागि संस्थाले प्रयोग गरिरहेको कोर बैकिङ्ग सिस्टमलाई थप परिस्कृत एवं विश्वसनिय बनाइनेछ।
- संस्थागत हरेक कार्यक्रम तथा गतिविधिमा सदस्यको सकृय सहभागिताको लागि विभिन्न आधिकारिक सामाजिक सञ्जाल तथा एस एम एसको प्रयोगमा सदस्यलाई प्रोत्साहित गरिनेछ।

६. **बीमा तथा सुरक्षा योजना :**

- यस वर्षबाट सदस्यको बचत तथा ऋण लगानी सुरक्षणको लागि विश्वसनिय बीमा कम्पनीसँग समन्वय गरी निर्जिवन तथा जीवन बीमा गरिनेछ।
- बीमा सेवालाई सर्वशुलभ एवं सहज बनाउन बीमा कम्पनीहरुसँग आवश्यक साथ सहकार्य गरिने छ।
- कृषि, फलफुल तथा पशु बीमा कार्यको लागि बीमा कम्पनीहरुसँग सहकार्य गरि सदस्य सेवा प्रदान

गरिनेछ।

- दैनिक सदस्य सेवामा खटिनुपर्ने कर्मचारीलाई सामाजिक सुरक्षाकोषमा दर्ता गरि सो मार्फत बीमा सुरक्षण प्रदान गरिने छ भने सामाजिक सुरक्षामा नगएका कर्मचारी तथा समितिको दुर्घटना बीमा गरी सुरक्षित सेवा प्रदान गर्न तत्पर रहने छौं।

७. **क्षमता अभिवृद्धि कार्यक्रम** :

- संस्थाका सदस्य, समिति, उपसमिति तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि आवश्यकता अनुसार तालिम आयोजना व्यवस्थापन एवं सहकार्य गरिनेछ।
- यस वर्ष चुस्त दुरुस्त व्यवस्थापन सहित सहज पारदर्शी सदस्य सेवा तथा प्रतिवेदन तयारीको लागि आवश्यक नेपाल वित्तिय प्रतिवेदनमान (NFRS Report), Pearls Analysis, Strategy Planning, Tax Management, Loan Management, GOAML, Mobile Banking लगायत अन्य आवश्यक नीतिगत तथा प्राविधक तालिम प्रदान गरि कर्मचारीहरुलाई दक्ष एवं क्षमतावान बनाइनेछ।
- सदस्यसँग नजिक रहेर मात्रै संस्थागत कारोबार अगाडि बढाउन सकिने तर्फ सचेत रहँदै आन्तरिक बाह्य गरी विभिन्न सचेतना, अभिमुखिकरण, तालिम तथा गोष्ठीहरु आयोजना एवं सहकार्य गरिनेछ।

८. **संस्थागत सहकार्य एवं समन्वय** :

- सदस्य हितकारी परियोजना सन्चालन व्यवस्थापनको लागि असल अभ्यास गरिरहेका सहकारी संस्था, विभिन्न सरकारी गैह्र सरकारी निकायहरुसँग आवश्यक समन्वय सहकार्य गरिने छ।
- थोक ऋण प्रदायक संघसंस्था, NCBL, NEFSCUN सँग सहकार्य समन्वय गरि सदस्यका माग आवश्यकता पुरा गर्न पहल गरिनेछ।
- कार्यालय रहेको स्थानिय निकाय, संघसंस्था, छिमेकी सहकारीहरु, विषयगत जिल्ला, प्रदेश तथा केन्द्रिय सहकारी संघ, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंकसँग सम्बन्ध प्रगाढ बनाई सदस्य हितकारी परियोजना सन्चालन व्यवस्थापन एवं सहकार्य गरिने छ।
- लक्ष्य, उद्देश्य मिल्ने विभिन्न सहकारीहरुसँग भगिनी सम्बन्ध विस्तार गर्दै आवश्यकता अनुसार व्यवसायिक सहकार्य एवं एकिकरण प्रयास गरिने छ।
- सदस्य सेवा विस्तारको लागि विभिन्न अस्पताल एवं संघ संस्थासँग सम्झौता गरि सदस्य छुट सेवा प्रदान गरिएकोमा सोको निरन्तरता सँगसँगै अन्य आवश्यक व्यवसायिक प्रतिष्ठानसँग सहकार्य गरि सदस्यलाई सेवाको सूचना गरिनेछ।
- संस्थागत प्रतिनिधित्व गर्दै भर्खरै सि एम सि कास्कीको कार्यसमिति सदस्य भएसँगै सि एम सि मा आवद्ध एवं असल अभ्यास गरिरहेका स्वदेशी विदशी सहकारी संघसंस्थाहरुसँग समन्वय एवं सम्बन्ध बिस्तार गरिनेछ।

## ९. प्रकाशन, प्रशारण तथा सूचना सम्प्रेषण :

- संस्थाले हालसम्म हासिल गरेका उत्कृष्ट कार्य, गतिविधी र असल अभ्यासहरुलाई समयमा नै सदस्यहरुमाफ पुऱ्याउन सम्भव भएसम्म जयलक्ष्मी बुलेटिन निकाल्ने अभियान शुरुवात गरिनेछ।
- संस्थागत जानकारी सहितको भित्तेपात्रो, हाते पुस्तक, ब्रोसरहरु मार्फत संस्थागत जानकारी प्रदान गरिनेछ।
- संस्थागत सूप्रचारको लागि विगतमा झै यस वर्ष पनि टिसर्ट, टोपी, छाता, बलपेन, डायरी वितरण गरिने छ भने संस्थाको सामाजिक सन्जाल मार्फत भरपुर सूचना एवं जानकारी गराइनेछ।
- नेपाल सरकार, सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, नेपाल राष्ट्र बैंक, सम्बन्धित स्थानिय निकायको निर्देशन बमोजिम सबै रिपोर्टिङ्ग गर्ने, कोपोमिसमा रिपोर्टिङ्ग तथा संस्थाको वेवसाइट एवं सूचनाबोर्ड मा प्रकाशन गरिने छ।
- यसै प्रतिवेदन सँगसँगै अन्य प्रतिवेदनहरु संस्थाको Website एवं QR मार्फत सहज रुपमा अध्ययन गर्न मिल्ने बनाउने छौं।
- साधारण सभाको अवसरमा हालसम्मको विभिन्न तालिम, भ्रमण तथा अन्य गतिविधिहरुको फोटो ब्यानर प्रदर्शन गर्ने छौं भने फोटो भिडियो बनाएर सामाजिक सन्जाल मार्फत सम्प्रेषण गर्ने छौं।

## १०. सामाजिक सहकार्य :

- समुदायमा हाम्रो जयलक्ष्मी सहकारीलाई सुपरिचित बनाउन समुदाय केन्द्रित विभिन्न कार्यक्रम आयोजना सँगसँगै सहकार्य गरिनेछ।
- विगत वर्षहरुजस्तै विभिन्न संघसँग सहकार्य गरि रक्तदान कार्यक्रम नियमित गर्नेछौ भने यस वर्ष आँखा शिविर, स्वास्थ्य शिविर, स्वास्थ्य सचेतना कार्यक्रम, वार्षिकोत्सव (सरसफाई, अन्तरकृया) सहकारी दिवस, ग्लोबल मनी विक, महिला एवं युवा लक्षित वित्तिय साक्षरता एवं डिजिटल बैंकिङ्ग, शैक्षिक छात्रवृत्ति जस्ता कार्यक्रम आयोजना एवं सहकार्य गरिनेछ।
- नियमित एवं अधिक बचत गर्ने एकाइगत सदस्य, नियमित ऋण कारोबार गर्ने एकाइगत सदस्य, ज्येष्ठ नागरिक, राष्ट्रिय अन्तर्राष्ट्रिय अवार्ड तथा पुरस्कार पाउने, उत्कृष्ट अंक सहित उच्च शिक्षा हासिल गर्ने शेयर सदस्य एवं सन्ततिहरु, उत्कृष्ट कर्मचारीहरुलाई संस्थाको साधारण सभा एवं वार्षिकोत्सवको अवसरमा नगद सहित सम्मान गर्ने गरिएको छ भने यस वर्षदेखि संस्थामा लामो समय सेवा गर्ने कर्मचारीहरुलाई दशक सेवापदक, रजत पदक, दीर्घ सेवा पदक एवं नगद सहित सम्मान गर्ने लक्ष्य लिइएको छ।
- यस वर्षदेखि उत्कृष्ट कार्य गर्ने सदस्य, कर्मचारी, सहकारी क्षेत्रमा विशिष्ट योगदान गरेका संघसंस्था, श्रस्टा, अभियन्ताहरुलाई जिल्लाव्यापी, प्रादेशिक एवं राष्ट्रिय रुपमा सम्मान गर्ने उद्धेश्य सहित जयलक्ष्मी फाउन्डेशनको तयारी गरिनेछ। संस्थाको बिनियममा उल्लेखित समुदाय विकास कोषको रकम उक्त फाउन्डेसनमा क्रमश जम्मा गर्दै जाने एवं विभिन्न सहयोगीहरुले दिने रकम उक्त कोषमा

जम्मा गरि सोबाट आर्जित व्याजले सम्मान कार्यक्रम गर्ने तयारी गरिनेछ।

- हरेक कार्यालय वरपर रहेका समुदाय, आमा समूह, टोल सुधार समिति तथा सामाजिक संघसंस्थासँग समन्वय गरेर आवश्यकता अनुसारका समुदाय केन्द्रित कार्यक्रम सन्चालन एवं सहकार्य गरिने छ।

११. **विप्रेषण (रेमिट्यान्स) सेवा :**

- संस्थामा आवद्ध सदस्यहरुलाई विप्रेषण (रेमिट्यान्स) सेवा प्रदान गर्न हामीले विभिन्न विश्वसनिय सेवा प्रदायक कम्पनीहरुसँग सम्झौता गरि सेवा प्रदान गरिरहेका छौं।
- संस्थाका सदस्य एवं परिवारले विदेशमा आर्जन गरेको रकम नेपालमा जम्मा गरि आयमुलक कामकाजमा प्रयोग गर्न उल्लेख्य भूमिका रहेको विप्रेषण (रेमिट्यान्स) सेवालाई थप प्रभावकारी एवं सुरक्षित बनाउन प्रयासरत छौं।
- विप्रेषण (रेमिट्यान्स) बाट रकम राख्ने झिक्ने स्थानीयलाई हामीले संस्थाको सदस्य बनाउने गरेका छौं।
- सदस्यको हरहिसाब व्यवस्थापन गर्न प्रयोग गरिरहेको Infinity Software मार्फत मोबाइल Mobile Banking मार्फत विप्रेषण भुक्तानी सम्झौता गरिएको छ भने सो मार्फत मुलुकभर सदस्यले रकमान्तर गर्न सक्ने व्यवस्था मिलाईएको छ भने, अन्य बैंक वित्तिय संस्थामा भएको रकम सिधै संस्थाको खातामा रकमान्तर गर्न सक्ने व्यवस्था पनि मिलाइने छ।

- **सुशासन र आचार संहिता पालना :**

१. संस्थाको हरेक गतिविधिलाई सहकारी ऐन नियमावली एवं नेपाल सरकार, सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, नेपाल राष्ट्र बैंक, सम्बन्धित स्थानिय निकायको निर्देशन बमोजिम संस्थागत सुशासनमा सन्चालन व्यवस्थापन गर्ने समिति, उपसमिति एवं कर्मचारीहरु र सदस्यहरुको आचार संहिता बमोजिम काम गर्न प्रेरित गरिनेछ भने समयानुकुल आचार संहितालाई परिमार्जन गर्दै लागू गर्नेछौं।

२. संस्थाको आधिकारिक वेवसाइट तथा सामाजिक सन्जालमा प्रेषित सूचना समाचार तथा सुप्रचारात्मक सन्देश एवं भिडियोहरुलाई शेयर, लाईक तथा सकारात्मक उर्जा दिने गरी कमेन्ट गर्नु गराउनु सबै सदस्यको कर्तव्य एवं दायित्व हुनेछ। संस्थाको घोषित नीति तथा कार्यक्रमलाई नकारात्मक असर पर्ने गरि गरिएको कमेन्टलाई संस्थाले लिपिवद्ध रुपमा जानकारीमा राखेर आवश्यक कारबाहीको दायरमा ल्याइनेछ।

३. सहकारी ऐन नियम बमोजिम दोहोरो सदस्यता व्यवस्थापनको लागि संस्थाले सदस्यहरुलाई विभिन्न माध्यमबाट सूचना एवं जानकारी गराइरहेका छौं। संस्थागत जानकारी गराउँदा पनि सदस्यता व्यवस्थापन नगर्ने सदस्यहरुको लागि संस्थाले उपयुक्त निर्णय गरी सदस्यता खारेज गर्ने नीति लिइनेछ।

४. सम्पत्ति शुद्धिकरण निवारण तथा जोखिम व्यवस्थापन नीति बमोजिम सबै सदस्यहरुको KYM मार्फत

अद्यावधिक गर्न सदस्यहरुलाई विभिन्न माध्यमबाट सूचना एवं जानकारी गराइरहेका छौं भने यस आ.व भित्रमा सबै सदस्यको KYM अद्यावधिक गरि सम्बन्धित निकायमा रिपोर्टिङ्ग गर्नेछौं।

५. संस्थाको नीति एवं आचारसंहिता बमोजिम सदस्यको दीर्घकालिन सुरक्षा एवं भलाईको लागि गर्नुपर्ने मासिक बचत अन्य नियमित बचत नगर्ने, ऋण लिएर सोको सदुपयोग नगर्ने वा समयमा किस्ता व्याज नियमित नगर्ने, संस्थागत सुप्रचार नगर्ने वा गोपनियता भंग गर्ने, संस्थामा नियमित कारोबार नगर्ने, संस्थाको सेवा सुविधा उपभोग नगरि केवल मुनाफाको मात्रै अनावश्यक बहस गर्ने, संस्थाको साधारण सभा वा अन्य कार्यक्रममा नियमित सहभागि नहुने सदस्यलाई संस्थाको सेवा सुविधा र सुअवसरबाट बन्चित हुनसक्ने विषयलाई कडाइका साथ पालना गरिनेछ।

अध्यक्षज्यू एवं सभामा उपस्थित सम्पूर्ण शेयर सदस्य महानुभावहरु, अब म चालु आ.व. २०८२/८३ को लागि प्रस्तावित बजेटको प्राथमिक क्षेत्रबारे स्पष्ट गर्ने अनुमति चाहन्छु।

- **संस्थाको बजेट तयारी एवं प्राथमिकिकरण :**

१. चालु आ.व. को बजेट तयार गर्दा गत वर्षको अनुमानित बजेट एवं वास्तविक प्रगति साथै यसको असर र प्रभाव तथा हालको बजार अवस्था, परिवर्तित सरकारी नीति निर्देशनलाई आधार बनाइएको छ।

२. हालको विषम परिस्थितिलाई मध्यनजर गर्दै संस्थाको नीति कार्यक्रम तथा बजेट तयार गर्दा अनावश्यक खर्च न्युनिकरण गर्दै खर्च मितव्ययीतालाई प्रमुख आधार बनाइएको छ।

३. संस्थागत आम्दानी वृद्धि गर्दै आम्दानी खर्चमा सन्तुलन कायम गरी सदस्यलाई अधिक लाभ प्रदान गर्न तत्पर रहनेछौं भने बचत तथा ऋणको व्याजदरलाई सहकारी ऐन नियमको परिधिभित्र रहेर बजार अवस्था अनुसार समयानुकुल परिमार्जन गर्दै जानेछौं।

४. समय समयमा सदस्यहरुबाट प्राप्त सुझाव, गत साधारण सभाको सुभाव एवं लेखामानको सिद्धान्तलाई शिरोधार्य गर्दै लेखा सुपरिवेक्षण समिति एवं आन्तरिक तथा बाह्य लेखा परिक्षक तथा सहकारी अभियानबाट विभागिय रुपमा प्राप्त सुझावमा आधारित रहेर बजेट तयार गरिएको छ।

५. कोरोना महामारी पश्चातको नकारात्मक आर्थिक चलायमानको कारण गत वर्षको बजेटमा परेको असरलाई आत्मसाथ गर्दै हालको संस्थागत सदस्य कारोबार एवं बजार अवस्थालाई मध्यनजर गरी बजेट तयार गरिएको छ।

६. सदस्य, बचत एवं अन्य कारोबार अभिवृद्धि गर्दै सोको आधारमा शेयर पूँजीमा सन्तुलन कायम गर्दै आगामी वर्षदेखि प्रतिस्पर्धात्मक रुपमा सहकारी ऐन नियम बमोजिम संस्थागत कोष वृद्धि गरी सदस्यलाई लाभ दिने गरि बजेट तयार गरेका छौं।

७. संस्थागत सुशासन कायम गर्दै अधिक सदस्य वृद्धि सँगसँगै सकृयतामा बचत तथा ऋण कारोबार अभिवृद्धि गर्दै संस्थागत आय वृद्धि गर्ने गरि बजेट तयारी गरिएको छ।

८. मितव्ययी खर्चमा समिति, उपसमिति तथा कर्मचारीलाई सकारात्मक उर्जाका साथ सकृय बनाई

संस्थागत लक्ष्य उद्धेश्य हासिल गर्न सहज हुने गरि बजेट तयार गरिएको छ।

९. विगत वर्षको तुलनामा संस्थागत सदस्य, बचत ऋण कारोबार बढ्दै गएको साथै संस्था सुरक्षित एवं Systematic बन्दै गएको, संस्थागत सुप्रचार हुँदै गएको, सदस्यले गरेको विश्वासलाई मध्यनजर गरि सबै सदस्यको सकृय साथ सहकार्य भएमा यो वर्ष वासलात एवं कारोबार सन्तोषजनक रुपमा बढाउने गरि बजेट तयार गरिएको छ।

- **अनुमानित बजेट :**

अध्यक्षज्यू एवं सभामा उपस्थित सम्पूर्ण शेयर सदस्य महानुभावहरु,

अब म गत आ.व. २०८१/०८२ बजेट समिक्षा एवं आ.व. २०८२/०८३ को लागि निम्न बमोजिमको अनुमानित बजेट पेश गर्ने अनुमति चाहन्छु।

आ.व. २०८२/२०८३ को अनुमानित आय व्यय विवरण (बजेट २०८२/०८३)

| अ)आय (Income) | | | | |
|---|---|---|---|---|
| बिबरण | आ.व. ०८१/०८२ अनुमानित | आ.व. ०८१/०८२ वास्तविक | कार्य प्रगति | चालु आ.व.को अनुमानित |
| ऋणबाट प्राप्त ब्याज आम्दानी | ६३,७०१,२४७.८४ | ३८,७५८,४९६.५८ | ६०.८४ | ५९,५००,०००.०० |
| बैंकबाट प्राप्त व्याज आम्दानी | १,८६५,३५५.८७ | ४४२,३८२.५४ | २३.७२ | ५२५,०००.०० |
| व्यवस्थापन शुल्क | २,५००,०००.०० | ५५५,०९०.०० | २२.२० | १,०००,०००.०० |
| बिलम्ब शुल्क | २५०,०००.०० | ०.०० | ०.०० | १५०,०००.०० |
| एस एम एस शुल्क | १२५,०००.०० | १०६,२५०.०० | ८५.०० | १२५,०००.०० |
| पासबुक शुल्क | ६५,०००.०० | ५५०.०० | ०.८५ | २५,०००.०० |
| सदस्यता प्रवेश शुल्क | ६१५,०००.०० | १५२,५००.०० | २४.८० | ९१०,०००.०० |
| खाता बन्द शुल्क | १२५,०००.०० | २४,०००.०० | १९.२० | १५०,०००.०० |
| रेमिटान्स आम्दानी | ५०,०००.०० | ५०,५८४.०९ | १०१.१७ | ५०,०००.०० |
| ऋण निवेदन शूल्क | ४२५,०००.०० | १४९,५००.०० | ३५.१८ | ३००,०००.०० |
| अन्य शूल्क | ५०,०००.०० | १२३,९२७.७८ | २४७.८६ | ५०,०००.०० |
| लाभांश | २,०५०,०००.०० | १६,६००.०० | ०.८१ | २,२००,०००.०० |
| जम्मा आय | ७१,८२१,६०३.७१ | ४०,३७९,८८०.९९ | ५६.२२ | ६४,९८५,०००.०० |
| आ) खर्चः | | | | |
| क) बित्तिय खर्च | गत आ.व.को अनुमानित | आ.व. ०८१/०८२ वास्तविक | कार्य प्रगति | चालु आ.व.को अनुमानित |
| बचतमा ब्याज | २९,२२५,३१७.२५ | २३,७११,९३१.९६ | ८१.१३ | २०,०००,०००.०० |
| बाह्य ऋणमा ब्याज | ४,७२७,०००.०० | ४,२६५,०३९.६६ | ९०.२३ | ३,५५०,०००.०० |
| अन्य खर्चहरु | - | - | ०.०० | - |
| जम्मा (क) | ३३,९५२,३१७.२५ | २७,९७६,९७१.६२ | -८२.४० | २३,५५०,०००.०० |
| ख) कर्मचारी खर्च | गत आ.व.को अनुमानित | आ.व. ०८१/०८२ वास्तविक | कार्य प्रगति | चालु आ.व.को अनुमानित |

| | | | | |
|---|---|---|---|---|
| कर्मचारी सञ्चयकोष खर्च | ३७५,000.00 | २६१,२८०.२९ | ६९.६७ | ३२५,000.00 |
| कर्मचारी भत्ता खर्च | १,३२५,000.00 | १,०८०,३२२.३८ | ८१.५३ | १,२५0,000.00 |
| कर्मचारी तलब खर्च | ३,५00,000.00 | २,५३७,०९८.६९ | ७२.४९ | ३,000,000.00 |
| ईन्धन एवं यातायात खर्च | २७५,000.00 | १२०,३७७.00 | ४३.७७ | १७५,000.00 |
| अवकाश कोष खर्च | ३२५,000.00 | २६१,२८०.२९ | ८०.३९ | ३२५,000.00 |
| दशैं एवं पर्व भत्ता खर्च | ३५0,000.00 | २३६,९८०.00 | ६७.७१ | ३00,000.00 |
| कर्मचारी पोशाक खर्च | १५0,000.00 | - | ०.00 | १५0,000.00 |
| महंगी भत्ता | २५0,000.00 | १८0,000.00 | ७२.00 | २५0,000.00 |
| कर्मचारी चिया खाजा खर्च | - | १६४,५५७.५५ | १००.00 | २५0,000.00 |
| ग्रेड खर्च | २२५,000.00 | २४१,१४०.00 | १०७.१७ | २८0,000.00 |
| जम्मा (ख) | ६,७७५,000.00 | ५,०८३,०३६.२० | ७५.०३ | ६,३०५,000.00 |
| ग) प्रशासनीक खर्च | गत आ.व.को अनुमानित | आ.व. ०८१/०८२ वास्तविक | कार्य प्रगति | चालु आ.व.को अनुमानित |
| मसलन्द तथा छपाइ खर्च | १५0,000.00 | १०६,३८०.१६ | ७०.९२ | १५0,000.00 |
| कार्यालय भाडा | ९६0,000.00 | ७८७,३०४.७० | ८२.०१ | ९५0,000.00 |
| मर्मत (कार्यालय र अन्य सामान) | ५0,000.00 | ६७,०२०.00 | १३४.०४ | १00,000.00 |
| पानी, बत्ती तथा विजुली खर्च | १७५,000.00 | १४५,२५९.७५ | ८३.०१ | १५0,000.00 |
| टेलिफोन खर्च | २१५,000.00 | ८९,८६४.७३ | ४१.८० | १२५,000.00 |
| पुस्तक/पत्रपत्रिका | १५,000.00 | - | ०.00 | २५,000.00 |
| ईन्धन एवं यातायात खर्च | १५0,000.00 | १०३,५६२.९७ | ६९.०४ | १५0,000.00 |
| अतिथि सत्कार | १५0,000.00 | ४७,७३१.00 | ३१.८२ | १00,000.00 |
| सुचना तथा सञ्चार खर्च | ५0,000.00 | २,000.00 | ४.00 | ५0,000.00 |
| सामाजिक सहकार्य खर्च | १00,000.00 | १७,०५५.00 | १७.०६ | १५0,000.00 |
| बैंक शुल्क तथा कमिशन | ५0,000.00 | ९,९६९.६० | १९.९४ | २५,000.00 |
| सरसफाई खर्च | १६0,000.00 | १२५,८७४.00 | ७८.६७ | १५0,000.00 |
| विविध खर्च | २५,000.00 | - | ०.00 | २५,000.00 |
| लेखापरिक्षण शुल्क | १५0,000.00 | १६९,५००.00 | ११३.00 | १५0,000.00 |
| आन्तरिक लेखापरिक्षण शुल्क | १00,000.00 | - | ०.00 | १५0,000.00 |
| वार्षिक सफट्वेयर खर्च | ३५0,000.00 | २७३,२९०.५२ | ७८.०८ | ३५0,000.00 |
| इमेल इन्टरनेट खर्च | १00,000.00 | ३०,६००.00 | ३०.६० | १00,000.00 |
| बीमा खर्च | १५0,000.00 | १०९,७३७.९८ | ७३.१६ | १५0,000.00 |
| बधाई तथा समवेदना खर्च | ५0,000.00 | ५,३५0.00 | १०.७० | ५0,000.00 |
| खाजा खर्च | १00,000.00 | १३,४५५.00 | १३.४६ | १00,000.00 |
| कुरियर खर्च | ५,000.00 | ६१५.00 | १२.३० | ५,000.00 |

| | | | | |
|---|---|---|---|---|
| ए. टि. एम कार्ड व्यवस्थापन तथा निष्कासन खर्च | ७५,०००.०० | - | ०.०० | - |
| एस.एम.एस खर्च | १५०,०००.०० | ९७,३११.९६ | ६४.८७ | १५०,०००.०० |
| कमिशन खर्च (एस.एम.एस सेवा) | १०,०००.०० | १,३९१.५५ | १३.९२ | १०,०००.०० |
| सदस्यता एवं नवीकरण | १००,०००.०० | २४,९१४.०० | २४.९१ | ५०,०००.०० |
| समिति पोशाक खर्च | १५०,०००.०० | | ०.०० | १५०,०००.०० |
| ऋण असुली खर्च | १००,०००.०० | ५५,४५१.०० | ५५.४५ | ५००,०००.०० |
| कार्यालय सुरक्षा खर्च | ५५०,०००.०० | ४७४,६००.०० | ८६.२९ | ५५०,०००.०० |
| भैपरि आउने सामान खर्च | ५०,०००.०० | ४,३७०.०० | ८.७४ | ५०,०००.०० |
| मुल्याङ्कन तथा सुपरिवेक्षण खर्च | ५०,०००.०० | - | ०.०० | १००,०००.०० |
| स्वास्थ्य तथा सुरक्षा खर्च | २५,०००.०० | ३,६००.०० | १४.४० | ५०,०००.०० |
| शुल्क तथा कर | २५,०००.०० | - | ०.०० | २५,०००.०० |
| मालपोत कर तथा अन्य खर्च | १०,०००.०० | ४,०००.०० | ४०.०० | १०,०००.०० |
| सवारी साधन नविकरण खर्च | १०,०००.०० | ३,३००.०० | ३३.०० | १०,०००.०० |
| जग्गा व्यवस्थापन खर्च | २००,०००.०० | - | ०.०० | २००,०००.०० |
| वेवसाइट खर्च | ५०,०००.०० | - | ०.०० | १००,०००.०० |
| कार्यलय सामाग्री खर्च | २५,०००.०० | - | ०.०० | २५,०००.०० |
| महामारी सुरक्षा खर्च | १५,०००.०० | - | ०.०० | १५,०००.०० |
| भेटी खर्च (सदस्य/परिवार मृत्युशोक) | १५,०००.०० | - | ०.०० | १५,०००.०० |
| अतिरित्त कर खर्च | १५,०००.०० | - | ०.०० | १५,०००.०० |
| भान्छा खर्च | ५०,०००.०० | १८,०९९.०० | ३६.२० | ५०,०००.०० |
| विज्ञापन खर्च | १५,०००.०० | ३,०००.०० | २०.०० | १५,०००.०० |
| विधुत जडान खर्च | २५,०००.०० | ३,००५.०० | १२.०२ | २५,०००.०० |
| प्रिन्टर रिफिल चेन्ज | २५,०००.०० | १८,२५०.०० | ७३.०० | २५,०००.०० |
| कार्यलय सजावट खर्च | १००,०००.०० | - | ०.०० | १००,०००.०० |
| यातायात तथा दैनिक भत्ता | १००,०००.०० | - | ०.०० | १००,०००.०० |
| सदस्य व्याज छुट खर्च | ८००,०००.०० | - | ०.०० | ८००,०००.०० |
| बनभोज खर्च | - | २,०००.०० | ०.०० | २५,०००.०० |
| जम्मा (ग) | ५,९९५,०००.०० | २,८१७,८६२.९२ | ४७.०० | ६,३७०,०००.०० |
| **घ) कार्यक्रमगत खर्च** | गत आ.व.को अनुमानित | आ.व. ०८१/०८२ वास्तविक | कार्य प्रगति | चालु आ.व.को अनुमानित |
| अवलोकन भ्रमण खर्च | १,०००,०००.०० | १६१,४५२.०० | १६.१५ | ५००,०००.०० |
| साधारण सभा खर्च | ३,०००,०००.०० | १,८९०,३४२.०० | ६३.०१ | २,०००,०००.०० |
| सहकारी तालीम तथा गोष्ठी | ५००,०००.०० | १८८,३९३.१० | ३७.६८ | ५००,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| वार्षिक उत्सव खर्च | २५०,०००.०० | २२,७४४.०० | ९.१० | २५०,०००.०० |
| सहकारी दिवस खर्च | ५०,०००.०० | १४,१५५.०० | २८.३१ | ५०,०००.०० |
| सहकारी एकिकरण खर्च | २२५,०००.०० | - | ०.०० | २५०,०००.०० |
| शुभकामना आदानप्रदान खर्च | १५०,०००.०० | - | ०.०० | १५०,०००.०० |
| चाडपर्व तथा उत्सव खर्च (दशै, तिज) | १००,०००.०० | ४७,८१४.०० | ४७.८१ | १००,०००.०० |
| कार्यालय उदघाटन खर्च | १००,०००.०० | - | ०.०० | १००,०००.०० |
| लक्ष्मीपूजा खर्च | २५,०००.०० | १,८२५.०० | ७.३० | १००,०००.०० |
| सञ्चालक समिति बैठक भत्ता एवं चियाखाजा खर्च | ५५०,०००.०० | २४६,८३६.०० | ४४.८८ | ५५०,०००.०० |
| लेखासमिति बैठक भत्ता एवं चियाखाजा खर्च | ५०,०००.०० | ८,०००.०० | १६.०० | ५०,०००.०० |
| उपसमिति बैठक भत्ता एवं चियाखाजा खर्च | ३५०,०००.०० | ३८,१४०.०० | १०.९० | ३५०,०००.०० |
| समिति, लेखा समिति, उपसमिति ईन्धन खर्च | २००,०००.०० | ८५,०००.०० | ४२.५० | २००,०००.०० |
| समिति, लेखा समिति उपसमिति टेलिफोन खर्च | ७५०,०००.०० | ६२,४००.०० | ८.३२ | २००,०००.०० |
| कर्मचारी बैठक चियाखाजा खर्च | ५०,०००.०० | ६,२५६.०० | १२.५१ | ५०,०००.०० |
| सदस्य भेटघाट खर्च | ५०,०००.०० | ३,११५.०० | ६.२३ | ५०,०००.०० |
| सहकारी भम्रण सत्कार खर्च | ५०,०००.०० | - | ०.०० | ५०,०००.०० |
| जन्मोत्सव खर्च | ५०,०००.०० | १७,९००.०० | ३५.८० | ५०,०००.०० |
| खाताबन्दी कार्यक्रम-रिफ्रेसमेन्ट | १००,०००.०० | ९,७६५.०० | ९.७७ | १००,०००.०० |
| पूर्णसमिति बैठक खर्च | १००,०००.०० | ३६,८००.०० | ३६.८० | १००,०००.०० |
| जम्मा (घ) | ७,७००,०००.०० | २,८४०,९३७.१० | ३६.९० | ५,७५०,०००.०० |
| जम्मा संचालन खर्च (ख+ग+घ) | २०,४७०,०००.०० | १०,७४१,८३६.२२ | ५२.४८ | १८,४२५,०००.०० |
| ङ) सुरक्षण खर्च | गत आ.व.को अनुमानित | आ.व. ०८१/०८२ वास्तविक | कार्य प्रगति | चालु आ.व.को अनुमानित |
| ऋण सुरक्षण खर्च | | ९८,९२२.९२ | ०.०० | १,५००,०००.०० |
| ह्रास खर्च | १,२००,०००.०० | ७७२,८३२.६५ | ६४.४० | ८००,०००.०० |
| कर्मचारी विदा व्यवस्था खर्च | ६५०,०००.०० | ३६०,६९१.८९ | ५५.४९ | ५००,०००.०० |
| कर्मचारी वोनस व्यवस्था खर्च | १,०५०,०००.०० | ३५,१३२.५० | ३.३५ | १,०१३,५००.०० |
| डेफर्ड कर व्यवस्था | | - | ०.०० | - |
| जम्मा (ङ) | २,९००,०००.०० | १,२६७,५७९.९६ | ४३.७१ | ३,८१३,५००.०० |

| | | | | |
|---|---|---|---|---|
| जम्मा खर्च (क+ख+ग+घ+ङ) | ५७,३२२,३१७.२५ | ३९,९८६,३८७.८० | ६९.७६ | ४५,७८८,५००.०० |
| कर अघिको शुद्ध बचत (नाफा) | १४,४९९,२८६.४६ | ३९३,४९३.१९ | २.७१ | १९,१९६,५००.०० |
| आयकर व्यवस्था | २,०५०,०००.०० | ७९,२९०.२९ | ३.८७ | ३,८३९,३००.०० |
| कर पछिको शुद्ध बचत (नाफा) | १२,४४९,२८६.४६ | ३१४,२०२.९० | २.५२ | १५,३५७,२००.०० |

कोरोना महामारी पश्चातको नकारात्मक आर्थिक चलायमानको कारण गत आ.व. २०८१/०८२ को बजेटमा केही शिर्षकमा आम्दानी खर्चमा फरक परेकोले देहायको रकम अनुमोदनको लागि यस सम्मानित सभामा अनुमोदनको लागि पेश गर्दछु।

रु हजारमा

| क्र.स. | शिर्षक | ०८१/०८२ अनुमानित | ०८१/०८२ वास्तविक | अनुमोदन गर्नुपर्ने रु. |
|---|---|---|---|---|
| १ | व्याज आम्दानी | ६३,७०१.२५ | ३४,६३६.१७ | २९,०६५.०८ |
| २ | अन्य सञ्चालन आम्दानी | ६,२५५.०० | १,१०१.७० | ५,१५३.३० |
| ३ | सदस्य बचत निक्षेप व्याज खर्च | २९,२२५.३२ | १९,५८९.६० | ९,६३५.७२ |
| ४ | बाह्य ऋणमा व्याज खर्च | ४,७२७.०० | ४,२६५.०४ | ४६१.९६ |
| ५ | कार्यालय संचालन खर्च | ५,९९५.०० | ३,४३६.९४ | २,५५८.०६ |
| ६ | कार्यक्रम सञ्चालन खर्च | ७,६००.०० | २,३२१.२४ | ५,२७८.७६ |
| ७ | कर्मचारी संचालन खर्च | ६,७७५.०० | ५,३४४.३५ | १,४३०.६५ |
| ८ | ह्रास खर्च | १,२००.०० | ७७२.८३ | ४२७.१७ |
| | जम्मा | १२५,४७८.५७ | ७१,४६७.८७ | ५४,०१०.७० |

सभाका सभाध्यक्ष एवं आदरिणय शेयर सदस्यज्यूहरु,

चालु .आ.व ०८२/८३ को श्रावण मसान्तको समिष्टिगत कारोबार विवरण जानकारीको लागि पेश गरिएको छ।

| क्र.स. | विवरण | रानिपौवा | लामाचौर | सार्दीखोला | जम्मा |
|---|---|---|---|---|---|
| १ | शेयरपूँजि | १३,०९१,०००.०० | ४७,५८१,६००.०० | २,३६५,६००.०० | ६३,०३८,२००.०० |
| २ | बचत/निक्षेप | ४२,८२६,९४१.४६ | १७८,६१८,९०४.२७ | १९,४१६,७६४.२३ | २४०,८६२,६०९.९६ |
| ३ | ऋण लगानि | ६२,१९१,६८२.९२ | २०९,३१९,०४४.७१ | १६,३५९,४९७.६७ | २८७,८७०,२२५.३० |
| ४ | जगेडा कोष | १,५५०,०१२.८१ | ६,६१४,१९५.२० | ५३,१३३.३५ | ८,२१७,३४१.३६ |
| ५ | ऋण नोक्सानी कोष | १,२५१,९१६.१९ | ३,७१३,८८१.१५ | ३९,०९८.३४ | ५,००४,८९५.६८ |
| ६ | कुल संस्थागत पूँजी | १५,६५,२१२.३६ | ६६,१४,१९५.२० | ५३,१३३.३ | ८२,३२,५४०.३२ |
| ७ | बाह्य ऋण | २,२२,०९,०९५.०० | १२,०१७,२७४.८९ | - | ३,४२,२६,३६३.८९ |
| ८ | सञ्चालन मुनाफा | ४,०४,१४५.६१ | (२१५,०५५.७७) | (३१,३०३.४४) | (६,५०,५०४.८२) |
| ९ | कुल सम्पत्ति | ८९,१२२,१६९.९४ | २६६,७७४,१३५.१९ | १९,२७६,२९०.९६ | ३७५,१७२,५९६.०९ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | नगद मौज्दात | ३३९,९१८.०० | २८२,७४६.०० | ९१,७३१.०० | ७१४,३९५.०० |
| ११ | बैंक मौज्दात | ३,८३१,६८८.७३ | २६,९३५,१४७.२८ | ९१,७३१.०० | ३०,८५८,५६७.०१ |
| १३ | महिला सदस्य | ४४१ | ७०६ | १२४ | १२७१ |
| १४ | पुरुष सदस्य | २७४ | ५७१ | १२७ | ९७२ |
| १५ | जम्मा सदस्य | ७१५ | १२७७ | २५१ | २२४३ |
| १६ | महिला ऋणी सदस्य | ८० | १०० | २० | २०० |
| १७ | पुरुष ऋणी सदस्य | ५० | १०६ | २९ | १८५ |
| १८ | कुल ऋणी सदस्य | १३० | २०६ | ४९ | ३८५ |

संस्थाप्रति नकारात्मक सोच, रिसराग द्वेष राख्ने तत्वहरुको अनावश्यकको नकारात्मक बजार हल्ला गरे पनि हाम्रो जयलक्ष्मी सहकारी मुल्य मान्यता, नियमक निकायको निर्देशन एवं सहकारी अभियानको मार्गनिर्देशन आत्मसाथ गर्दै सहकारीहरुको भिडमा छुट्टै छाप कायम गर्दै संस्था स्थापनाकाल देखि नै नीति विधि र प्रविधियुक्त सदस्य सेवा प्रदान गर्दै नमुना सहकारी बनाउने अभियानमा कटिवद्ध रहेको छ। संस्थागत सुसन्चालन व्यवस्थापनमा समिति एवं व्यवस्थापनले प्रस्ताव गरेका हरेक कार्यक्रम एवं परियोजनाहरुमा हालसम्म प्राप्त सदस्यहरुको सकारात्मक साथ सहकार्य र रचनात्मक सल्लाह सुझाव एवं हौसलाको लागि सम्पूर्ण शेयर सदस्यहरुमा आभार नमन् सहित आगामी दिनमा निरन्तर सल्लाह सुझाव र ऐक्यवद्धता एवं थप सकृयताको अपेक्षा गरेका छौं । "**सहकारी मार्फत आत्मनिर्भरता**" अभिवृद्धि गर्नको लागि संस्थाले तयार गरेको नीति कार्यक्रम र बजेटको पूर्ण परिपालन गर्दै संस्थागत गतिविधी अगाडि बढाउनेछौं ।

अन्तमा हालको विषम अवस्थामा पनि आफ्नो जिम्मेवारी एवं दायित्व बहन गर्दै सदस्य सेवामा अहोरात्र खट्ने सम्पूर्ण सहकर्मी मित्रहरुमा हार्दिक आभार धन्यबाद व्यक्त गर्दछौं । समयानुकुल सल्लाह सुझाव दिनुहुने सहकारी अभियन्ताहरु, नियमक निकाय, गरिमामय सल्लाहकार, सन्चालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिका सदस्य मित्रहरु, संस्थागत सुप्रचार गर्नुहुने सम्पूर्ण शेयर सदस्य, शुभेच्छुक एवं सन्चार जगतमा हार्दिक आभार नमन सहित यो कार्यक्रम तथा बजेट पारित गरिदिनुहुन प्रस्ताव गरिन्छ ।

लक्ष्मी माताले हामी सबैको कल्याण गरुन् ।।।
धन्यवाद, जयलक्ष्मी, जय सहकारी ।।।

सुशिल के.सी.
प्रमुख कार्यकारी अधिकृत

# लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन
## दशौं साधारण सभा २०८२ भदौ २० र २१ गते

नीति, विधि र प्रविधियुक्त नमूना सहकारी सेवा प्रदान गरि "**सहकारी मार्फत आत्मनिर्भरता**" अभिवृद्धि गर्दै संस्थामा आवद्ध सदस्यहरुको आर्थिक नैतिक सामाजिक उन्नति प्रगतिमा समर्पित हाम्रो जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पोखरा कास्कीको १० औं वार्षिक सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अन्य आमन्त्रित अतिथिज्यूहरु, सल्लाहकारज्युरु, सञ्चालक समितिका पदाधिकारी एवं सदस्यज्यूहरु, विभिन्न उपसमितिका संयोजक एवं सदस्यज्यूहरु, पत्रकार मित्रहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, ३ वटै कार्यालय का प्रमुखज्यूहरु एवं सम्पूर्ण कर्मचारी मित्रहरु तथा सम्पुर्ण शेयर सदस्यहरुमा लेखा सुपरीवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्दछौं ।

१० औं वार्षिक साधारण सभाका आदरणिय अध्यक्ष एवं शेयरधनी सदस्यज्यूहरु,

गत ९ औं साधारण सभाबाट प्राप्त जिम्मेवारी बमोजिम संस्थागत सम्पूर्ण आर्थिक गतिविधीहरुका विचमा संस्था सन्चालन व्यवस्थापनको क्रममा भए गरेका हरेक काम कारबाही तथा निर्णयहरुको समिक्षा गरि सदस्यहरुमाझ सत्यतथ्य प्रतिवेदन पेश गर्ने प्रयास गरेका छौं । आ.व. २०८१/०८२ मा हामीले मासिक अनौपचारिक छलफल भेटघाट सँगसँगै चौमासिक बैठक बसेर समिति एवं व्यवस्थापनलाई सल्लाह सुझाव दिने गरेका छौं भने संस्थाको व्यवस्थापन, सन्चालक समिति एवं लेखापरिक्षकसँग आवश्यक समन्वय परामर्श गरि संस्थालाई पारदर्शी एवं सुशासनयुक्त बनाउन हरदम प्रयास सहित सहकारी विभाग एवं नियमक निकायले मार्गनिर्देश गरेको ढाँचामा हाम्रो लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन यस साधारण सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छौं ।

१. **सहकारी संस्थाको संक्षिप्त विवरण :**

संस्थाको नाम : जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

कार्यक्षेत्र : कास्की जिल्ला (रुपा गाउँपालिका बाहेक)

ठेगाना : प्रधान कार्यालय : पोखरा-११,कास्की, रानिपौवा

सेवाकेन्द्रहरु :

- पोखरा-१९, लामाचौर, कास्की
- माछापुच्छे-२, सार्दीखोला, कास्की

संस्थाले गर्ने मुख्य कारोबार : बचत तथा ऋण

अन्य कारोबार : विप्रेषण, बीमा, समूह बचत तथा ऋण, परामर्श एवं सामाजिक सहकार्य

## २. संस्थाको वित्तिय झलक :

संस्थाले आ.व ०८१/०८२ मा गरेको प्रगति विवरणलाई विगत वर्षसँग तुलनात्मक रुपमा प्रस्तुत गरिएको छ।

| क्र.स. | विवरण | आ.व. ०८०/०८१ को रकम रु. | आ.व. ०८१/०८२ को रकम रु. | वृद्धि | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| १ | शेयर पूँजी | ८८,५६७,१००.०० | ६३,०२३,२००.०० | (२५,५४३,९००.००) | (२८.८४) |
| २ | बचत/निक्षेप | १७९,२८३,८९८.८८ | २४१,८३७,००१.५८ | ६२,५५३,१०२.७० | ३४.८९ |
| ३ | ऋण लगानी | २७७,७३४,१४२.९० | २८९,२६५,७९४.२४ | ११,५३१,६५१.३४ | ४.१५ |
| ४ | जगेडा कोष | ८,०५१,१३१.४८ | ८,२१७,३४१.३५ | १६६,२०९.८७ | २.०६ |
| ५ | कर्जा नोक्सानी व्यवस्था | ४,९०५,९७२.७६ | ५,००४,८९५.६८ | ९८,९२२.९२ | २.०२ |
| ६ | बाह्य ऋण | ५४,७५६,४४४.६७ | ३४,२२६,३६९.८९ | (२०,५३०,०७४.७८) | (३७.४९) |
| ७ | मुनाफा | १०६,००४.८१ | ३१४२०२.९० | २०८१९८.०९ | १९६.४० |
| ८ | कुल सम्पत्ति | ३३८,५८७,०३१.५३ | ३५५,१६७,२२३.८९ | १६,५८०,१९२.३६ | ४.९० |

**संस्थाको आ.व. ०८१/०८२ को वित्तिय अवस्थाः**

| **कर्जा सापटको अवस्थाः** | **आ.व.को अन्तमा लिएको** |
|---|---|
| कर्जा लगानीमा रहेको सुरक्षणको अवस्था | ठिक |
| भाखा ननाघेको कर्जा नोक्सानी व्यवस्था(१ प्रतिशत) | २,८६१,०९४.९३ |
| कमसल ऋणमा कर्जा नोक्सानी व्यवस्था (२५ प्रतिशत) | २८७,५००.०० |
| शकास्पद ऋणमा कर्जा नोक्सानी व्यवस्था (५० प्रतिशत) | १५०,०००.०० |
| खराब ऋणमा कर्जा नोक्सानी व्यवस्था (१०० प्रतिशत) | १,७०६,३००.७५ |
| जम्मा | ५,००४,८९५.६८ |

## ३. अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था ।

१. संस्थाको ९ औं वार्षिक साधारण सभा एवं चौथो अधिवेशन २०८१ कार्त्तिक २२ र २४ गते एकाईगत रुपमा सम्पन्न भएको थियो भने सोही दिनमा नै इकाई प्रमाणीकरण सभा सम्पन्न भएको थियो। १,२५४ (५८.९८ प्रतिशत) सदस्य को सकृय सहभागितामा सम्पन्न संस्थाको ९ औं साधारणसभाले गरेको निर्णयहरुको कार्यान्वयन पक्ष अत्यन्त उत्साहजनक एवं सकारात्मक रहेको छ।

२. ९ औं साधारण एवं चौथो अधिवेशन साधारण सभाबाट शिवलाल उपाध्यायको नेतृत्वमा नयाँ सन्चालक समिति एवं यादबप्रसाद अधिकारीको नेतृत्वमा नयाँ लेखा सुपरिवेक्षण समिति गठन भएको थियो भन उक्त ९ औं साधारण सभाबाट तत्काल सम्पन्न गर्नुपर्ने निर्णयहरु लागू गरिसकेको र केही आवश्यकता अनुसार क्रमश कार्यान्वयन गर्दै गएको देखिन्छ।

३. कोरोना महामारी पश्चातको नकारात्मक आर्थिक चलायमानका विच लक्ष्य अनुरुप वित्तिय प्रगाति

हासिल नभए पनि सदस्यता, बचत, बाह्य ऋण भुक्तानी एवं संस्थागत ऋण असुली सहित संस्थागत वासलात बढेको देखिन्छ भने केही ऋण असुलीमा समस्याको कारण संस्था आशातित मुनाफामा जान नसकेको देखिन्छ।

४. सभाको निर्देशन बमोजिम सञ्चालक समिति एवं व्यवस्थापन टिमले रणनैतिक रुपमा संस्थागत गतिविधी अगाडी बढाउदै नीति विधि र प्रविधियुक्त पारदर्शि सहकारी सेवा प्रदान गर्न तत्पर रहेको, शेयर पूँजिलाई क्रमश व्यवस्थापन गरिरहेको एवं Individual व्यक्ती/पदाधिकारी केन्द्रीत नभई System केन्द्रीत प्रविधी मैत्री सहकारी निर्माण गर्न कटिवद्ध रहेको देखिन्छ।

**४. आ.व. ०८१/०८२ मा बसेको बैठक संख्या र निर्णय कार्यान्वयनको अवस्था ।**

१. सञ्चालक समिति एवं विभिन्न उपसमितिका बैठकहरु देहाय बमोजिम सञ्चालन भएका छन्।

| **बैठक** | **पटक** | **सहभागिता प्रतिशत** |
|---|---|---|
| बार्षिक साधारण सभा | १ पटक | ५८।९८ |
| सञ्चालक समिति | १४ पटक | ८८।८८ |
| ऋण उपसमिति | ११ पटक | ८३।६० |
| ऋण असुली समुह ३ वटा | १/१ पटक | शत प्रतिशत |
| शिक्षा तालिम तथा सूचना उपसमिति | ४ पटक | ८५ प्रतिशत |
| महिला सशक्तिकरण तथा नेतृत्व विकास उपसमिति | १ पटक | शत प्रतिशत |
| रानिपौवा कार्यालय सु सञ्चालन तथा व्यवस्थापन उपसमिति | २ पटक | ९० |
| समिति, उपसमिति, सल्लाहकार- पूर्ण बैठक (सहकारी शिक्षा) | २ पटक | ७९।७५(सबै कर्मचारी सहभागी) |
| लामाचौर सेवाकेन्द्र उपसमितिको उपसमिति | २ पटक | ८० प्रतिशत |
| सार्दीखोला सेवाकेन्द्र उपसमितिको उपसमिति | १ पटक | शत प्रतिशत |
| कर्मचारी बैठक- सबै कार्यालय संयुक्त | ८ पटक | ९८ |

२. अनौपचारिक रुपमा सल्लाह सुझाव सहित मासिक छलफल, भेटघाट अनुगमन गरे पनि विधिवत रुपमा हाम्रो लेखा सुपरिवेक्षण समितिको बैठक देहाय बमोजिम भएका छन्।

| **बैठक मिति** | **पटक** | **सहभागिता प्रतिशत** |
|---|---|---|
| २०८१/०८/२१ | ४२ औं बैठक | शत प्रतिशत |
| २०८१/०९/१२ | ४३ औं बैठक | शत प्रतिशत |
| २०८१/१२/२६ | ४४औं बैठक | शत प्रतिशत |
| २०८२/०३/०१ | ४५औं बैठक | शत प्रतिशत |

४. बर्तमान परिप्रेक्ष अनुरुप धेरै उपसमिति एवं पदाधिकारीहरु प्राय निस्कृय रहेकोले लेखापरिक्षक एवं

हाम्रो समितिको सुझाव बमोजिम खर्च मितव्ययीता हेतु चालु आ.व. २०८२/८३ मा ३ वटा कार्यालय सन्चालन उपमिति, शिक्षा तालिम तथा सूचना उपसमिति, ऋण लगानि तथा असुली उपसमिति बाहेकका सबै उपसमिति विगठन गरि आवश्यकता अनुसार संयोजक तथा व्यवस्थापन मार्फत सहकार्य गर्ने गरेको पाइयो ।

५. ऋण लगानि असुलि समितिको नियमित बैठक बसेर ऋण सम्बन्धि छलफल सल्लाह सुझाव दिने गरेको, ऋण असुलीमा संस्थाको ऋण विभाग एवं समिति व्यवस्थापनमा सहकार्यको लागि ३ वटा ऋण असुली समूह सकृय रहेको साथै शिक्षा तालिम तथा सूचना उपसमितिको सकृयतामा विभिन्न सदस्य सहकारी शिक्षा कार्यक्रम एवं यो वर्ष संस्थाको त्रिवर्षिय रणीतिक योजना गरेकोले सोही योजना अनुरुप संस्थागत गतिविधि अगाडि बढाउन समिति व्यवस्थापन सकृय रहनुपर्ने देखियो ।

६. सञ्चालक समिति, उपसमितिको बैठकले गरेका अधिकांश निर्णयहरु कार्यान्वयन भै सकेका छन । केही निर्णयहरु प्रक्रियागत रुपमा अघि बढिरहेका छन् ।

**५. ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धि ब्यवस्था :**

१. संस्थाले सहकारी नियमानुसार नै शेयर सदस्यहरुबाट बचत एवं शेयर संकलन गरी सरकारी सन्दर्भ व्याजदरको परिधिभित्र रहेर विभिन्न प्रयोजनमा ऋण लगानी गरेको छ।

२. हाम्रो सुझाव अनुसार संस्थामा प्राप्त ऋण निवेदनलाई ऋण विभाग, व्यवस्थापन, सूचिकृत प्राविधक, ऋण उपसमिति एवं सन्चालक समितिले स्थलगत रुपमा धितो तथा परियोजना निरिक्षण गरेर मात्रै ऋण लगानि गर्ने गरिएको छ।

३. निरिक्षण प्रतिवेदनको आधारमा सदस्यको माग, आवश्यकता, संस्थागत तरलतालाई बिचारेर तपशिल बमोजिम तहगत रुपमा ऋण लगानि व्यवस्थापन गरेको देखियो । हालसम्मको ऋण लगानि हेर्दा धितोको हिसाबले ऋण सुरक्षित देखिए पनि केही ऋण फाइलहरुमा असुली समस्या देखा परेकोले सो असुली तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

४. ऋण असुलीको लागि कार्यालय बाहेक सन्चालक समितिका पदाधिकारीको नेतृत्वमा ३ वटा समुह बनाएर ऋण असलीमा सकृयता भएकोमा धन्यबाद सहित सो समूहलाइई निरन्तरता दिई धितो लिलाम गरेर गैर बैकिंङ्ग सम्पत्ति बढाउन भन्दा सदस्यलाई छुट दिएर नगद असुली तर्फ केन्द्रित रहँदा संस्था थप सुरक्षित हुने देखिन्छ।

५. सदस्यले ऋण तिर्न आनकानी गरिरहेको हालको अवस्थामा ऋणको सदुपयोगिता जाँच गर्दै स्थलगत अनुगमन निर्देशन एवं ऋण असुलीतर्फ थप कडाई गर्न एवं सदस्यलाई प्रोत्साहन गर्न समिति, व्यवस्थापनले ध्यान दिनु आवश्यक छ।

६. संस्थाबाट गत आ.व.मा ३७७ सदस्यले ऋण उपभोग गरेकोमा यस समिक्षा अवधिमा ऋणी सदस्य बढेर ३९० सदस्यले ऋण उपभोग गरेको देखिन्छ। तसर्थ जम्मा शेयर सदस्य मध्ये १७.४० प्रतिशत सदस्यले ऋण उपभोग गरेका छन् भने प्रति सदस्य औसत ऋणभार रु.१,२९,०७८।९० रहेको छ । संस्थाको कुल सम्पत्तिमा शुद्ध ऋणको अनुपात भने ८०.४३ प्रतिशत देखिन्छ। संस्थामा हाल कुल ऋणमा १.०१ प्रतिशत भाखा नाघेको ऋण रहेको पाइयो।

७. राष्ट्रिय सहकारी बैंक एवं साना किसान विकास लघुवित्त वित्तिय संस्था लि (तत्कालिन आर एम डि सी संस्था) बाट थोक कर्जा लिएर केही कर्जा सदस्य जमानीमा एवं केही कर्जा धितो जमानीमा प्रदान गरेको छ भने हालसम्म ७ जना ऋणी सदस्यको खराब ऋण रु.१,७०६,३००.७५ रहेको छ । तसर्थ ऋण उपसमितिले ऋण लगानी तथा असुलीमा अलि सकृयता बढाउनुपर्ने देखिन्छ ।

६. **यस समिक्षा अविधमा भएका मुख्य कार्यक्रम तथा गतिविधीहरु :**

१. स्थानिय समूदायसँग केन्द्रित रहेर सदस्य, बचत एवं ऋण कारोबार अभिवृद्धि गर्दै सकृय सदस्य सेवा प्रदान गर्न लामाचौर एवं सार्दीखोला सेवाकेन्द्र सुसन्चालन व्यवस्थापन उपसमिति अत्यन्त सकृय रहेको देखियो ।

२. लामाचौर सेवाकेन्द्र संयोजक भौतिक रुपमा सदस्यको सुखदुःखमा सकृयता सँगसँगै बचत ऋण अभिवृद्धि एवं ऋण असुलीमा सकृय देखिए पनि अन्य सदस्यहरु तथा रानिपौवा कार्यालय सुव्यवस्थापन उपसमिति संस्थागत गतिविधिमा निस्कृय रहेको देखिएकोले आगामी दिनमा समिति पुनर्गठन गरेरै भए पनि सबैले सकृयता बढाउन अत्यावश्यक देखिन्छ ।

३. परियोजना अध्ययन अनुसन्धानका लागि सन्चालक/परियोजना संयोजक माधव आचार्य सकृय रहेको साथै समग्र सहकारीको नकारात्मक सन्देशका विच समिति उपसमिति एवं कर्मचारीहरु सकृय रहेर संस्थागत सुव्यवस्थापन गर्दै बचत ऋणको परिचालन गरेको ।

४. सामाजिक उत्तरदायित्व बहन गर्दै विभिन्न आमा समूह टोल सुधार समितिलाई वित्तिय साक्षरता एवं सहकारी ज्ञान सँगसँगै आर्थिक भौतिक सहयोग सहकार्य गरेको ।

५. संस्थागत सुप्रचार एवं सहकारी ज्ञान वितरमा सहकार्य गर्न संस्थाका प्रमुख कार्यकारी अधिकृतले विभिन्न सहकारीहरुमा तालिम अन्तरक्रियाहरुमा सहजिकरण गरेको ।

६. विगत वर्ष झैं यस वर्ष पनि सदस्यलाई बचत गर्ने बानिको बिकास गर्न बाल बचतकर्ता एवं ज्येष्ठ नागरिक बचतकर्ताको जन्मदिनमा केक उपहार दिने गरेकोमा स्वाथ्य हितको हिसाबले केक स्वस्थकर नभएको सुझाव प्राप्त भए बमोजिम अन्य प्रोत्साहनका कार्य गर्नु अत्यावश्यक देखिन्छ ।

७. मासिक बचत यसै अवधिबाट अनिवार्य गरिएको छ भने शेयर अभविृद्धि गर्न ईच्छुक सदस्यहरुको सहजता एवं नियमित बचत प्रोत्साहनको लागि सदस्य शेयर बचत कार्यक्रम अगाडि बढाइएको एवं सदस्यको दीर्घकालिन सुरक्षा एवं बचत अभिवृद्धिको लागि सुनौलो भविष्य बचत कार्यक्रम सञ्चालन व्यवस्थापन गरिएको ।

८. बजार अवस्था विश्लेषण गरि बचतको व्याजदर परिमार्जन गरिएकोले संस्थामा बचत बढेको देखियो भने संस्थागत सुरक्षण मध्यनजर गर्दै ऋण असुलीमा कडाई गरिएकोले ऋण लगानि घटेपनि संस्थागत तरलता सँगसँगै कारोबार सकृयता बढेको देखिएको ।

९. खर्च मितव्ययीताको लागि अनावश्यक कर्मचारी कटौती गरि सिमित कर्मचारीहरु मार्फत सदस्य सेवा प्रदान गरेको देखिन्छ भने योग्य, दक्ष कर्मचारी व्यवस्थापको लागी आवश्यक तालिममा सहभागि गराइरहेको देखिन्छ ।

१०. समिति उपसमिति पदाधिकारी एवं सदस्यहरुलाई संस्थागत जानकारी सँगसँगै सहकारी शिक्षा प्रदान गर्न विभिन्न तालिम, अन्तरक्रिया तथा छलफल कार्यक्रम आयोजना एवं सहकार्य गरिएको ।

११. आन्तिरिक पर्यटन प्रवद्धन एवं सदस्य, कर्मचारी, समिति उपसमिति पुनर्ताजगीको लागि भ्रमण एवं तालिम आयोजना गरिएको ।

**७. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धि सन्क्षिप्त विवरण :**

संस्थाले सहकारी ऐन २०७४, नियमावली २०७५ , गण्डकी प्रदेश सहकारी ऐन २०७५ नियमावली २०७६, सम्पत्ति शुद्धिकरण निवारण निर्देशिका २०७४, सहकारी विभाग, सहकारी प्राधिकरण, नेपाल राष्ट्र बैंक, सहकारी रजिष्ट्रार कार्यालय गण्डकी प्रदेश, स्थानिय सहकारी निकायबाट जारी गरिएका सबै निर्देशिका तथा सूचना एवं मापदण्डहरु समयमा नै पालना गरेको पाइयो ।

**८. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिईएको प्रतिवेदन अनुसारका निर्देशन सुझावहरु कार्यान्वयन सम्बन्धि विवरणहरुः**

सहकारी रजिष्ट्रार कार्यालय, गण्डकी प्रदेशबाट मिति २०८२/०३/१२ मा संस्थाको लामाचौर सेवाकेन्द्रमा अनुगमन भई सोधनी भएका जिज्ञासाहरु तथा ईमेल मार्फत माग भएका जानकारीहरुको सम्बन्धित अधिवक्तासँग परामर्श लिएर जानकारी गराइएको बाहेक हाल सम्म कुनै प्रकारका लिखित निर्देशनहरु प्राप्त नभए पनि नियमक निकाय, विभिन्न सहकारी संघबाट समय समयमा प्राप्त मौखिक, सल्लाह सुझाव एवं निर्देशन अनुरुप संस्था सञ्चालन व्यवस्थापन एवं सदस्य सेवा प्रदान गरीरहको । साथै आवश्यकता अनुसार सम्बन्धित निकायमा जानकारी गर्ने गराउने गरेको पाइयो ।

**९. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरणः**

१. सञ्चालक, पदाधिकारी, कार्यालय/सेवाकेन्द्र संयोजक एवं समिति मातहतमा रहेका उपसमितिहरुका पदाधिकारीहरुलाई गत ९ औं साधारण सभाको निर्णय एवं संस्थाको आर्थिक प्रशासन नीति २०७७ बमोजिम बैठक भत्ता एवं आवश्यकता अनुसार टेलिफोन तथा ईन्धन खर्च प्रदान गरीएको छ ।

| खर्च शिर्षक | पदक्रम | | | |
|---|---|---|---|---|
| | पदाधिकारी | सन्चालक | लेखा समिति | कार्यालय संयोजक |
| सुचना सन्चार | रु ५००/महिना | रु ५००/महिना | रु ५००/त्रैमासिक | रु ५००/महिना |
| ईन्धन खर्च | रु ५००/महिना | रु ५००/महिना | रु ५००/त्रैमासिक | रु ५००/महिना |
| बैठक भत्ता | रु १,५००/महिना | रु १,०००/महिना | रु१,०००/त्रैमासिक | रु १,५००/महिना |

२. संस्थाका पदाधिकारी एवं संयोजकहरुलाई सदस्य सेवा एवं दैनिक कार्यबोझ आवश्यकता विश्लेषण गरी महिनामा रु २,५००।- नबढ्ने गरि प्रशासनिक खर्च भत्ता प्रदान गर्ने गरिएको ।

३. सहकारीको नकारात्मक सन्देश प्रवाह भई सदस्य बचत कारोबारमा आशातित प्रगति नभएको ऋण लगानि असुलीमा निस्कृयता भएको हालको अवस्थामा सन्चालक पदाधिकारीको निस्कृयतालाई निरुत्साहन गर्न एवं सबैलाई संस्थाप्रति जवाफदेही तथा सकृय बनाउन कामको बाँडफाँड एवं जिम्मेवारी निर्धारण गरेर नियमक निकायको अनुमति लिएर उपसमिति सदस्य, अध्यक्ष, पदाधिकारी,

सन्चालक वा सेवाकेन्द्र संयोजकलाई कार्यकारीको रुपमा पारिश्रमिक दिएर सहकार्य गर्ने व्यवस्था मिलाउनुपर्ने देखियो ।

४. संस्थाको प्रमुख कार्यकारी अधिकृत, ३ वटै कार्यालय प्रमुख लगायत सबै कार्यालयमा सेवारत कर्मचारीलाई सञ्चालक समितिले निर्धारण गरे बमोजिम पारिश्रमिक तथा सेवा सुविधाहरु उपलब्ध गराइएको हालको महङ्गीलाई विश्लेषण गरी (२०७९ श्रावण को ३ वर्ष पश्चात) चालु आ.व. २०८२/८३ श्रावणबाट परिमार्जित पारिश्रमिक प्रदान गरिएको ।

## १०. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :

१. साधारणसभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी बिनियमावली भए/नभएको : भएको

२. मानव संशाधन व्यवस्थापन नीति प्रयोगमा ल्याईएको/नल्याईएको : ल्याइएको

३. कर्मचारी भर्ना प्रक्रिया पारदर्शी र प्रतिस्पर्धी भएको/नभएको : भएको

कर्मचारी भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी छ । राष्ट्रिय पत्रपत्रिका, संस्थाको सामाजिक सन्जाल, सूचनापाटीमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार समिति पदाधिकारी, प्रमुख कार्यकारी अधिकृत, कार्यालय प्रमुखहरु एवं विषय विज्ञ सम्मिलित पदपूर्ति उपसमिति मार्फत लिखित, मौखिक तथा प्रयोगात्मक परिक्षा लिएर कर्मचारी भर्ना गर्ने गरिएको।

४. कार्यरत कर्मचारीहरु र कार्यबोझ बीच तादम्यता रहेको नरहेको : रहेको

१ जना प्रमुख कार्यकारी मार्फत समितिको सदस्य सचिवको रुपमा व्यवस्थापन प्रमुखको भुमिका सहित संस्थाका ३ वटै कार्यालयमा रहेका कर्मचारीहरुको कार्यविभाजन सँगसँगै आवश्यकता अनुसार विभागिय हेरफेर गरि कार्यबोझ व्यवस्थापन गर्ने गरिएको ।

५. ब्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण : व्यवस्थापन विषयमा स्नातक तह उत्तीर्ण गरी विगत १९ वर्ष देखि लगातार सहकारी, लेखा तथा व्यवस्थापन विषयमा सेवारत रहँदै अनुभवी एवं सो सम्बन्धी अनेकौं राष्ट्रिय अन्तर्राष्ट्रिय तालिम प्राप्त एवं संस्था स्थापना देखि सचिव/उपाध्यक्ष/प्रवन्ध सञ्चालकको भूमिकामा रही हाल संस्थाको प्रमुख कार्यकारी अधिकृत पदमा सेवारत रहेको साथै समुदायसँग नजिकिएर नीति निर्माण नयाँ परियोजना निमार्ण तथा व्यवस्थापनमा सहकार्य गर्दै समस्या समाधान गर्नसक्ने । साथै सबै कार्यालय प्रमुखहरु सहकारी, लेखा तथा व्यवस्थापन विषयमा ९ वर्ष भन्दा बढी अनुभवी एवं तालिम प्राप्त रहेको ।

## ११. कर्मचारीहरुको भर्ना प्रक्रिया र संख्या :

१. संस्थागत कर्मचारी भर्ना गर्दा संस्थाले समिति लेखासमितिको पारिवारिक सदस्य नहुने गरी सम्भव भएसम्म सदस्य वा सदस्यको परिवारबाट कर्मचारी व्यवस्थापन गर्ने नीति अपनाएको भए पनि एकिकृत संस्थामा कर्मचारी व्यवस्थापनको लागि राष्ट्रिय पत्रिका एवं संस्थाको आधिकारिक सामाजिक सन्जालमा कर्मचारी आह्वान गरी अन्तर्वार्ता मार्फत कर्मचारी व्यवस्थापन गरिएको छ। हाल संस्थामा देहायका १२ जना कर्मचारीहरु सेवारत रहेका छन् ।

| जम्मा संख्या | स्थायी | अस्थायी/करार | करार |
|---|---|---|---|
| १२ जना | ६ जना | ६ जना | नभएको |

२. सेवारत कर्मचारीहरु : १२ जना

| प्रमुख कार्यकारी अधिकृत | प्रधान कार्यालय | लामाचौर सेवाकेन्द | सार्दीखोला सेवाकेन्द |
|---|---|---|---|
| १ जना | २ जना | ३ जना | |
| परिक्षणमा | १ जना | ४ जना | १ जना |

४. रोजगारदाता मार्फत संस्थामा २ जना सुरक्षा कर्मचारी व्यवस्थापन गरिएको ।

५. संस्थागत कार्यबोझ व्यवस्थापनका लागि सदस्य एवं सदस्यका परिवारलाई स्वयम्सेवी कर्मचारी (खाजा सुविधा मात्रै प्रदान गरी) को रुपमा तालिम उपलब्ध गराई आवश्यकता अनुसार कर्मचारी व्यवस्थापन गरिरहेको ।

**१२. सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, उपसमिति, कर्मचारीहरुले लिएको ऋणको विवरण तथा भाखा नाघेको अवस्था :**

| **समिति/कर्मचारी** | **सञ्चालक समिति** | **लेखा समिति** | **सल्लाहकार** | **उपसमिति** | **कर्मचारी** |
|---|---|---|---|---|---|
| जम्मा संख्या | ९ जना | ३ जना | ३ जना | १८ जना | १२ जना |
| ऋण लिएको | ४ जना | ० | ० | ५ जना | १ जना |
| भाखा नाघेको | ० | ० | ० | ० | ० |

**१४. लेखा समितिले यस अघि दिईएका प्रतिवेदनका सुझावहरुको कार्यान्वयनको अवस्था :**

१. लेखा सुपरिवेक्षण समितिले समय समयमा सञ्चालक समिति मार्फत दिएका सुझावहरु कार्यान्वयन गर्न सञ्चालक समिति सक्रिय रहेको पाइयो ।

२. सञ्चालक समितिले समय समयमा व्यवस्थापनलाई दिएका सुझावहरु समयमा नै कार्यान्वयन भएको पाइयो ।

३. ऋण असुली तर्फ दिइएका सुझावहरु क्रमश कार्यान्वयन हुँदै गएको भएपनि हालको विषम अवस्थामा आर्थिक मन्दीको कारण व्यापार व्यवसायमा आएको सुस्तताको कारण किस्ता व्याज नियमित गर्न नसकेको कारण लक्ष्य बमोजिम भाखा नाघेको ऋण व्यवस्थापन गर्न नसकेको तथा ऋण असुलीको लागि कानुनी उपचारतर्फ जानुपरेकोमा सदस्यको हित एवं मानविय समवेदनामा सञ्चालक समिति तथा व्यवस्थापनले उचित ध्यान दिएको पाइयो ।

**१५. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु तथा सुझावहरु :**

१. आएकर ऐन बमोजिम संस्थाले बुझाउनपर्ने आयकर तथा सबै प्रकारका करहरु समयमा नै भुक्तानी गरि ETDS गरेको पाइयो ।

२. नेपाल सरकारले आर्थिक अध्यादेश मार्फत संस्थामा सेवारत सबै कर्मचारीहरुको तलबभत्ता बैंक खाता मार्फत भुक्तानी गर्नुपर्ने बाध्यात्मक व्यवस्था अनुरुप चालु आ.व. २०८२/८३ बाट सबै कर्मचारीहरुको नबिल बैंकमा कर्मचारी खाता खोली तलबभत्ता भुक्तानी गर्ने गरिएको पाइयो ।

३. कार्यालय रहेको स्थानिय निकायमा संस्था दर्ता गरी व्यवसाय दर्ता कर एवं घरबहाल कर समयमा नै

दाखिला गर्ने गरेको पाइयो ।

४. सञ्चालन बचत (मुनाफा) भएको रकमलाई सहकारी ऐन एवं संस्थाको विनियम बमोजिम बाँडफाँड एवं खर्च गरी बचेको रकमलाई संस्थाको जगेडा कोषमा रकमान्तर गर्ने गरिएको पाइयो ।

५. व्यवस्थापनले स्विकृत बजेट तथा संस्थाको आर्थिक प्रशासन नीतिको अधिनमा रहेर खर्च गर्ने गरेको पाइयो तर आर्थिक मन्दी एवं सहकारीको नकारात्मक गतिविधिका कारण स्विकृत बजेट अनुसारका केही शिर्षकमा फरक परेको देखियो ।

६. संस्थाको लेखा प्रणालीलाई व्यवस्थापन गर्न विभिन्न विभाग खडा गरि चेकजाँच गर्ने गरिएको छ भने संस्थागत कारोबार पारदर्शीता एवं सहज सदस्य सेवाको लागि प्रचलित दोहोरो लेखा प्रणाली तथा अनलाइन सुविधा सहित आधुनिक सफ्टवेयर Infinity Online Software (कोर बैंकिङ्ग प्रणाली) मार्फत संस्थागत कारोबार लेखाङ्कन गरिएको छ भने मोबाइल बैकिङ्क सुविधाको उपभोग गरेर सदस्यले आफ्ना सम्पूर्ण हरहिसाब अनलाइनबाट घरमै बसेर जानकारी लिन सक्नेछन् ।

७. संस्थागत ऋण सुरक्षणको लागि सहकारी ऐन नियमावली बमोजिम ऋण जोखिम कोष व्यवस्थापन गरेको छ ।

८. संस्थाको वित्तिय स्वास्थ्य परिक्षण गर्न कर्मचारी व्यवस्थापनले साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक र वार्षिक रुपमा पर्ल्स विश्लेषण गरी सञ्चालक समितिमा प्रतिवेदन पेश गर्ने गरेको छ ।

९. आ.व. २०८१/०८२ को पर्ल्स विश्लेषण अनुसार केही सुचकाङ्कहरुमा सुधार गर्नुपर्ने बाहेक संस्थागत कारोबार सन्तोषजनक एवं सुव्यवस्थित रहेको पाइयो ।

१०. संस्थाले सत प्रतिशत सदस्यको डाटाहरु कोपोमिसमा इन्ट्री गरेको छ भने कोपोमिस मार्फत नै सबै प्रतिवेदन पेश गरिरहेको र आवश्यकता अनुसार भौतिक रुपमा प्रतिवेदन पेश गर्ने गरेको छ ।

११. आन्तरिक लेखापरिक्षणको क्रममा व्यवस्थापन एव कर्मचारीहरुबाट संस्थागत सबै हरहिसाबहरु स्पष्ट एव पारदर्शी  जानकारी गराएको पाइयो ।

१२. सबै कार्यालयहरुको अन्तर सम्बन्ध सुमधर एवं व्यवस्थापकिय कामकाज सुव्यवस्थित रहेको पाइयो ।

१३. सम्पत्ति शुद्धिकरण निवारण निर्देशिका बमोजिम कार्यान्वयन अधिकारीको व्यवस्था गरेको पाइयो । कार्यान्वयन अधिकारीले टिटिआर/एसटिआर प्रतिवेदनहरु नियमित रुपमा सम्बनिधत निकायमा पठाउने गरेको चौमासिक रुपमा सञ्चालक समितिमा छलफल परामर्श हुने गरेको छ ।

१४. सदस्यहरुको गुनासो तथा सुझाव संकलनका लागि हरेक कार्यालयमा सुझाव पेटिका, सुझाव पुस्तिकाको व्यवस्थापन गरिएको साथै गुनासो सुनुवाई अधिकारीको व्यवस्था गरी सो मार्फत सदस्यको गुनासो सुझावलाई सम्बोधन गर्ने गरिएको छ भने समयमै संस्थागत सूचना, जानकारी दिन एवं सदस्यको सहजताको लागि संस्थाको आधिकारिक सामाजिक सन्जालमा सूचना गरी जयलक्ष्मी साकोस नामको छुट्टै ग्रुप तयार गरी सो मार्फत "सदस्यसँग जयलक्ष्मी" Facebook Messanger Chat Group मार्फत सहज छलफल गर्ने व्यवस्था मिलाइएको छ भने धैरै सदस्य जोडिन बाँकी रहेकोले सो ग्रुपमा जोडिएर छलफल एवं सल्लाह सुझाव दिनुहुन अनुरोध छ ।

१५. संस्थागत स्थिर सम्पत्तिलाई आयकर ऐन बमोजिम नै ह्रासकट्टी गरी लेखाङ्कन गरी खुद सम्पत्ति देखाइएको छ भने लेखा सम्बन्धित शिर्षकहरु लेखा नीति अन्तर्गत रही स्पष्टसँग राखिएको छ ।

१६. संस्थाका हरेक सुचना एवं जानकारीहरु सदस्यमाझ पुऱ्याउन सूचना अधिकारीको व्यवस्था गरि सो मार्फत संस्थाको वेवसाइट, फेसुबक, च्याटग्रुप मार्फत अनलाइन तथा सूचना पार्टी, फोन भेटघाट मार्फत सदस्यलाई सूसुचित गर्ने गरिएको छ ।

१७. गहन विषय छलफल एवं सल्लाह सुझावको लागि आवश्यकता अनुसार सञ्चालक समितिले लेखा सुपरीवेक्षण समिति, सल्लाहकार एवं पूर्व पदाधिकारीहरुलाई आमन्त्रण गरी संस्थागत जानकारी लिने एवं सल्लाह सुझाव पेश गर्ने अवसर प्रदान गर्ने गरेको छ ।

१८. संस्थाका सञ्चालक, व्यवस्थापन कर्मचारीहरुले हालसम्म कुनै पनि बदनियत राखेर कार्य गरे गराएको पाएका छैनौं, जघन्य गल्ती एवं सुधारजन्य कार्य केही भएको छैन भने सुधारात्मक कार्यहरुलाई समिति एवं व्यवस्थापनले पनि आवश्यकता अनुसार सुधार गर्दै आएको छ ।

**१६. लेखा समितिको तर्फबाट थप सुझावहरु :**

१. नेपाल सरकार, सहकारी निकायहरुले भर्खरै विभिन्न ऐन कानुन लागू गरे अनुसार सोको पूर्ण परिपालन गर्दै सदस्य सेवा प्रदान गर्न सबै जना सकृय रहनु पर्नेछ ।

२. संस्था सन्चालनका १० वर्षको विचमा संस्थाको शिक्षा समितिको अगुवाइमा त्रिवर्षिय रणनीतिक योजना तयारी गरिएकोमा सोही रणनीति अनुसार संस्थागत सदस्य सेवा विस्तार गर्दै समिक्षा गर्ने एवं आवश्यकता अनुसार परिमार्जन गरी सदस्य एवं संस्थागत उन्नयन गर्न सबैजना सकृय रहनुपर्ने देखियो ।

३. विद्यमान सहकारी ऐन कानुन बमोजिम सदै सदस्यको सदस्य पहिचान फाराम (Know your member KYM) भरेर व्यवस्थित गर्नु अत्यावश्यक देखियो ।

४. कागजात व्यवस्थापन सम्बन्धि त्रुटी कमजोरी निवारणको लागि संस्थाले बजारमा प्रचलनमा आएको Document Management System (DMS) जडान गरे पनि यथेस्ट प्रयोग नगरेको देखिएकोले सो प्रविधिको अधिकतम प्रयोग गरि कागजात व्यवस्थापन गर्न अत्यावश्यक देखियो ।

५. संस्थाको लक्ष्य उद्देश्य अनुरुप नमुना एवं दीगो सहकारी निमार्ण गर्न सदस्यको आर्थिक नैतिक सामाजिक उन्नयनका लागि बचत तथा ऋणको अलावा सामुदायिक हितकारी आयमुलक परियोजना सन्चालन व्यवस्थापन गर्न यथासम्भव छिटो आवश्यक रणनीतिहरु तयार गरि लागू गर्न तर्फ ध्यान दिनु अत्यावश्यक देखिन्छ ।

६. अल्पकालिन मुनाफामुखी नभई दीर्घकालिन सदस्य सहकारी सेवा प्रदान गर्दै शेयर पूँजी मात्रै लगानी गरी निस्कृय रहने सदस्यहरुलाई संस्थामा नियमित बचत तथा ऋण कारोबार गर्दै आफ्नो आर्थिक उन्नयन गर्न तथा शेयर लाभांश भन्दा संरक्षित पूँजी फिर्ता कोषबाट अत्याधिक लाभ हासिल गर्न प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

७. ऋणी सदस्यलाई मासिक व्याज किस्ता को लागि फोन सम्पर्क वा भेटघाट गर्ने तथा धन जमानतकर्तालाई

त्रैमासिक रुपमा फोन सम्पर्क वा भेटघाट गर्न एवं अधिक बचत गर्न तथा नियमित कारोबार गर्न सदस्यलाई प्रोत्साहन गर्न समिति उपसमितिहरु पूर्ण सकृय रहेर कर्मचारीहरुलाई कार्यप्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

८. हालको बजार माग अनुसार संस्थागत बचत तथा ऋणको व्याजदरहरुको यथासम्भव छिटो विश्लेषण गर्दै सोही अनुरुप संस्थामा लागू गर्न हरदम तत्पर रहेर संस्थागत कारोबार वृद्धि सँगसँगै अनुभवी शाखा प्रमुख एवं ऋण विभाग प्रमुखको यथासक्य छिटो व्यवस्थापन गरी ऋण लगानी सँगसँगै असुलीतर्फ पनि व्यवस्थापन अझ सकृय रहनु अनिवार्य देखिन्छ ।

९. हालको विषम अवस्थामा कार्यालयगत खर्च बढिरहेको संस्थागत बैठक बसेर टेलिफोन, ईन्धन तथा अन्य भत्ता लिने बाहेक समिति उपसमितिका पदाधिकारीहरु (विशेष गरेर प्रधान कार्यालयलसँग जोडिएका) ले सदस्यता एवं कारोबार वृद्धिको लागि कुनै पहल गरेको वा व्यवस्थापन कर्मचारीलाई सहजिकरण गरेको नदेखिएकोले सो तर्फ समिति सचेत एवं सकृय रहनु अत्यावश्यक देखिन्छ ।

१०. हालको डिजिटल जमानामा संस्थाका सबै सूचना एवं जानकारी समयमै संकलन गरी नियमित बचत तथा ऋण कारोबार सँगसँगै SMS Banking, Mobile Banking, QR Code लगायतका सबै सेवा सुविधाहरु समिति उपसमितिले पूर्ण उपभोग गर्दै सदस्यलाई सुप्रचार सहित प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

११. ATM Banking सेवा मार्फत सदस्य विस्तार गर्ने तयारी भए पनि सदस्यको सकृयता नदेखिए बमोजिम आ.व. २०८२ असार मसान्तबाट ATM Banking सेवा स्थगन गरि खर्च मितव्ययीता अपनाइएकोमा समिति व्यवस्थापनलाई धन्यवाद सहित आवश्यकताअनुसार राष्ट्रिय सहकारी बैंक लिमिटेड वा अन्य ATM प्रदायक संघसंस्थासँग समन्वय गरि Coop Card मार्फत सदस्य सेवा व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

१२. हालको प्रविधियुक्त समयमा छिटो छरितो सुचना प्रवाहको लागी प्रविधिको भरपुर प्रयोग गरि समयमा नै Digital माध्यमबाट महत्वपूर्ण छलफल गरी सोही व्यवस्था मिलाइ कागज रहित वातावरण सृजना संगै मितव्ययीता अपनाउन र समय व्यवस्थापन गर्न समिति उपसमिति अझ बढी सकृय रहनुपर्ने देखिन्छ ।

१३. विगतमा जसरी नै दोहोरो सदस्यता अन्त गर्दै अनेकौं सहकारीमा शेयर राखेर संस्थागत अश्वस्त प्रतिस्पर्धा नगरी एकै संस्थामा रहेर विभिन्न आयमुलक उत्पादनमुलक सहकारी मैत्री कार्य गर्न गराउन सदस्यलाई प्रेरित गर्दै सहकारी ऐन नियमावली बमोजिम लक्ष्य उद्धेश्य मिल्ने अन्य विभिन्न सहकारी एकिकरण गरी ठूलो सहकारी निमार्णको सहकारी अभियानमा अग्रणी भूमिका खेल्नुपर्ने देखिन्छ ।

१४. अन्य छिमेकी सहकारीहरुसँग अस्वस्थ प्रतिस्पर्धा नगरी उत्कृष्ट अनि नमूना सहकारी निमार्ण गर्न समिति, उपसमितिका पदाधिकारीहरु एवं सदस्यहरुलाई तालिम सूचना प्रदान गरी शिक्षित समाज बनाउन समयानुकुल तालिम, गोष्ठी, अध्ययन अवलोकन भ्रमणको ब्यवस्था गर्न शिक्षा समिति सकृय हुनु अत्यावश्यक देखिन्छ ।

१५. बर्तमान विषम अवस्थामा देखा परेको सहकारीको नकारात्मकतालाई चिर्दै बचत एवं तरलता अभिवृद्धिको लागि आवश्यक पलहकदमीको लागि विभिन्न सहकारी संघ, सहकारी विभाग एवं

नेपाल सरकारलाई समस्या निराकरणको लागि ध्यानाकर्षण गराउन एवं अन्तर सहकारी सम्बन्ध सुमधुर राखी ऋण असुली एवं अन्य कार्यमा अस्वस्थ प्रतिस्पर्धा नहुने गरी दैनिक कार्य व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

१६. समिति, उपसमिति, सदस्य, कर्मचारीहरुको दक्षता अभिवृद्धिको लागि शिक्षा उपसमिति माफर्त सहकारी शिक्षा, नेतृत्व विकास क्षमता अभिवृद्धि गर्दै बचत तथा ऋणको कारोबार सँगसँगै अन्य आयमुलक परियोजना सञ्चालन व्यवस्थापन गर्ने तर्फ आवश्यक परामर्श, तालिम तथा अन्य कार्यको लागि समितिले बढी सजग रहनुपर्ने देखिन्छ ।

१७. न्युन स्थानिय सदस्य एवं कार्यालय सन्चालन समितिको निस्कृयताले प्रधान कार्यालयको कारोबारमा सुस्तता देखिएकोले खर्च व्यवस्थापनको लागि हालको अवस्थामा कार्यालय बन्द गर्नुपर्ने दबाब आएको भएपनि हालको विषम अवस्थामा कुनै पनि कार्यालय बन्द गर्दा समग्र संस्थाको नकारात्मक सन्देश जानेतर्फ हामी सबै सचेत रहनु छ भने रानिपौवा कार्यालय वरपर घरदैलो गरेरै भए पनि सदस्य कारोबार बढाउन सो कार्यालयसँग सम्बन्धित कर्मचारी एवं समिति अझ बढि सकृय रहनुपर्ने देखिन्छ ।

१८. सदस्य एवं आम जनामानस एवं समग्र सहकारी अभियानमा हाम्रो जयलक्ष्मी सहकारी एउटा अब्बल सहकारीको रुपमा सुपरिचित भएकोले सहकारी ऐन नियम बमोजिम नियमक निकायबाट स्वीकृति लिएर संस्थाको कार्यक्षेत्र थप, सेवाकेन्द्र थप, विभिन्न सदस्य हितकारी परियोजना सञ्चालन व्यवस्थापनका लागि समितिले यथासक्य छिटो पहल गर्नुपर्ने देखिन्छ ।

१९. स्थानिय सुपरिचित सदस्यलाई बाहेक बिना धितो ऋण प्रवाह नगर्न नगराउन हुन र यदि प्रवाह गर्नुपरेमा जिम्मेवार एवं विश्वसनीय जमानतकर्ता राखेर किस्ताबन्दी असुली गर्ने एवं ठूला ऋण, पारिवारिक ऋण एवं अनुत्पादक क्षेत्र ऋण लगानी नगर्न नगराउन हुन एवं हाल सम्म लगानि भएका यस्ता ऋण यथासक्य छिटो असुली गर्न ध्यान दिनुपर्ने देखिन्छ।

२०. कार्यक्षेत्रभित्र नपर्ने वा कार्यक्षेत्रभित्र बसोबास गर्ने कागजात उपलब्ध नहुने सदस्यलाई सदस्यता प्रदान नगर्न नगराउन एवं सदस्यता भएको भए आवश्यक कागजात यथासक्य व्यवस्थापन गर्न गराउन एवं सो उपलब्ध नभएमा सदस्यता खारेजी गर्नुपर्ने देखिन्छ ।

२१. विगतमा जसरी नै स्वेच्छिक तथा खुला सदस्यता भए पनि सदस्यले मागेको बखत नै शेयर फिर्ता नगरी सदस्यको माग, आवश्यकता, गुनासो पहिचान हालको तरलता संकटको अवस्थामा सदस्यता खारेजी भन्दा पनि सदस्यता अभिवृद्धितर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२२. संस्थामा विभिन्न उपसमितिहरु भए पनि धेरै जसो उपसमितिका पदाधिकारीहरु ऋण माग गर्ने वा आफन्तलाई ऋण सिफारिस गर्ने बाहेक संस्थागत सदस्यता, बचत एवं कारोबार अभिवृद्धिमा प्राय निस्कृय देखिएकोले सबैलाई सकृय बनाउन हुन वा निस्कृय सदस्यको सट्टामा सकृय सदस्य थपघट गरी उपसमितिहरलाई संस्थागत लक्ष्य उद्देश्यमा कटिवद्ध गराउनुपर्ने देखिन्छ ।

२३. गत आ.व. को तुलनामा कारोबार सन्तोषजनक देखिए पनि ऋण असुली खासै सन्तोषनजक नभएको, एकै परिवारमा अधिक ऋण प्रवाह भएको, बिना धितो ऋण प्रवाह बढेको, किस्ताबन्दी ऋण

असुली गर्नुपर्नेमा नविकरणीय तरिकाले ऋण व्यवस्थापन भएकाले सो कार्य अविलम्ब न्यूनिकरण गर्दै आयमुलक एवं उत्पादनमुलक क्षेत्रमा किस्ताबन्दी असुली हुने गरी ऋण व्यवस्थापन गर्न गराउन ऋण उपसमिति एवं सञ्चालक समितिले ध्यान दिनु अत्यावश्यक देखिन्छ।

२४. विभिन्न विभागिय कर्मचारीहरुले आन्तरिक लेखापरिक्षकले कैफियत देखाएका धेरैजसो कैफियत सुधार गरेको भए पनि सदस्य एवं ऋणीको कागजात व्यस्थापन तथा दैनिक कार्यसम्पादनका केही गम्भिर विषयमा आवश्यक ध्यान नदिएको देखिएकोले व्यवस्थापनले यथासक्य छिटो सोको निराकरण गराइ संस्थागत जोखिम कम गराउनुपर्ने देखिन्छ।

२५. व्यवस्थापन बाहेका हरेक कर्मचारीहरु आफ्नो जिम्मेवारीको कामकाजमा पुर्ण जिम्मेवार नदेखिएकोले पूर्ण बफादार एवं इमान्दार भई दैनिक कार्यसम्पादनको गर्नुपर्ने देखिन्छ भने कर्मचारीहरुको कार्यसम्पादन एवं प्रतिवेदन दिने शैलि अली छिटोछरितो एवं चुस्त दुरुस्त नदेखिएकोले सो तर्फ व्यवस्थापनले ध्यान दिइ सोको निराकरण गर्नुपर्ने एवं आवश्यक तालिम सँगसँगै दण्डसजाय गर्नुपर्ने देखिन्छ।

२६. संस्थागत बचत न्यून भएकोले सदस्य/बजार सहायक एवं सोसँग सम्बन्धित कर्मचारीहरुलाई सकृय गराउन एवं सदस्य सुझाव संकलन गर्दै नीति विधि र प्रविधियुक्त सहकारी निमार्णको लागि हालको राष्ट्रिय आर्थिक संकटको अवस्थामा व्यवस्थापन, समिति, उपसमिति सबैजना विगतभन्दा अलि बढी संस्थागत सहकार्य एवं अनुगमनमा सकृय रहनुपर्ने देखिन्छ।

२७. संस्थागत ऋण असुली सकृयताको लागि सन्चालक समिति पदाधिकारीहरुको नेतृत्वमा ३ वटा असुली समुह बनाएर सकृय रहेकोमा सबै जसो ऋण कारोबार नियमित नहुँदासम्म सबै असुली समुहहरुलाई अझ सकृय बनाई संस्थाको ऋण विभागसँग सहकार्य गरि संस्थागत ऋण कारोबार नियमित गर्ने साथै लगानि विस्तार गर्नुपर्ने देखिन्छ।

२८. संस्थागत सहकार्यको लागि गठित विभिन्न उपसमितिहरु संस्थागत कारोबारमा सकृय नदेखिएकोले कम्तीमा त्रैमासिक बैठक बसेर कार्यालयगत समिक्षा गरेर संस्थागत गतिविधिमा सकृय गराउनुपर्ने, त्रैमासिक, अर्धवार्षिक विस्तारित बैठक सहितका विभिन्न सदस्य सहकारी शिक्षा कार्यक्रमहरु आयोजना गरि संस्थागत कारोबार अभिवृद्धि गर्न सबैजना सकृय रहनुपर्ने देखिन्छ।

सभाका सभाध्यक्षज्यू तथा शेयर सदस्यज्यूहरु

गत साधारणबाट प्राप्त जिम्मेवारी अनुरुप संस्थागत सुशासन, आर्थिक पारदर्शिता सहित चुस्त दुरुस्त व्यवस्थापन, सहज एवं सरल सहकारी सदस्य सेवा प्रदान गर्दै संस्था एवं सदस्यको अधिक हितमा सहकार्य गर्न गराउन हामीले हालसम्मको आफ्नो ज्ञान, सिप, क्षमता र अनुभवले भ्याएसम्म सुक्ष्म अनुगमन, छलफल तथा परामर्श गरी समिति एवं व्यवस्थापनलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सुझाव दिदैं आएका छौं। संस्थाको आन्तरिक लेखापरिक्षण एवं सुपरिवेक्षणको लागि हामीले सहकारी विभागले जारी गरेको निर्देशन, प्रचलित लेखा नीति र संस्थाको बिनियमलाई पूर्ण आधार मानेका छौं। हाम्रो जयलक्ष्मी नमुना सहकारी बनाउन समिति, कर्मचारीहरुको सकृयता सँगसँगै यहाँहरु सम्पूर्ण सदस्यको अमुल्य योगदान रहनेमा सबै शेयर सदस्यहरु विश्वस्त रहेर हालको नकारात्मकतालाई चिरेर अब्बल सहकारी निर्माण गर्न सम्पूर्ण सदस्यहरुलाई यसै सभाबाट हार्दिक अपिल गर्दछौं।

हामीलाई सदाझै रचानात्मक सहयोग प्राप्त हुने विश्वास राख्दै समितिमा रहेर सहकार्य गर्न एवं प्रतिवेदन तयारीमा सहकार्य, सहयोग गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, संस्थाका सल्लाहकार, समितिका अध्यक्ष एवं सञ्चालकज्यूहरु, उपसमितिका पदाधिकारी एवं सदस्यज्यूहरु, शेयर सदस्य, प्रमुख कार्यकारी अधिकृत, सबै कार्यालय प्रमुख एवं कर्मचारीहरु, आन्तरिक तथा बाह्य लेखापरिक्षकज्यूहरु मा हार्दिक आभार एवं धन्यवाद सहित कोरोना महामारीबाट आक्रान्त भई हाल नकारात्मक आर्थिक  संकट छिटो निवारण भई हामी सबैको आर्थिक, नैतिक एवं सामाजिक उन्नयन होस्, सबैजना सुरक्षित, स्वस्थ एवं निरोगी रहेर आफ्ना हरेक गतिविधिमा सकृय रहन सकौं, हामी लेखा समितिको तर्फबाट विभिन्न धार्मिक रितीरिवाज अनुसारका आसन्न सबै चाडपर्वहरुको अवसरमा सबैमा शुभकामना व्यक्त गर्दै प्रतिवेदन अन्त भएको जानकारी गराउदै आवश्यक छलफल सुझाव सहित प्रतिवेदन पारित गरिदिनुहुन सबैमा अनुरोध गर्दै बिदा हुन्छौं ।

सचेत रहौं, सुरक्षित रहौं, निशंकोच जयलक्ष्मीसँग हातेमाले गरौं
दीर्घकालसम्म "सहकारी मार्फत आत्मनिर्भता" बढाउन हामी तल्लिन थियौं, छौं र सदा रहनेछौं ।
लक्ष्मी माताले हामी सबैको कल्याण गरुन् ।
धन्यवाद, जयलक्ष्मी ॥ जय सहकारी ॥।

| | | |
|---|---|---|
| हरिप्रसाद अधिकारी | गीताकुमारी चालिसे | यादबप्रसाद अधिकारी |
| लेखा समिति सदस्य | लेखा समिति सदस्य | लेखा समिति संयोजक |

C. M. & Associates
Chartered Accountants
Chandragiri- 15, Dhungeadda
Kathmandu, Nepal

Phone: +977-9851186743
9813270741
Email: info@cma.com.np
Website: www.cma.com.np

## श्री जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको वित्तीय विवरण उपर स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

### मन्तव्य

हामीले **श्री जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**, **पोखरा महानगरपालिका ११, रानिपौवा, कास्की** को ( यस पछि "संस्था" भनिएको) यसै साथ संलग्न मिती २०८२ आषाढ ३२ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सानी हिसाब, नाफा नोक्सान बाडंफांड हिसाब, नगद प्रवाह विवरण, स्वामित्वमा भएको परिवर्तन र प्रमुख लेखानीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु (यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको) लेखापरीक्षणमा संलग्न रहेका छौं ।

*हाम्रो रायमा र हामीले पाएको अधिकतम जानकारी तथा हामीलाई दिईएको स्पष्टिकरणहरु बमोजिम माथि उल्लेखित वित्तीय विवरणहरुले सारभूत रुपमा संस्थाको मिति २०८२ आषाढ ३२ को वित्तीय अवस्था तथा सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बांडफांड हिसाब, नगद प्रवाह विवरण, स्वामित्वमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु प्रचलित कानूनका अधिनमा रही सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५, गण्डकी प्रदेश सहकारी ऐन, २०७५ तथा नियमावली २०७६ तथा तदनरुप जारी भएका निर्देशन अनुरुप यथार्थ चित्रण गर्दछ । यसै प्रतिवेदनको रायको आधार हरफको बुँदा (ख) मा उल्लेख भएको प्रतिदावी आधार हरफमा उल्लेखित कुराहरुको महत्व र परिवर्तित साना तथा मझौला संस्थाको लागी लागू हुने नेपाल वित्तीय प्रतिवेदनमानहरु (NFRS for SMEs) पहिलो पटक ग्रहण गर्दा चाहिने एकीकृत वित्तीय सुचनाको पुनर्लेखन र थप खुलासा यस संस्थाबाट नगरिएकोले, यसबाट पर्न जान सक्ने एकीकृत असरको बारेमा लेखापरिक्षणको सिलसिलामा हामीले पर्याप्त प्रमाणहरु संकलन गर्न नसकेकोले हामीले यस संस्थाको आ. व. २०८०।८१ को वित्तीय विवरणहरु उपर आफ्नो राय व्यक्त गरेका छैनौं ।*

### मन्तव्यको आधार

*(क) हामीले नेपाल लेखापरीक्षणमान बमोजिम लेखापरिक्षण सम्पन्न गरेका छौं । यसै प्रतिवेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा त्यी लेखापरीक्षण मान अनुसारका हाम्रो जिम्मेवारीको थप वर्णन गरिएको छ । हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको लेखा व्यवसायीहरुको आचारसंहिता तथा नेपालमा वित्तीय लेखापरीक्षणका लागी सांदर्भिक आचरणको प्रावधान अनुसार हामी वित्तीय विवरणहरुको लेखापरिक्षण गर्न स्वतन्त्र छौं र हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको आचार संहिताहरुका अन्य प्रावधानहरुको पालना गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयूक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।*

*(ख) आर्थिक महत्वको आधारमा (सर्वसाधारण तथा सदस्यबाट संकलित बचत रकम रु.१० करोड भन्दा बढि तथा ५० करोड भन्दा कम भएको) सहकारी संस्थाका लागु भएको वित्तीय रिर्पोटिङको ढाँचा प्रचलित लेखा सम्बन्धी सर्वमान्य सिद्धान्तको आधारबाट साना तथा मझौला संस्थाको लागी लागू हुने नेपाल वित्तीय प्रतिबेदन मान (NFRS for SMEs) अर्न्तगत रही तयार गर्नुपर्ने व्यवस्था आ.व. २०८१।८२ देखि लागु भैसकेको छ । परिवर्तित वित्तीय रिर्पोटिङको ढाँचा तयार गरी लागु गर्न NFRS for SMEs अनुसारको वित्तीय विवरणहरु सुरुवातमा*

C. M. & Associates
Chartered Accountants
Chandragiri- 15, Dhungeadda
Kathmandu, Nepal
Phone: +977-9851186743
9813270741
Email: info@cma.com.np
Website: www.cma.com.np

*तयार हुनुपर्छ र सोही बमोजिम तीन वर्षको वित्तिय स्थितीको विवरण (Statement of Financial Position), दुई वर्षको विस्तृत आय विवरण (Statement Of Comprehensive Income), दुई वर्षको आय विवरण (प्रस्तुत गरिने भए), दुई वर्षको नगद प्रवाहको विवरण, दुई वर्षको स्वामित्वमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement Of Change In Equity) र सोसंग सम्बन्धित टिप्पणीहरु लगायत तुलनात्मक सुचनाहरु समेत तयार हुनु पर्दछ । यस्तो व्यवस्था भएता पनि यस आर्थिक बर्षमा पनि वित्तीय विवरणहरु NFRS for SMEs अनुसार तयार गरिएको छैन । साना तथा मझौला संस्थाको लागी नेपाल वित्तीय प्रतिबेदन मान (NFRS for SMEs) मा आधारित रही नयाँ लेखा सम्बन्धी नीतिहरु तयार गरी वित्तीय सुचनाहरुको पहिचान, पुर्नलेखन, प्रस्तुतीकरण र खुलासाहरु दिनुपर्ने हुन्छ । यसरी साना तथा मझौला संस्थाको लागी लागू हुने नेपाल वित्तीय प्रतिबेदन मान (NFRS for SMEs) बमोजिम वित्तीय सुचनाको पुर्नलेखन, प्रस्तुतीकरण र खुलासाहरु नगरिंदा यिनीहरुको वित्तीय विवरणमा पर्ने समष्ठीगत प्रभाव अनिश्चित रहेको छ, जुन Material तथा Pervasive पनि हुन सक्छ ।*

### वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व

नेपाल लेखापरीक्षणमान तथा सहकारी ऐन/निमयावली/मापदण्ड अनुरुप वित्तीय विवरणहरु तयारी गर्ने तथा उचित प्रस्तुति गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारी अर्न्तगत वित्तिय विवरण तयार र प्रस्तुतीकरणसँग सम्बन्धित आन्तरीक नियन्त्रण खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा कायम राख्ने कार्यहरु पर्दछन । जसका वित्तीय विवरणहरु त्रुटि तथा जालसाजीको कारणले सारभुत रुपमा गलत आँकडासहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखानितिहरुको छनौट र कार्यान्वयन गर्ने, आवश्यकता अनुसार लेखा अनुमान गर्ने कार्यहरु समेत पर्दछन् ।

निकाय सञ्चालन सामर्थ्यको व्यवस्थापकिय मुल्याङ्कन र निकायलाई खारेज (Liquidate) गर्ने मनसाय नभएसम्म सामान्यतयाः वित्तीय विवरणहरु अविच्छिन्नताको मान्यतामा नै तयार गर्ने र सोको उपयूक्त खुलासा गर्ने कार्यको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । शासकीय भूमिकामा रहेकाहरुको जिम्मेवारी निकायको वित्तिय प्रतिवेदन प्रक्रियाको रेखदेख गर्ने रहेको छ ।

### वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व

हाम्रो उत्तरदायित्व समष्टिगत रुपमा वित्तीय विवरणहरु त्रुटि वा जालसाजीका कारण सारवान गलत आंकडायुक्त नभएको आश्वस्तता प्राप्त गर्नु र आफ्नो रायसहितको प्रतिवेदन जारी गर्नु हो । मनासिव माफिको आश्वस्तता उच्च तहको आश्वस्तता हो तर लेखापरीक्षणमान अनुसार लेखापरीक्षणमा गर्दा सारवान गलत आँकडायुक्त प्रस्तुतिकरणको सदैव पहिचान हुन्छ नै भन्ने प्रत्याभुति गर्दैन । गलत प्रस्तुतिकरण त्रुटि वा जालसाजीका कारण हुन सक्दछ र यदि तिनको एकल वा समष्टिगत कारणले त्यस्ता वित्तीय विवरणको आधारमा लिने आर्थिक निर्णयहरुमा आधार गर्दछ भन्ने सारवान ठहरिन्छ । नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायीक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौं । क्रमश हामीले :

- वित्तिय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मुल्याङ्कन गरी ती जोखिमहरुको लागि प्रभावकारी लेखापरीक्षण प्रकियाहरु तर्जुमा गरि हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलिभगत, ठगी, जानाजानी चूक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाई समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतिहरुको पहिचान नलाग्ने जोखीम अधिक रहन्छ ।

- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्वन्धि राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासगिंक हुने संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेका लेखानीतिहरुको औचित्य, लेखाअनुमानको व्यावहारिकता तथा लेखा सम्बन्धि खुलासाहरुको मूल्याङ्कन गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखानीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरुसंग सम्बन्धित सारभूत अनिश्चितताको कारणले संस्थाको व्यवसायीक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मिति सम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाहरुले संस्था अविच्छिन्न निकायको रुपमा नरहन सक्दछ ।
- वित्तीय विवरणको समग्र प्रस्तुतीकरण ढांचा र खुलासा सहितको विषयवस्तु तथा अर्न्तनिहित कारोवार एवंम घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतिकरण गरे नगरेको मूल्याङ्कन गर्दछौं । हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकोहरुलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्ययोजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरु लगायत संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराउँदछौं ।
- शुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई प्रासंगिक नैतिक आवश्यकताहरु पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभावपार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरु साथै सो सम्बन्धि प्रतिरोध बारेमा समेत जानकारी गराउंदछौं ।

**अन्य कानूनी तथा नियामक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन**

सहकारी ऐन २०७४ तथा सहकारी नियमावली, २०७५, गण्डकी प्रदेश सहकारी ऐन २०७५ तथा गण्डकी प्रदेश सहकारी नियमावली २०७६ एवम अन्य प्रचलित कानुन बमोजिम :

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरु पाएका छौं ।

(ख) हामीले लेखापरीक्षणमा गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा, संस्थानको हिसाबकिताब ऐन, नियमावली तथा तदअनुरुपका निर्देशन बमोजिम ठीकसंग राखिएको छ ।

(ग) यो प्रतिवेदनसंग सम्बन्धित संलग्न वासलात, आय विवरण, नाफा नोक्सान हिसाब, स्वामित्व अंशमा भएको परिवर्तन विवरण, नगदप्रवाह विवरण र संलग्न अनूसूचिहरु तोकेको ढांचा र तरिका अनुसार तयार गरिनुका साथै संस्थाले राखेको हिसाबकिताब, वहीखाता, श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन् ।

(घ) हामीले लेखा परिक्षणको समयमा संस्थाको संचालक समिति वा कुनै प्रतिनिधि वा कुनै कर्मचारीले प्रचलित कानून विपरित कुनै कार्य गरेको वासंस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

*(ङ) संस्थाले भाखा नाघेको आधारमा गरेको कर्जा नोक्सानी व्यवस्था यथेष्ट गरेको भेटिएन । लेखा सफ्टवेयरबाट कर्जा नोक्सानी स्वत: हिसाब भएर पोष्टिङ नहुने भएकाले मुनाफामा पर्ने यसको असर यकिन गर्न सकिएन ।*

CMA C. M. & Associates
Chartered Accountants
Chandragiri- 15, Dhungeadda
Kathmandu, Nepal

Phone: +977-9851186743
9813270741
Email: info@cma.com.np
Website: www.cma.com.np

*(च) आर्थिक महत्वको आधारमा (सर्वसाधारण तथा सदस्यबाट संकलित बचत रकम रु.१० करोड भन्दा बढि तथा ५० करोड भन्दा कम भएको) सहकारी संस्थाका लागु भएको वित्तीय रिर्पोटिङको ढाँचा प्रचलित लेखा सम्बन्धी सर्वमान्य सिद्धान्तको आधारबाट साना तथा मझौला संस्थाको लागी लागू हुने नेपाल वित्तीय प्रतिबेदन मान (NFRS for SMEs) अर्न्तगत रही तयार गर्नुपर्ने व्यवस्था आ.व. २०८१।८२ देखि लागु भैसकेको छ । संस्थालाई यस बापत कर्जा नोक्सानी व्यवस्था Incurred Credit Loss Model अनुसार कर्जा नोक्सानी व्यवस्था हिसाब गनुपर्ने भएकोले, तथा नउठेको ब्याजलाई समेत आय जनाउनुपर्ने लगायतका व्यवस्थाको कारण यसको असर समष्ठीगत रुपमा अनिश्चित रहेको छ, जुन Material तथा Pervasive पनि हुन सक्छ । संस्थाको तर्फबाट सोको प्रभावको मुल्यांकन नभएको हुनाले सो को असर यकिनता गर्न सकिएन ।*

नि.: सि. एम. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स्

एफ. सि.ए. मनोज क्षेत्री,
प्रोप्राईटर
ठेगानाः चन्द्रागिरि १५, ढुङ्गेअड्डा, काठमाण्डौ
मितीः २०८२।०५।११
UDIN: 250830CA013454EQDv

# श्री जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## पोखरा महानगरपालिका ११, रानिपौवा, कास्की

## वासलात

## २०८२ आषाढ मसान्तको

| बिबरण | अनुसूची | २०८२ आषाढ मसान्तको | २०८१ आषाढ मसान्तको रु. |
|---|---|---|---|
| **पुँजी तथा दायित्व** | | | |
| पुँजी तथा जगेडा कोष | | | |
| क शेयर पूँजी | १ | ६३,०२३,२००.०० | ८८,५६७,१००.०० |
| ख कोष हिसाब | २ | ८,४५३,४५९.१४ | ८,१४४,२५६.२५ |
| बचत तथा निक्षेपहरु | ३ | २४१,८३७,००१.५८ | १७९,२८३,८९८.८८ |
| बाह्य ऋण तथा सापटी | ४ | ३४,२२६,३६९.८९ | ५४,७५६,४४४.६७ |
| पुँजीगत अनुदान | | - | - |
| चालु दायित्व तथा व्यबस्था | ५ | ७,२४७,६०६.१८ | ७,५८४,६७५.८६ |
| कर दायित्व | | | |
| क श्रोतमा कर कट्टी | ६.१ | ३००,२९६.८१ | २५०,६५५.८७ |
| ख आयकर दायित्व | ६.२ | ७९,२९०.२९ | - |
| दिर्घकालिन दायित्व | | - | - |
| स्थगन कर दायित्व | | - | - |
| **कूल जम्मा रु.** | | **३५५,१६७,२२३.८९** | **३३८,५८७,०३१.५३** |
| **सम्पत्ति तथा जायजेथा** | | | |
| नगद मौज्दात | ७ | ७९४,०३६.०० | १,७६०,०७३.०० |
| बैंक मौज्दात | ८ | ३५,७०१,०२७.२४ | ३०,१३३,००५.४२ |
| लगानी हिसाब | ९ | १०,७८६,०००.०० | १०,७८६,०००.०० |
| कर्जा सापटी लगानी | १० | २८९,२६५,७९४.२४ | २७७,७३४,१४२.९० |
| चालु सम्पत्ती | ११ | २,०८७,४५४.२४ | ६,५४१,६२२.९१ |
| स्थीर सम्पत्ति | १२ | १६,२९८,९२३.१९ | ११,४७५,४९८.९९ |
| अन्य दिर्घकालिन सम्पत्ति | | - | - |
| स्थगन कर सम्पत्ति | १८ ग | २३३,९८८.९८ | १५६,६८८.३१ |
| **कूल जम्मा रु.** | | **३५५,१६७,२२३.८९** | **३३८,५८७,०३१.५३** |

प्रमुख लेखा नीति तथा टिप्पणीहरु १८

अनुसुचि १ देखि १८ सम्म यस वित्तीय विवरणका अभिन्न अंगहरु हुन् ।

हाम्रो आजकै मितिको प्रतिवेदनको आधारमा

नि. सि. एम. एण्ड एसोसिएट्स

चार्टर्ड एकाउन्टेन्ट्स

सुशिल के.सी.
प्रमुख कार्यकारी अधिकृत

सुरेन्द्र बहादुर भण्डारी
कोषाध्यक्ष

यादब प्रसाद अधिकारी
लेखा संयोजक

मनोज क्षेत्री एफ.सि.ए.
प्रोप्राईटर

बिष्णु प्रसाद पौडेल
सचिव

सुरेश के.सी.
उपाध्यक्ष

शिवलाल उपाध्याय
अध्यक्ष

मितिः २०८२।०५।११

ठेगानाः चन्द्रागिरि १५, काठमाण्डौं

UDIN: 250830CA013454EQDv

**श्री जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पोखरा महानगरपालिका ११, रानिपौवा, कास्की**
**नाफा नोक्सान हिसाब बिबरण (सञ्चालन नतिजा)**
२०८१ श्रावण ०१ देखि २०८२ आषाढ मसान्तसम्मको

| बिबरण | अनुसूची | २०८२ आषाढ मसान्तको | २०८१ आषाढ मसान्तको रु. |
|---|---|---|---|
| ब्याज आम्दानी | १३ | ३५,०७८,५४८.१८ | ४३,३९५,३९२.२८ |
| ब्याज खर्च | १४ | २३,८५४,६४०.६८ | ३०,६७६,५६३.८५ |
| **खुद ब्याज आम्दानी** | | ११,२२३,९०७.५० | १२,७१८,८२८.४३ |
| अन्य सञ्चालन आम्दानी | १५ | १,१०१,७०१.१९ | ८५८,४३१.९० |
| **कुल सञ्चालन आम्दानी** | | १२,३२५,६०८.६९ | १३,५७७,२६०.३३ |
| प्रशासनिक खर्च | | | |
| कर्मचारी खर्च | १६.१ | ५,३४४,३५१.०९ | ५,८७१,१६३.०२ |
| प्रशासनिक खर्च | १६.२ | ३,४३६,९४०.९२ | ३,७७६,९८०.५३ |
| सहकारी कार्यक्रम खर्च | १६.३ | २,३२१,२३६.१० | २,९७१,०९०.८८ |
| जम्मा प्रशासनिक खर्च | | ११,१०२,५२८.११ | १२,६१९,२३४.४३ |
| ह्रासकट्टी खर्च | १२ | ७७२,८३२.६४ | ९०३,८८७.१९ |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | | ४५०,२४७.९४ | ५४,१३८.७१ |
| **सम्भावित नोक्सानी व्यवस्था** | | | |
| कर्जा नोक्सानी व्यवस्था | १७ | ९८,९२२.९२ | (५१,८६६.११) |
| सन्चालन मुनाफा/(नोक्सान) | | ३५१,३२५.०२ | १०६,००४.८२ |
| गैर सञ्चालन आम्दानी | | - | - |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | | - | - |
| **नियमित कारोबारबाट भएको मुनाफा/(नोक्सान)** | | ३५१,३२५.०२ | १०६,००४.८२ |
| असामान्य कारोबारबाट भएको आम्दानी | | | |
| **सम्पूर्ण कारोबारपछिको खुद मुनाफा** | | ३५१,३२५.०२ | १०६,००४.८२ |
| कर्मचारी बोनस व्यवस्था | | ३५,१३२.५० | १०,६००.४८ |
| **आयकर गणना पूर्वको सञ्चालन बचत** | | ३१६,१९२.५२ | ९५,४०४.३४ |
| संस्थागत आयकर व्यबस्था | | ७९,२९०.२९ | - |
| गत बर्षको कर | | - | १६,५३३.३८ |
| डेफर्ड कर व्यवस्था | | (७७,३००.६७) | (४५,२९५.४०) |
| आयकर व्यबस्था पछिको सञ्चालन बचत | | **३१४,२०२.९०** | **१२४,१६६.३६** |

प्रमुख लेखा नीति तथा टिप्पणीहरु १८

हाम्रो आजकै मितिको प्रतिवेदनको आधारमा

अनुसुचि १ देखि १८ सम्म यस वित्तीय विवरणका अभिन्न अंगहरु हुन्।

सुशिल के.सी.
प्रमुख कार्यकारी अधिकृत

सुरेन्द्र बहादुर भण्डारी
कोषाध्यक्ष

यादब प्रसाद अधिकारी
लेखा संयोजक

बिष्णु प्रसाद पौडेल
सचिव

सुरेश के.सी.
उपाध्यक्ष

शिवलाल उपाध्याय
अध्यक्ष

नि. सि. एम. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
मनोज क्षेत्री एफ.सि.ए.
प्रोप्राईटर
मितिः २०८२।०५।११
ठेगानाः चन्द्रागिरि १५, काठमाण्डौं
UDIN: 250830CA013454EQDv

## श्री जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**पोखरा महानगरपालिका ११, रानिपौवा, कास्की**

**नगद प्रवाह विवरण**

२०८१ श्रावण ०१ देखि २०८२ आषाढ मसान्तसम्मको

| सि.नं. | बिबरण | २०८२ आषाढ मसान्तको | २०८१ आषाढ मसान्तको रु. |
|---|---|---|---|
| क. | **संचालन गतिविधिबाट भएको नगद प्रवाह** | | |
| | **करपछिको नाफा (नोक्सान)** | ३१४,२०२.९० | १२४,१६६.३६ |
| | **समायोजन** | | |
| | १. ह्रास कट्टी खर्च | ७७२,८३२.६४ | ९०३,८८७.१९ |
| | २. क्षयिकरण खर्च | - | - |
| | ३. बिभिन्न कोषको समायोजन | (५,०००.०२) | (३,५९८,६६७.५०) |
| | **(क) - १** | **१,०८२,०३५.५२** | **(२,५७०,६१३.९५)** |
| | **संचालन गतिविधिबाट भएको नगद प्रवाह** | | |
| | चालु सम्पत्तीमा तथा दायित्वमा भएको परिवर्तन | | |
| | १. निक्षेपमा भएको (वृद्धि) / कमी | ६२,५५३,१०२.७० | १३,८११,०७८.७० |
| | २. अन्य दायित्वमा भएको (कमी)/वृद्धि | (२०८,१३८.४५) | (१,६१८,१७०.२३) |
| | ३. भुक्तानी दायित्वमा भएको (कमी)/वृद्धि | - | - |
| | ४. कर्जा लगानीमा (वृद्धि) र कमी | (११,५३१,६५१.३४) | ४०,९१०,४१०.८६ |
| | ५. चालु सम्पत्तीमा भएको (वृद्धि) / कमी | ४,४५४,१६८.६७ | (३,१५०,९७३.८५) |
| | ६. अन्य सम्पत्तीमा भएको (वृद्धि) / कमी | (७७,३००.६७) | (४५,२९५.४०) |
| | **कुल कार्यशिल पुँजीबाट नगद प्रबाह (क) - २** | **५५,१९०,१८०.९०** | **४९,९०७,०५०.०८** |
| | **कुल संचालन पुँजीबाट नगद प्रबाह (क) को जम्मा रु.** | **५६,२७२,२१६.४२** | **४७,३३६,४३६.१३** |
| ख. | **लगानी गतिविधिबाट नगद प्रवाह** | | |
| | (-) स्थिर सम्पत्ति खरिद | (५,५९६,२५६.८४) | (४१,४९९.९९) |
| | (+) स्थिर सम्पत्तिको बिक्री | - | - |
| | (-) शेयर लगानी खरिद | - | - |
| | (-) अन्य लगानीमा वृद्धि | - | - |
| | **कुल लगानी गतिविधिबाट नगद प्रवाह (ख)** | **(५,५९६,२५६.८४)** | **(४१,४९९.९९)** |
| ग. | **वित्तिय गतिविधिबाटको नगद प्रवाह** | | |
| | शेयरमा भएको वृद्धि / (कमी) | (२५,५४३,९००.००) | (८,५४१,५००.००) |
| | बाह्य ऋणमा भएको वृद्धि / (कमी) | (२०,५३०,०७४.७८) | (४०,०४७,८३७.६०) |
| | **कुल वित्तिय गतिविधिबाटको नगद प्रवाह(ग)** | **(४६,०७३,९७४.७८)** | **(४८,५८९,३३७.६०)** |
| | यस वर्षमा भएको खुद नगद प्रवाह (क+ख+ग) | ४,६०१,९८४.८० | (१,२९४,४०१.४६) |
| | शूरुको नगद तथा बैंक मौज्दात | ३१,८९३,०७८.४२ | ३३,१८७,४७९.८८ |
| | **अन्तिम नगद तथा बैक मौज्दात** | **३६,४९५,०६३.२४** | **३१,८९३,०७८.४२** |

प्रमुख लेखा नीति तथा टिप्पणीहरु १८

अनुसुचि १ देखि १८ सम्म यस वित्तीय विवरणका अभिन्न अंगहरु हुन् ।

नि. सि. एम. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

सुशिल के.सी.
प्रमुख कार्यकारी अधिकृत

सुरेन्द्र बहादुर भण्डारी
कोषाध्यक्ष

यादब प्रसाद अधिकारी
लेखा संयोजक

मनोज क्षेत्री एफ.सि.ए.
प्रोप्राईटर

बिष्णु प्रसाद पौडेल
सचिव

सुरेश के.सी.
उपाध्यक्ष

शिवलाल उपाध्याय
अध्यक्ष

मिति: २०८२।०५।११
ठेगाना: चन्द्रागिरि १५, काठमाण्डौं
UDIN: 250830CA013454EQDv

**श्री जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पोखरा महानगरपालिका ११, रानिपौवा, कास्की**
**स्वामित्वमा भएको परिवर्तनको विवरण**
२०८१ श्रावण ०१ देखि २०८२ आषाढ मसान्तसम्मको

| विवरण | पुँजीकोष | साधारण जगेडा कोष | संरक्षित पूंजी कोष | सहकारी प्रवर्द्धन कोष | शेयर लाभांश कोष | सहकारी शिक्षा कोष | सहकारी विकास कोष | घाटा पुर्ति कोष | स्थिरीकरण कोष | सामुदायिक विकास कोष | अन्य जोखिम व्यवस्थापन कोष |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शुरुको मौज्दात | ८८,५६७,१००.०० | ८,०५१,१३१.४८ | ३२,५९३.६७ | ४६५.६२ | ४२,०४५.८३ | ३,००३.२७ | ३,००३.२७ | ३,००३.२७ | ३,००३.२७ | ३,००३.२७ | ३,००३.२७ |
| लेखा नीतिमा भएको परिवर्तनको असर | - | - | - | - | - | - | - | - | - | - | - |
| परिवर्तित मौज्दात | ८८,५६७,१००.०० | ८,०५१,१३१.४८ | ३२,५९३.६७ | ४६५.६२ | ४२,०४५.८३ | ३,००३.२७ | ३,००३.२७ | ३,००३.२७ | ३,००३.२७ | ३,००३.२७ | ३,००३.२७ |
| चुक्तापुँजि थप /(फिर्ता) | (२५,५४३,९००.००) | | | | | | | | | | |
| एकिकृत संस्थाबाट आएको थप | - | - | - | - | - | - | - | - | - | - | - |
| कोषबाट भएको भुक्तानी तथा खर्च | - | | - | - | - | - | (२,०००.००) | - | - | (३,०००.००) | |
| बिभिन्न कोषको समायोजन | - | ८७,६५९.१५ | (३२,५९३.६७) | - | (४२,०४५.८३) | (३,००३.२७) | (१,००३.२७) | (३,००३.२७) | (३,००३.२७) | (३.२७) | (३,००३.२७) |
| यस आ.ब. को खुद नाफा बाँडफाँड | - | ७८,५५०.७२ | ८२,४७८.२६ | १,१७८.२६ | १०६,३९६.९६ | ७,५९९.७८ | ७,५९९.७८ | ७,५९९.७८ | ७,५९९.७८ | ७,५९९.७८ | ७,५९९.७८ |
| अन्तिम मौज्दात | ६३,०२३,२००.०० | ८,२१७,३४१.३५ | ८२,४७८.२६ | १,६४३.८८ | १०६,३९६.९६ | ७,५९९.७८ | ७,५९९.७८ | ७,५९९.७८ | ७,५९९.७८ | ७,५९९.७८ | ७,५९९.७८ |

# श्री जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## शेयर पूँजी तथा स्वामित्व
## २०८२ आषाढ मसान्तको

अनुसुचि - १

| सि.नं. | बिबरण | २०८२ आषाढ मसान्तको | २०८१ आषाढ मसान्तको रु. |
|---|---|---|---|
| १ | **अधिकृत पूँजी** | | |
| | १५,००,००० कित्ता प्रति शेयर रु १०० दरले | १५०,०००,०००.०० | १५०,०००,०००.०० |
| २ | **चुक्ता पँूजी** | | |
| | ६,३०,२३२ कित्ता प्रति शेयर रु १०० दरले | ६३,०२३,२००.०० | ८८,५६७,१००.०० |
| | गत बर्ष ८,८५,६७१ कित्ता प्रति शेयर रु १०० दरले | - | - |
| | जम्मा रु. | **६३,०२३,२००.००** | **८८,५६७,१००.००** |

## जगेडा कोष तथा अन्य विविध कोष
## २०८२ आषाढ मसान्तको

अनुसुचि - २

| सि.न. | विवरण | २०८२ आषाढ मसान्तको | २०८१ आषाढ मसान्तको रु. |
|---|---|---|---|
| १ | संचित नोक्सान | - | - |
| २ | साधारण जगेडा कोष | ८,२१७,३४१.३५ | ८,०५१,१३१.४८ |
| | **अन्य कोष** | **२३६,११७.८०** | **९३,१२४.७७** |
| ३ | संरक्षित पूंजी कोष | ८२,४७८.२६ | ३२,५९३.६७ |
| ४ | सहकारी प्रवर्द्धन कोष | १,६४३.८८ | ४६५.६२ |
| ५ | शेयर लाभांश कोष | १०६,३९६.९६ | ४२,०४५.८३ |
| ६ | सहकारी शिक्षा कोष | ७,५९९.७८ | ३,००३.२७ |
| ७ | सहकारी विकास कोष | ७,५९९.७८ | ३,००३.२७ |
| ८ | घाटा पुर्ति कोष | ७,५९९.७८ | ३,००३.२७ |
| ९ | स्थिरीकरण कोष | ७,५९९.७८ | ३,००३.२७ |
| १० | सामुदायिक विकास कोष | ७,५९९.७८ | ३,००३.२७ |
| ११ | अन्य जोखिम ब्यवस्थापन कोष | ७,५९९.७८ | ३,००३.२७ |
| | **जम्मा** | **८,४५३,४५९.१४** | **८,१४४,२५६.२५** |

# श्री जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## बचत तथा निक्षेपहरु

### २०८२ आषाढ मसान्तको

अनुसूची - ३

